# रगनी चण्डेश्वरी

## स्मारिका २०८१

**RAGANI CHANDESHWORI PERIODICAL 2081**

रगनी चण्डेश्वरी क्याम्पस

**RAGANI CHANDESHWORI CAMPUS**

# रगनी चण्डेश्वरी
## स्मारिका २०८१

**प्रधान सम्पादक**
चित्रकुमार पौडेल

**सम्पादक**
शिव बहादुर खड्का
जीवन नेपाल
कृष्ण बहादुर बिष्ट

**भाषा सम्पादक**
केपी भट्टराई

**रगनी चण्डेश्वरी क्याम्पस**
**RAGANI CHANDESHWORI CAMPUS**

| | | |
|---|---|---|
| कृति | : | **रगनी चण्डेश्वरी स्मारिका २०८१** |
| प्रकाशक | : | रगनी चण्डेश्वरी क्याम्पस |
| सर्वाधिकार | : | प्रकाशक |
| प्रकाशन वर्ष | : | विसं. २०८१ |
| मुद्रण | : | ५०० प्रति |
| कम्प्युटर लेआउट | : | केशव भट्टराई |
| मुद्रक | : | हिमाल एकेडेमी, ललितपुर |
| सम्पर्क ठेगाना | : | खिजीदेम्बा–२, रगनी, ओखलढुङ्गा |
| फोन | : | ९७४५३९२३२१ |
| इमेल | : | raganichandeshworicampus2070@gmail.com |
| वेबसाइट | : | https://raganichandeshworicampus.edu.np/ |

# मेरो भनाइ

कोशी प्रदेश ओखलढुङ्गा जिल्ला खिजीदेम्बा गा.पा. वडा नं. २ रगनीमा स्थापित रगनी चण्डेश्वरी क्याम्पसले क्याम्पसको सर्वपक्षीय सूचना सम्प्रेषण गराउने उद्देश्यका लागि सन्दर्भ सामग्रीका रूपमा स्मारिका प्रकाशन गर्न लागेकामा खुसी लागेको छ। स्थापना कालदेखि श्री चण्डेश्वरी मावि. रगनीको भौतिक संरचनामा क्याम्पसको पठनपाठन प्रशासनलगायत क्याम्पसका अन्य गतिविधिहरु सञ्चालन भए पनि आज क्याम्पसले आफ्नै स्वामित्वको भवन, जग्गा प्राप्त गर्नुले क्याम्पस दरिलो बन्दै गएको मैले महसुस गरेको छु। जसका लागि अहोरात्र खट्नु हुने सबै व्यक्तित्वप्रति क्याम्पस सञ्चालक समितिको अध्यक्षको हैसियतले हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस क्याम्पसलाई उच्च शिक्षाको धरोहर बनाउन निरन्तर प्रयासरत क्याम्पस सञ्चालक समितिका सम्पूर्ण सदस्य क्याम्पसमा पठनपाठनका लागि सक्रिय भूमिका निर्वाह गर्नुहुने उपप्राध्यापक, क्याम्पस प्रमुख, सरोकारवाला सम्पूर्ण अभिभावक, शुभेच्छुक तथा क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्ने असल व्यक्तित्वहरुका लागि समेत चासो र जिज्ञासाहरुलाई केही हदसम्म चिर्नका लागि समेत यो जानकारीमूलक सामग्री आवश्यक थियो। विभिन्न कारणहरुले क्याम्पसका विषयवस्तुहरु सरोकारवालासम्म पुऱ्याउन कठिन भइरहेको अवस्थामा सबैको पहुँचमा क्याम्पसका विविध विषयवस्तुको यथाशक्य जानकारी दिन यस स्मारिकामा समावेश गरिएका सामग्रीहरुले महत्त्वपूर्ण स्थान पाउनेमा म आशावादी छु।

स्मारिकामा आबद्ध गरिएका सत्यतथ्य विषयले क्याम्पसको संक्षिप्त इतिहास, क्याम्पस सञ्चालनको दौडानमा झेल्नुपरेका समस्या, विचार र संघर्ष, राजनैतिक नेतृत्व जसले विगत र वर्तमानलाई भविष्यका पिँढीसम्म क्याम्पसप्रति सकारात्मक सोचका साथ घचेडिन बाध्य बनाउने मेरो बुझाइ छ। क्याम्पसले शैक्षिक, सामाजिक, नैतिक परिवर्तनका लागि खेलेको भूमिका विगतदेखि वर्तमानसम्म अविस्मरणीय रहेको छ। उक्त परिवर्तित यात्राले समाजको मात्र नभएर देश विकासमा अहंभूमिका खेल्नेमा म विश्वस्त छु। आगामी दिनहरुमा यस क्याम्पसलाई थप मजबुत बनाउँदै देशको एक नमुना क्याम्पसका रूपमा स्थापित गर्न सबैले आ–आफ्नो क्षेत्रबाट पहल गर्नु आवश्यक छ जसले क्याम्पसको चौतर्फी विकासमा सहयोग पुग्दछ।

अन्त्यमा, यस क्याम्पसलाई अग्रणी उच्च शिक्षाको आधार बनाउन निरन्तर सक्रिय भूमिका निर्वाह गर्नुहुने क्याम्पस प्रमुख श्री चित्रकुमार पौडेललगायत क्याम्पसका सम्पूर्ण उप–प्राध्यापकहरुसहित यो स्मारिका प्रकाशनमा सहयोग गर्नुहुने सबै सबैमा हृदयदेखि क्याम्पसको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक धन्यवाद प्रकट गर्दछु।

**लालप्रसाद नेपाल**
अध्यक्ष
क्याम्पस सञ्चालक समिति

# रगनी चण्डेश्वरी क्याम्पसको स्थापना दशकको यात्रा

# आभार तथा कृतज्ञता

२०७० सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन (स्वीकृति) लिई शिक्षाशास्त्र संकायतर्फ बीएड कक्षा सञ्चालन गर्न सुरु गरेको ओखलढुङ्गा जिल्लाको पश्चिम–उत्तर भेक, खिजीदेम्बा गाउँपालिका वडा नं.२ मा स्थित रगनी चण्डेश्वरी क्याम्पस, रगनी ओखलढुङ्गाले आफ्नो स्थापनाको १० वर्ष (एक दशक) को यात्रा पूरा गरेलगत्तै क्याम्पसको स्मारिका प्रकाशन गरेको यो महत्त्वपूर्ण कार्यका लागि सिंगो क्याम्पस परिवारलगायत यस कार्यमा संलग्न सम्पूर्णमा हार्दिक आभार तथा बधाई व्यक्त गर्न चाहन्छु ।

तत्कालीन समयमा ओखलढुङ्गा जिल्लाको साबिक ६ नं. इलाकाका रगनी, खिजीचण्डेश्वरी, खिजीफलाटे, खिजीकाती, रावादोलु, भुसिङ्गा गाउँ विकास समिति र आसपासका क्षेत्रहरूलगायत रामेछाप जिल्लाका प्रीति, भुजी, दुरागाउँ तथा सैपू गाउँ विकास समितिसमेतको भू–भागका लागि पायक पर्ने गरी एउटा क्याम्पस नहुँदा यस भेकका कक्षा १२ उत्तीर्ण भई बीएड अर्थात् स्नातक तह अध्ययन गर्न चाहने विद्यार्थीहरूले काठमाडौं वा अन्यत्र कतै टाढाटाढा जानुपर्ने हुन्थ्यो भने त्यसरी टाढाटाढा गएर पढ्न अनुकूल अवस्था नहुनेहरूले कक्षा १२ उत्तीर्ण गरेपश्चात उच्च शिक्षा पढ्ने चाहना हुँदाहुँदै बीचैमा पढाइ छोड्नुपर्ने अवस्था थियो ।

यस कुरालाई मध्यनजर गरी उक्त क्षेत्रका विद्यार्थीहरूलाई क्याम्पस पढ्ने सहजता दिलाउने उद्देश्य राखेर श्री चण्डेश्वरी मावि रगनी, साबिक नाम श्री चण्डेश्वरी उच्च मावि, रगनीले साबिक रगनी गाउँ विकास समिति र आसपासका शिक्षाप्रेमी, विकासप्रेमी बुद्धिजीवी महानुभावहरूको राय, सल्लाह तथा समर्थन लिई रगनीमा नै शिक्षाशास्त्र संकायको क्याम्पस स्थापना गर्ने पहल गऱ्यो र करिब दुई वर्षजतिको निरन्तर प्रयासबाट २०७० सालमा त्रिविबाट क्याम्पस स्थापना र सञ्चालनको सम्बन्धन (स्वीकृति) लिई बीएड कक्षा सञ्चालन गर्न सुरु गऱ्यो ।

यसरी क्याम्पस स्थापना गर्ने र सञ्चालन गर्ने कार्य हाम्रो जस्तो ग्रामीण पहाडि इलाकाका लागि सहज थिएन । तर पनि यस भेकका लागि रगनीमा एउटा क्याम्पस स्थापना गरेर यहाँका विद्यार्थीहरूलाई ब्याचलर तहको अध्ययन गर्ने अवसर दिलाउनुपर्छ र यो यही समयमा गर्नुपर्छ भन्ने साझा सोच राखी सबैको सामूहिक प्रयासले क्याम्पस स्थापना गर्न सकिएको थियो ।

निश्चय नै यो सफलता प्राप्त हुनुमा हाम्रा अघिल्ला पुस्ताले यस भेकमा खासगरी हाम्रै गाउँ रगनीमा गरेको शिक्षा क्षेत्रको विकासले दिएको प्रेरणा र गाउँ समाजले दिएको साथ समर्थन नै प्रमुख थियो ।

हाल यस क्याम्पसले विभिन्न आरोह र अवरोह पार गर्दै विगत दस वर्षदेखि निरन्तर रूपमा बीएड कक्षा अध्यापन गराई विशेषतः यस ग्रामीण भेकका विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययन गर्ने अवसर प्रदान गरीरहेको छ । यो खुसी हामी सबैलाई छ र यसले हाम्रो गौरव बढाएको छ ।

हाम्रा विभिन्न अग्रजहरूको योगदानले रगनीमा शिक्षा क्षेत्रको विकासमा खेलेको महत्त्वपूर्ण भूमिकाले शिक्षा प्राप्त गर्ने थलोका रूपमा यो ठाउँले आफ्नो पहिचान कायम राखिरहँदा ओखढुङ्गा जिल्लाको एक दुर्गम भेक रगनीमा भएको यो क्याम्पस स्थापना र हाल यस क्याम्पसले गरेका प्रगतिका विभिन्न गतिविधिहरूले शिक्षा क्षेत्रको स्तरलाई र यहाँको गरिमालाई अझ माथि पुऱ्याएको छ।

यसका लागि यस क्याम्पसको स्थापनामा आ–आफ्ना तर्फबाट साथसहयोग गर्नुहुने शिक्षाप्रेमी, बुद्धिजीवी, राजनैतिक तथा सामाजिक व्यक्तित्वहरू र क्याम्पस स्थापनाको समयमा र त्यसपछि यसको सञ्चालनमा आवश्यक आर्थिक, भौतिक सहयोग पूर्ण रूपले प्रदान गरिरहेको श्री चण्डेश्वरी माध्यमिक विद्यालय परिवार र यस क्याम्पसलाई आर्थिक तथा भौतिक रूपले समेत स्वावलम्बनको मार्गमा अगाडि बढाउँदै आजका दिनसम्म सफताका साथ यो अवस्थासम्म ल्याइपुऱ्याउनु हुने क्याम्पस व्यवस्थापन समिति, क्याम्पस प्रमुख, प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावकलगायत सम्पूर्णको महत्त्वपूर्ण योगदान र जिम्मेवारपूर्ण कार्य स्मरणीय, सराहनीय, प्रशंसनीय छ !

आगामी दिनमा पनि यस क्याम्पसको चौतर्फी विकासमा सबैको साथ सहयोग यसरी नै निरन्तर रहिरहोस्, यस क्याम्पसले आगामी दिनहरूमा दीर्घकालीन सोच र कार्य योजनाका साथ अगाडि बढ्दै शैक्षिक, आर्थिक, भौतिकलगायत हरेक क्षेत्रमा सबल बन्दै अब्बल जनशक्ति उत्पादनमा उल्लेख्य उदाहरणीय प्रगति गर्न सकोस्।

यस क्याम्पसको निरन्तर सुधार र विकासका लागि एकताका साथ हामी प्रतिबद्ध रहन सकौं, यस क्याम्पसको उत्तरोत्तर प्रगति तथा उज्ज्वल भविष्यको हार्दिक शुभकामना।

**वेदबहादुर रोका**
पूर्व प्रअ, श्री चण्डेश्वरी उच्च मावि, रगनी
तथा
संस्थापक, क्याम्पस व्यवस्थापन सदस्य
एवं
पूर्वनिमित्त क्याम्पस प्रमुख, रगनी चण्डेश्वरी क्याम्पस
तथा
पूर्वगाउँपालिका अध्यक्ष, खिजीदेम्बा गाउँपालिका, ओखलढुङ्गा

# विषय सूचि


| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| **नेपाली खण्ड** | | |
| शिक्षामा खिजीदेम्बा | गम्बु शेर्पा | १ |
| रगनी चण्डेश्वरी क्याम्पस स्थापनादेखि हालसम्मको अवस्था विश्लेषण | मेघराज घिमिरे | ३ |
| रगनी चण्डेश्वरी क्याम्पस: विगत र वर्तमान | चित्रकुमार पौडेल | ९ |
| रगनीमा शिक्षाको विकास | सुन्दर शर्मा | १२ |
| गुणस्तरीय शिक्षा आजको आवश्यकता | शिवबहादुर खड्का | १९ |
| नेपाली विषय शिक्षणमा मेरो अनुभव | जीवन नेपाल | २१ |
| संघीयतामा शिक्षा–हिजो र आज | रुद्रशंकर घिमिरे | २२ |
| मेरो ज्ञानभूमि रगनी विद्यालय | लोकप्रिय सुनुवार | २४ |
| विद्यालय शिक्षा सुधार–ओखलढुङ्गा जिल्लाका अविस्मरणीय पदचापहरू | डा.लोकबहादुर लोप्चन | २८ |
| शिक्षामा सुधार | ज्ञानप्रसाद भट्टराई | ३४ |
| अन्तरमनको कथा | मञ्जु पौडेल | ३६ |
| स्वर्गबाट पुत्रलाई पिताको चिठी | चित्रकुमार पौडेल | ३७ |
| गोठालो | कमलादेवी भट्टराई | ३८ |
| के जमना आयो | सुरेन्द्रबहादुर साउद | ४० |
| म शिक्षक | सन्तबहादुर मगर | ४१ |
| गजल | साधना पौडेल | ४१ |

| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| देम्बा डाँडाको सेरोफेरो | नेत्रादेवी दाहाल (घिमिरे) | ४२ |
| रहर त सहरको छ | उमाकान्त जोशी | ४३ |
| बाबा–आमा | सरस्वती पौडेल | ४४ |
| रगनी चण्डेश्वरी क्याम्पसको  वार्षिक प्रगति प्रतिवेदन २०८०/८१ | | ४५ |
| **English Section** | | |
| English Literature in the Modern Generation: Evolution, Trends and Impact | Krishna Bahadur Bista | ६३ |
| The Role of First Language in Second Language Learning | Yubaraj Shrestha | ६६ |
| Role of Inter-Language in Second Language Learning | Dilli Prasad Ghimire | ७० |
| How Children Learn Mathematics | Badan Katuwal | ७२ |
| रगनी चण्डेश्वरी क्याम्पसका तस्बिर झलकहरू | | ७८ |

# नेपाली खण्ड

# शिक्षामा खिजीदेम्बा

**गम्बु शेर्पा**
अध्यक्ष
खिजीदेम्बा गाउँपालिका

खिजीदेम्बा गाउँपालिका भौगोलिक हिसाबले ओखलढुङ्गा जिल्लाकै सबैभन्दा ठूलो स्थानीय तह हो । स्थानीय तहको निर्वाचन सम्पन्न भई यहाँसम्म आइपुग्दा दोस्रो कार्यकालका कतिपय निर्णय तथा विषयहरू पेचिलो बन्दै गइरहेको छ। विशेषगरी शिक्षा क्षेत्रको आमूल परिवर्तनको खाकासहित गाउँ शिक्षा ऐन २०७५ लाई संशोधन गरी लागू गर्ने क्रममा देखिएका समस्या र चुनौतीका विषयहरू हुन् । संविधानले प्राप्त अधिकारहरूलाई प्रयोग गर्दै माध्यमिक तहसम्मको शिक्षालाई व्यावहारिक, व्यावसायिक र स्वरोजगार मूलक बनाउँदै विद्यालय शिक्षामा व्यापक रूपान्तरण गर्ने, गुणस्तर कायम गर्ने र सेवासुविधालाई पर्याप्त हुनेगरी ऐन संशोधन गरी क्रमशः लागू हुने क्रममा छ । यसबीचमा विभिन्न खाले अवरोध, अफबाह, भ्रमहरूसमेत फैलाइए र वातावरणलाई धुमिल बनाउने प्रयत्नसमेत भए । यसका बाबजुत पनि गाउँ शिक्षा समितिले शिक्षालाई विकासको पहिलो आधारका रूपमा स्थापित गर्दै उज्ज्वल बाल भविष्य र पालिकाको स्वर्णिम भविष्यका लागि केही न केही नवीनतम कदमहरू चाल्नु नै पर्ने थियो ।

गाउँ शिक्षा ऐनलाई संशोधन गर्दै अन्तरविद्यालय शिक्षक सरुवा तथा पदस्थापन, विद्यालय कर्मचारी र बालविकास सहजकर्ताको सेवा वृद्धि, शैक्षिक गुणस्तरबापत दिइँदै आएको अनुदान दरबन्दी र विद्यार्थी संख्याका आधारमा वितरण गर्ने, प्रधानाध्यापकहरूको बैठकबाट प्राप्त सुझावहरूलाई ध्यानमा राखी शैक्षिक उन्नयनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन, सबै विद्यालयमा मातृभाषा पठनपाठनका लागि ऐन निर्माणलगायत कार्य भए ।

त्यस्तै, 'एक वडा एक नमुना विद्यालय' को अभियान थालनी, वडा शिक्षा समिति पुनः गठन गर्दै म्याद सकिएका व्यवस्थापन समितिहरू पुनः गठन, शैक्षिक गुणस्तर अनुदानसम्बन्धी कार्यविधि संशोधन गरी साबिकको अनुदानबाट थप अनुदान दिने नीतिगत व्यवस्था, रिड नेपाल र रेस्क्यु नेपालसँगको सहकार्यमा विभिन्न विद्यालयमा भौतिक पूर्वाधार जस्तै– शौचालय, खानेपानीको धारा, थप कक्षाकोठा, बालकक्षा स्थापना गरिएको छ ।

यसैबीच, सीबीआरको सहकार्यमा अपाङ्गमैत्री बालकक्षाका साथै विभिन्न विद्यालयमा शैक्षिक सामग्री प्रदान गर्नुका साथै खिजीदेम्बा–५ को फूलमती मावि र खिजीदेम्बा–७ को हिमगङ्गा माविमा एसियाली विकास बैंकको सहयोगमा भवन निर्माण सम्पन्न भई कक्षा सञ्चालन भएको छ । प्रधानाध्यापकहरूलाई बैठकमा सहभागी भएबापत् यातायात खर्चबापत् बजेट व्यवस्थापन गर्ने र प्रधानाध्यापकहरूको बैठक वडागत रूपमा आयोजना गर्ने निर्णयलाई समेत उपलब्धिका रूपमा लिन सकिन्छ । विद्यार्थी टिकाउ दर र विद्यालयप्रति आकर्षण बढाउन विभिन्न संघसंस्था तथा व्यक्तिहरूको समन्वयमा न्यानो कपडा, शैक्षिक सामग्री, स्टेसनरी वितरणलाई समेत तीव्रता दिइएको छ । यसबाट विपन्न परिवारलाई थोरै मात्र भए पनि राहत मिल्ने विश्वास लिइएको छ भने अर्कोतर्फ कोशी प्रदेशमै गाउँपालिकाले अपनत्व लिई दिवा खाजा कार्यक्रम कक्षा १० सम्म लागू गराउन खिजीदेम्बा सफल भएको छ । कल्स ओभर रिजेज नेपाल संस्थाको परियोजनाअन्तर्गत गाउँपालिकाको वडा नं. १ स्थित नर्मदेश्वर माविबाट २०८० माघदेखि बालकक्षादेखि कक्षा १० सम्मको बालबालिकालाई पोषणयुक्त दिवा खाजा कार्यक्रम नमुनाका रुपमा सुरुवात गरी

आगामी शैक्षिक सत्रदेखि गाउँपालिकाका अन्य सम्पूर्ण माध्यमिक तह सञ्चालित विद्यालयहरूमा समेत प्रभावकारी रूपमा लागू गर्ने योजना रहेको छ । यसबाट गुणस्तरीय शिक्षा हासिल गर्न र शैक्षणिक उपलब्धि हासिल गर्नमा ठूलो मद्दत पुग्ने नै छ । दिवा खाजाअन्तर्गत कक्षा ५ सम्म संघीय सरकारबाट नियमित रूपमा १५ रुपैयाँ प्राप्त हुँदै आएकामा सो भन्दा माथिका विद्यार्थीहरूका लागि गाउँपालिका र अभिभावकका तर्फबाट ५–५ रुपैयाँ र परियोजनाले २० रुपैयाँ गरी दैनिक ३० रुपैयाँ बराबरको खाजा खुवाउन पाउनुलाई उपलब्धिका रूपमा लिन सकिन्छ । यसरी हरेक क्षेत्रबाट शिक्षामा सुधार गर्दै रूपान्तरण र सम्मुनत समाज निर्माणमा गाउँपालिकाले अगुवाइ गरिरहेको छ । यसमा कुनै राजनैतिक दल, अमूक विचार, व्यक्तिगत स्वार्थभन्दा पनि माथि उठेर पेसागत मर्यादा, समाजवादी चरित्रका साथ समग्र गाउँपालिकालाई नै शैक्षिक केन्द्रका रूपमा विकास गर्न हामी सबैको सकारात्मक योगदानको जरुरी छ ।

गाउँपालिकाभित्र रहेका सबै प्रकारका गरी ३७ वटा विद्यालयमा हाल करिब २ हजार ५ सय ९७ जना विद्यार्थीहरू अध्ययनरत छन् । त्यस्तै, उनीहरूलाई सही मार्गनिर्देशन गर्न विभिन्न तहका शिक्षकहरूले अहंभूमिका खेलिरहनुभएको छ । यसलाई अझ प्रभावकारी र समय सापेक्ष बनाउन पालिकाले नीतिगत तथा कानुनी विषयहरूलाई पुनरावलोकन गर्दै जाने नै छ ।

## चण्डेश्वरी सामुदायिक क्याम्पस

विद्यालय तहको शिक्षा सकिएसँगै कैयौं विद्यार्थीहरू उच्च शिक्षाका लागि विभिन्न सुविधा सम्पन्न सहर तथा अन्य ठाउँमा धाउनुपर्ने अवस्थाका बाबजुद चण्डेश्वरी क्याम्पस स्थापना गरेर त्यस्ता रुचिकर विद्यार्थीहरूका लागि गाउँमै उच्च शिक्षा हासिल गर्ने अवसर प्राप्त भएको छ । विद्यालयमा अध्ययपन गराउनुहुने गुरुहरूबाट समय मिलाएर गाउँमै उच्च शिक्षा हासिल गर्न पाउन भन्ने पवित्र उद्देश्यले स्थापना भएको चण्डेश्वरी क्याम्पसको भौतिक, आर्थिक, मानव संसाधनको क्षेत्रमा स्थानीय सरकारबाट आवश्यक समन्वय, सहकार्य र सहयोगले दिगो रूपमा सञ्चालन गर्ने अवधारणको विकास गर्नु जरुरी छ । स्थानीय तहको अधिकार क्षेत्रभित्र नपरे तापनि स्थानीय सरकार भएको नाताले क्याम्पसमा विभिन्न सेवा, सुविधा उपलब्ध गराउनुपर्ने नै हुन्छ । विद्वान् प्राध्यापकहरूसँग परामर्श गर्दै शिक्षक अनुदानमा साझेदारी गर्दै थप विषयहरू पठनपाठन गर्न सकेमा क्याम्पस स्थापनाको औचित्य अझ पुष्टि हुँदै जानेमा दुईमत छैन ।

गाउँपालिकाभित्र भएको एउटा मात्रै क्याम्पस भएका नाताले पनि यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्दै उच्च शिक्षा हासिल गर्न सेवा क्षेत्रका विद्यार्थीहरू बाहिरिन नपरोस् भन्ने चाहना सबैको हुन्छ । स्थानीय अभिभावक, बुद्धिजीवी, दलीय संयन्त्रसमेतले क्याम्पसलाई सुव्यवस्थित गर्दै विषयगत शिक्षकको व्यवस्थापन र कम शुल्कमा उच्च शिक्षा हासिल गर्न सक्ने वातावरण निर्माणतर्फ लाग्नुपर्ने हुन्छ । गाउँकै आँटोढिँडो खाएर 'डिग्री' हासिल गर्न पाउने सौभाग्य हिजो हाम्रो पुस्ताले पाएन तर अब ती दिनहरू इतिहास भए । शैक्षिक क्षेत्रको अग्रणी संस्था भएको नाताले पनि क्याम्पसले शैक्षिक उन्नयनका लागि प्रगतिशील तवरले कदम अघि बढाउनुपर्छ । विकासको पहिला आधार शिक्षा र समृद्धका लागि दक्ष शिक्षित जनशक्ति निर्माण गर्ने जिम्मेवारी क्याम्पसको काँधमा छ । यस सन्दर्भमा क्याम्पसले स्मारिका प्रकाशन गरी संस्थाको इतिहास, प्रज्ञिक गतिविधिसहित दस्तावेज तयार पार्नु सराहनीय कार्य हो । स्मारिकामा समेटिने समग्र गाउँपालिकाको शैक्षिक पाश्र्वचित्र, क्याम्पसको गतिविधि, भावी योजनासहित अभिलेखीकरणले खिजीदेम्बाको शैक्षिक अवस्थाका बारेमा बुझ्न चाहने, शोधार्थी, शिक्षक तथा जिज्ञासुहरूका लागि एक महत्त्वपूर्ण दस्तावेज बन्ने विश्वास लिइएको छ ।

# रगनी चण्डेश्वरी क्याम्पस स्थापनादेखि हालसम्मको अवस्था विश्लेषण

**मेघराज घिमिरे**
संस्थापक क्याम्पस सञ्चालक समिति सदस्य

## परिचय

ओखलढुङ्गा जिल्लाको सदरमुकामबाट १७ कोष टाढा उत्तर–पश्चिममा रहेको अति विकट एवं दुर्गममा पर्ने साबिकको रगनी गाविस. वडा नं ६ हाल खिजीदेम्बा गापा वडा नं. २ रगनी, पोल्थलीमा श्री चण्डेश्वरी मावि रगनी सबैभन्दा पुरानो एवं नेतृत्वदायी मावि रहेको र सोही चण्डेश्वरी मावि रगनीको पहलबाट रगनी चण्डेश्वरी क्याम्पसको जन्म भएको हो । गापाभित्रको एक मात्र क्याम्पस रगनी चण्डेश्वरी क्याम्पस हो । यस क्याम्पसमा शिक्षाशास्त्र संकायअन्तर्गतका विषयहरू अध्ययन अध्यापन हुने गर्छ । यस क्याम्पसको स्थापना २०७० सालमा भएको हो । रगनी चण्डेश्वरी क्याम्पस खिजीदेम्बा गापाभित्रको एउटा उच्च शिक्षा सरल र सहज एवं सुलभ ढंगबाट गरिब एवं निम्नवर्गका विद्यार्थीहरूले अध्ययन गर्न पाउने क्याम्पस हो । खिजीदेम्बा गापाभित्रको एउटा विकासको ठूलो सूचकको रूपमा रहेको रगनी चण्डेश्वरी क्याम्पस शिक्षा क्षेत्रको ज्योति हो ।

## क्याम्पसको इतिहास

साबिकको रगनी गाविस वडा नं ४ मा मुखेली परिवारमा जन्मिएका स्व. चन्द्रबहादुर सुनुवारले ओखलढुङ्गाको भागमा परेका २ वटा महत्त्वपूर्ण सरकारी कार्यालय लोकसेवा आयोगको कार्यालय र क्याम्पसमध्ये १ मात्र रोज्दा कुन रोज्नेभन्दा क्याम्पस भन्न नजानेर कम्पास भनेको भन्ने हाम्रा अग्रजहरू जीवितै हुनुहुन्छ । चन्द्रबहादुर सुनुवार आफू अनपढ भए पनि अरूलाई शिक्षित बनाउन चाहन्थे । शिक्षित भएपछि आयोग भिड्न त जहाँ पनि जान सकिन्छ भन्ने उनको बुझाइ इतिहासले देखाउँछ । पूर्वाञ्चलकै धनी विद्यालय श्री चण्डेश्वरी मावि बनाउने कार्यमा पनि स्व. चन्द्रबहादुरकै ठूलो देन रहेको थियो । अरू सबै पञ्चले अचल सम्पत्ति आफ्नो नाममा पार्न अनेक जाल बुन्थे भन्ने सुनिन्थ्यो तर चन्द्रबहादुर सुनुवारले विभिन्न कारणबस विवादित रहेका जमिनहरू सबै विद्यालयको नाममा दर्ता गरी ठूलो उपलब्धिमूलक कार्य गरेको इतिहास हामीसामु छर्लङ्ग छ । रगनी चण्डेश्वरी क्याम्पस २०७० सालमा स्थापना भएको भए तापनि क्याम्पस सञ्चालन गर्नका लागि २०५८ सालदेखि नै पहल भएको थिपयो । पटक–पटक पहल गर्दा पनि क्याम्पस स्वीकृत हुन सकेन । कति पटक पेन्डिङ भएर बसेको निवेदनलाई अगाडि बढाउन अन्य ब्यक्तिहरुबाट समय सान्दर्भिक ढंगबाट अत्यन्त गहनतापूर्वक पहल भएपछि यो क्याम्पस स्थापना गर्न सम्भव भएको थियो ।

## शैक्षिक अवस्था

रगनी चण्डेश्वरी क्याम्पसमा शिक्षाशास्त्र संकायअन्तर्गतका विषयको पढाइ हुँदै आएको छ । यस क्याम्पसमा खिजीदेम्बा गापाभित्रका विद्यार्थीहरू अध्ययनरत छन् । केही मात्रामा सोलु र रामेछाप जिल्लाका पनि रहेका छन् । क्याम्पसमा सबै प्राध्यापकहरू विषयविज्ञ रहेका छन् । शिक्षाशास्त्र संकायतर्फको ४ वर्षे कोर्स पढाइ नियमित हुँदै आएको छ । क्याम्पस स्थापनाकालदेखि नै रगनी चण्डेश्वरी क्याम्पसमा गुणस्तरीय शैक्षिक कार्य सञ्चालन भइरहेका छन् । प्राध्यापकहरूले

अत्यन्तै मिहिनेतका साथ शिक्षण गर्नुभएको छ । भौगोलिक विकटता, मौसमको प्रतिकूलताका बाबजुद पनि अत्यन्त मिहिनेत र परिश्रमका साथ पढाइ सञ्चालन गरी क्याम्पसमा गुणस्तर अभिवृद्धि गर्ने सबै प्राध्यापकहरू लागिपर्नुभएको छ । हाल यस क्याम्पसमा प्रथम, दोस्रो, तेस्रो र चौथो वर्षमा गरी २ सय १० विद्यार्थीहरू अध्ययनरत छन् । सबै विद्यार्थीहरू राम्रो अंक ल्याएर उत्तीर्ण भएका छन् । नेपाली, अंग्रेजी, जनसंख्या, गणितलगायतका विषयहरू यस क्याम्पसमा पढाइ हुन्छ । पढ्ने वातावरण एकदमै राम्रो रहेको छ । हालसम्म यस क्याम्पसबाट ८ वटा ब्याज उत्तीर्ण भएका छन् । केही मात्रमा शैक्षिक सुधार गर्न हामी सबै लाग्नुपर्नेछ ।

## आर्थिक तथा भौतिक अवस्था

रगनी चण्डेश्वरी क्याम्पसमा हाल ६ कोठे पक्की भवन र एउटा ५ कोठाको अपाङ्गमैत्री पक्की शौचालय रहेको छ । उक्त क्याम्पसको पक्की भवन विश्वविद्यालय अनुदान आयोगबाट २ पटक गरी ५०–५० लाख रकमको लागतमा बनेको हो भने शौचालय गैरसरकारी संस्था रेस्क्यु नेपालको १५ लाखभन्दा बढी आर्थिक तथा प्राविधिक सहयोगमा बनेको हो । आगामी दिनमा पुनः भवन बनाउनका लागि प्रस्ताव पेस भइरहेको छ । क्याम्पसमा Equity Grant को योजना पनि सञ्चालनमा रहेको छ । भविष्यका लागि भनेर क्याम्पसको खातामा पनि केही रकम जगेडाका रूपमा रहेको छ । खिजीदेम्बा गापाबाट पनि केही समयसम्म प्रत्येक वर्ष १० लाखका दरले शैक्षिक गुणस्तर अभिवृद्धि तथा भौतिक व्यवस्थापन अनुदानका रूपमा प्राप्त भएको थियो । तर सो अनुदानको रकम आर्थिक अभावका कारण प्राप्त हुन सकेन । यसले गर्दा क्याम्पसमा आर्थिक भार बढ्न गएको छ । आगामी दिनमा यस अगाडि क्याम्पसलाई सहयोग गर्ने सबै अगुवालाई आर्थिक सहयोगका लागि सबैका तर्फबाट पहल गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

## क्याम्पस स्थापना र सञ्चालनमा योगदान

रगनी चण्डेश्वरी क्याम्पसको स्थापनाका लागि विभिन्न क्षेत्र, वर्ग र तहबाट महत्त्वपूर्ण योगदानहरू भएका थिए । अथक प्रयास, पटक–पटकको मिहिनेतबाट क्याम्पस स्थापना गर्न सम्भव भएको थियो । यस क्याम्पस स्थापनाका लागि लाल शंकर घिमिरे, किशोरकुमार घिमिरे, पूर्व चण्डेश्वरी मावि रगनीका प्रअ वेदबहादुर रोका, चित्रकुमार पौडेल (विज्ञान), चित्रकुमार पौडेल र कमलराज सुनुवारको महत्त्वपूर्ण योगदान रहेको थियो । माननीय यज्ञराज सुनुवार, हर्कबोल राई, नेता रामहरि खतिवडाज्यूहरूको अतुलनीय योगदान रहेको थियो । यस रगनी चण्डेश्वरी क्याम्पस स्थापनाका लागि माधव पोखरेलज्यूको समेत महत्त्वपूर्ण योगदान रहेको थियो । वेदबहादुर रोकाज्यूले आफू खिजीदेम्बा गापाको अध्यक्ष रहँदाका बखत कार्यविधि नै बनाएर प्रत्येक वर्ष क्याम्पसलाई १० लाखका दरले अनुदान प्रदान गरी अतुलनीय योगदान पुऱ्याउनुभएको थियो । क्याम्पसको स्थापनाकालदेखि नै विभिन्न समयमा सहयोग पुऱ्याउँदै पछिल्लो समय क्याम्पस सञ्चालक समितिको अध्यक्ष भई क्याम्पसलाई सहयोग पुऱ्याउनेमा लालप्रसाद नेपाल पनि हुनुहुन्छ । त्यसैगरी, क्याम्पस स्थापना हुँदाका समयदेखि सञ्चालक समितिमा रहेर अतुलनीय योगदान पुऱ्याउने धेरै समाजसेवी, बुद्धिजीवी व्यक्तित्वहरू हुनुहुन्छ, जसमा सबैको योगदान महत्त्वपूर्ण नै रहेको छ ।

## क्याम्पसका उपलब्धिहरू

१. क्याम्पसमा गुणस्तरीय अध्ययन अध्यापन हुँदै आएको ।

२. क्याम्पसको आफ्नै ६ कोठे पक्की भवन भएको ।

३. अपाङ्गमैत्री ५ कोठे पक्की शौचालय भएको ।

४. Equity Grant को योजना सञ्चालनमा रहेको ।

५. क्याम्पसको आफ्नै स्वामित्वमा १५ रोपनीभन्दा बढी जग्गा रहेको ।

६. प्राध्यापकहरू प्रायः स्थानीय नै रहेका ।

७. प्रशस्त मात्रमा फर्निचरका सामान रहेको ।

८. कम्प्युटरलगायत आवश्यक सामग्री रहेको ।

९. अनलाइन कक्षाहरू सञ्चालनमा रहेका ।

## क्याम्पसका समस्या र चुनौतीहरू

१. क्याम्पस भवन र कोठाको अभाव ।

२. क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरू नियमित नहुनु ।

३. विद्यार्थी संख्या दिनानुदिन घट्दै जानु ।

४. आर्थिक अनुदान घट्दै जानु ।

५. सञ्चालक समितिले पर्याप्त समय दिन नसक्नु ।

६. खानेपानी र बाटोको अभाव हुनु ।

७. पालिकाबाट आउँदै गरेको नियमित अनुदान कटौती हुनु ।

## क्याम्पसको स्तरोन्नतिका लागि गर्नुपर्ने कार्यहरू

### १) शैक्षिक गुणस्तर वृद्धि

शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि रगनी चण्डेश्वरी क्याम्पसले देहायका कार्य गरेमा प्रभावकारी हुन सक्छ –

१. वार्षिक शैक्षिक क्यालेन्डर तयार गरी लागू गर्ने ।

२. सबै विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई अनिवार्य कक्षा सञ्चालन गर्ने ।

३. विद्यार्थी हाजिरीको सञ्चालन गर्ने ।

४. तोकिएका प्राध्यापकहरूले तोकिएको घण्टी अनिवार्य रूपले लिनुपर्ने ।

५. अतिरिक्त क्रियापलाप र कक्षा परीक्षा सञ्चालन गर्ने ।

६. क्याम्पस कक्षा सञ्चालनको लक्ष्य निर्धारण गर्ने ।

७. शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गर्ने ।

८. सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गर्ने र ग्रुप च्याट बनाउने ।

## २) आर्थिक व्यवस्थापन

आर्थिक व्यवस्थापनका लागि रगनी चण्डेश्वरी क्याम्पसले देहायका कार्यहरू गर्नुपर्ने हुन्छ–

१. विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान रकमलाई कायम राख्ने वातावरणको सिर्जना गर्ने ।
२. Equity Grant को योजनालाई प्रभावकारी ढंगबाट सञ्चालन एवं परिचालन गर्ने ।
३. क्षेत्रीय निर्देशनालय धनकुटाको कार्यक्रमलाई निरन्तरताका लागि समय सापेक्ष कार्य सञ्चालन गर्ने ।
४. गापाबाट क्याम्पसलाई प्राप्त हुँदै आएको र हाल रोकिएको अनुदानलाई पुनः प्राप्त गर्न पहल कदमी गर्ने ।
५. विभिन्न ठाउँमा सूचना प्रकाशित भएका क्याम्पसका कार्यहरूमा प्रस्ताव पेस गर्ने ।
६. वडा कार्यालयबाट प्रत्येक वर्ष क्याम्पसका लागि केही रकम अनुदान स्वरूप प्राप्त गर्ने वातावरणको सिर्जना गर्ने ।
७. विद्यार्थी संख्या वृद्धि गर्न भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने ।
८. अन्य प्याकेज कार्यक्रमहरू सञ्चालन गर्ने ।
९. शैक्षिक गुणस्तर वृद्धि एवं पठनपाठनका लागि अन्य विषयहरू थप गर्ने ।

## ३) समीक्षा कार्यक्रम एवं सुझाव संकलन

क्याम्पसले देहायका कार्यहरू गरी समीक्षा एवं सुझाव संकलनका कार्य गर्न सक्छ–

१. सञ्चालक समिति, प्राध्यापकहरू र स्थानीय बुद्धिजीवीहरूबीच कम्तीमा तीन पटक समीक्षा गर्ने ।
२. वडा शिक्षा समिति, गापा शिक्षा समिति, पूर्वशिक्षक, पूर्वगापा अध्यक्ष, बुद्धिजीवी, शिक्षाप्रेमीबीच बैठक गोष्ठी गरी सुझाव संकलन गर्ने ।
३. वेबसाइडबाट सुझाव माग गर्ने ।
४. सामाजिक सञ्जालमार्फत सल्लाह लिने ।
५. क्याम्पसको विविध कार्यका लागि कानुनी सल्लाहकार छनोट गर्ने ।
६. सुझाव पेटिका स्थापना गर्ने ।

## ४) दस्ताबेजीकरण

क्याम्पसले देहायका कार्यहरूको दस्ताबेजीकरण गरी भएगरेका कार्यहरूको अभिलेखीकरण गर्नेछ र भोलिका दिनमा क्याम्पसका गतिविधिलाई सुरक्षित गर्नेछ । गरेका कार्यहरूलाई लिपिबद्ध गरी सुरक्षित गरेमा मात्र भावी पिँढीलाई र भविष्यलाई सुरक्षित र सुनिश्चित गर्न सकिनेछ ।

१. प्रत्येक बैठकमा भएका निर्णयहरू ।
२. विभिन्न कालखण्डमा भएका सम्झौताहरू ।
३. विभिन्न कालखण्डमा सञ्चालन भएका योजनाहरू ।
४. सामाजिक परीक्षणको कार्य ।

५. लेखा परीक्षणको प्रतिवेदन।
६. शिक्षक तथा कर्मचारीको तलबभत्ता।
७. विभिन्न निकायहरूबाट प्राप्त आर्थिक अनुदानका रकमहरू।
८. माग निवेदन पत्रहरू।
९. स्वीकृतिका सिफारिसहरू।
१०. कर तथा सामाजिक सुरक्षाका रकमहरू।
११. प्रमाणपत्रको विवरण।
१२. दाताहरूका तर्फबाट प्राप्त सामग्री।
१३. क्याम्पसमा भएका फर्निचर, औजार, उपकरण र पुस्तकहरू।

### ५) सूचना सञ्चार र समन्वय

क्याम्पसले देहायबमोजिमका कार्यहरूबाट सूचना सञ्चार र समन्वय गर्न सक्नेछ–

१. सामाजिक सञ्जालका माध्ययमबाट।
२. सम्बन्धित विषयका विज्ञहरूको समूह निर्माण गरेर।
३. समयअनुसार प्रविधिको प्रयोग गरेर।
४. अन्य क्याम्पसहरूमा भएका समय सापेक्ष गतिविधिलाई अनुसरण गरेर।
५. त्रिवि, विश्वविद्यालय अनुदान आयोग क्षेत्रीय निर्देशनालय धनकुटासँग निरन्तर संवादमा रहेर।
६. विभिन्न निकायबाट प्राप्त हुने सूचनाहरूलाई तुरुन्तै जानकारीमा ल्याएर।
७. वडा कार्यालय र गापा कार्यालयमा माग पत्र पेस गरी योजना माग गरेर।

### ६) विद्यार्थी प्रोत्साहन एवं छात्रावृत्ति

रगनी चण्डेश्वरी क्याम्पसले देहायबमोजिमका कार्यहरू सञ्चालन गरी विद्यार्थीहरूलाई प्रोत्साहन एवं छात्रावृत्ति प्रदान गर्न सक्नेछ–

१. नियमित कक्षामा सहभागी हुने छात्रा एवं छात्र।
२. बढी अंक ल्याएर उत्तीर्ण हुने छात्र एवं छात्रा।
३. एउटै घरका एकभन्दा बढी भर्ना भएका।
४. नियमित रूपमा अध्यापन गरी ब्याक नलागी उत्तीर्ण भएका।
५. गरिब, जेहेनदार, असहाय, दलित, अपाङ्गता भएका एवं महिलाहरूलाई।
६. अनुशासित एवं मर्यादित विद्यार्थीलाई।
७. प्रयोगात्मक अभ्यासका असल कार्य सञ्चालन गर्ने छात्र एवं छात्रालाई।

## ७) पूर्वाधारको विकास र वातावरण

रगनी चण्डेश्वरी क्याम्पसले देहायका कार्यहरू सञ्चालन गरी पूर्वाधारको विकास वातावरणलाई स्वच्छ राख्न सक्नेछ।

१. खानेपानीको व्यवस्थापन।

२. वृक्षरोपण तथा तारबार घेरा।

३. क्याम्पससम्म जाने बाटो निर्माण एवं मर्मत।

४. विभिन्न दातृनिकायसँग समन्वय गरी प्रस्ताव पत्रमार्फत थप आवश्यक भवन निर्माण।

५. फोहोर व्यवस्थापनका लागि टोकरी वा खाल्डोको निर्माण।

६. क्याम्पसको हाताभित्र विभिन्न बोटबिरुवा तथा फूलहरू रोप्ने।

७. क्याम्पस वरिपरिको फोहोर व्यवस्थापन गर्ने।

## ८) व्यवस्थापन, सञ्चालक समितिको भूमिका

रगनी चण्डेश्वरी क्याम्पसको विकास निर्माण, उन्नति, प्रगति र शैक्षिक उन्नयनमा सञ्चालक समितिको भूमिका देहायबमोजिम हुनेछ।

१. समितिको बैठकमा सक्रियतापूर्वक भूमिका निर्वाह गर्ने।

२. सञ्चालक समिति अध्यक्ष र क्याम्पस प्रशासनलाई आवश्यक सल्लाह–सुझाव उपलब्ध गराउने।

३. क्याम्पसको कार्यका अधिकतम समय प्रदान गर्ने।

४. सूचना संचारको प्रभावकारिताको लागि भूमिका निर्वाह गर्ने।

५. आर्थिक व्यवस्थापन, शैक्षिक सुधार र दातृनिकायको खोजी गर्ने।

६. क्याम्पसको शैक्षिक प्रचारप्रसारमा लागिपर्ने।

७. क्याम्पसमा भएका गतिविधिहरूको निगरानी गर्ने।

८. भौतिक पूर्वधार विकासमा सहयोग गर्ने।

९. क्याम्पसलाई आवश्यक पर्ने सामग्रीलगायतका चिज वस्तुको व्यवस्थापन गर्ने।

## ९) सचिवालयको गठन

रगनी चण्डेश्वरी क्याम्पस खिजीदेम्बा गापाभित्रको एक मात्र साझा क्याम्पस भएको हुँदा सबै क्षेत्रबाट प्रतिनिधित्व र सहभागिता हुनु अत्यन्त जरुरी हुन्छ। यसरी सबै क्षेत्रबाट सहभागिता गराउँदा क्याम्पसको बृहत्तर हित भए पनि गणपूरक संख्या पुग्नमा समस्या हुन सक्छ। यो अहिलेको समयमा सबै ठाउँमा हुने साझा समस्या हो। यसलाई सरल ढंगबाट समाधान गर्न असल हुन्छ। त्यसो हुँदा सबै क्षेत्र वर्ग र साझा व्यक्तित्वलाई सहज ढंगबाट सहभागि गराउनका लागि सोसम्बन्धी महत्त्वपूर्ण व्यक्तिहरूलाई समेटी ३ भागको १ भाग बराबरको सदस्य रहने गरी एक क्याम्पस सञ्चालक सचिवालय समिति गठन गर्न वाञ्छनीय हुन सक्छ। यसबाट भएका निर्णय पूर्ण बैठकबाट अनुमोदन गराउने प्रचलन रहेको पाइन्छ। यो सचिवालय समितिबाट बैठकमा कोरम नपुग्ने समस्या समाधानका साथै चिया, खाजा, खाना र बैठक भत्तामा कम खर्चबाट चल्न सक्छ। साथै छिटोछरितो निर्णय भई तुरुन्त कार्यान्वयनमा जान सकिन्छ।

# रगनी चण्डेश्वरी क्याम्पस: विगत र वर्तमान

**चित्रकुमार पौडेल**
क्याम्पस प्रमुख
रगनी चण्डेश्वरी क्याम्पस

रगनी चण्डेश्वरी क्याम्पस ओखलढुङ्गा जिल्ला खिजीदेम्बा गापा वडा नं. २ पोल्थली, रगनीमा रहेको छ। २०७० सालमा स्थापित रगनी चण्डेश्वरी क्याम्पसको स्थापना गर्न श्री चण्डेश्वरी उमावि रगनी, तत्कालीन रगनी गाविस, रगनी गाविसभित्र सक्रिय राजनैतिक दलहरू साथै बुद्धिजीवी, शिक्षाप्रेमी, शिक्षक, अभिभावकहरूको विशेष उल्लेखनीय भूमिका रहेको थियो। विसं २०६७/०६८ सालमा श्री चण्डेश्वरी उमाविमा रहेको विद्यालय व्यवस्थापन समिति (विव्यस) तथा तत्कालीन प्रधानाध्यापकसहित शिक्षकहरूलाई यस क्याम्पसको सूत्रधारका रूपमा लिन सकिन्छ। क्याम्पस स्थापनाका लागि आवश्यक सम्पूर्ण आर्थिक, भौतिक, शैक्षिक सामग्री, जनशक्ति उपलब्ध गराउने श्री चण्डेश्वरी उमावि रगनीकै भौतिक पूर्वाधारमा हालसम्म यो रगनी चण्डेश्वरी क्याम्पस सञ्चालन भइरहेको छ।

भौतिक पूर्वाधारको विकासका लागि पनि श्री चण्डेश्वरी उमावि रगनीकै उल्लेखनीय योगदान रहेको थियो। चण्डेश्वरी मावि रगनीले स्थापनाकालमै रगनी चण्डेश्वरी क्याम्पसको नाममा ३ रोपनी जग्गा खरिद गरी रजिस्ट्रेसन पाससमेत गरिदिएको थियो। सबै कुरामा विद्यालय आश्रित क्याम्पसलाई पहिलोचोटि रेस्क्यु नेपाल नामको गैरसरकारी संस्थाले क्याम्पसलाई २ थान दराज, १० वटा कुर्सी र २ वटा टेबल उपलब्ध गराई आत्मनिर्भरताको पहिलो खुड्किलो डोहोऱ्याएको कुरा क्याम्पसले कहिल्यै भुल्नु हुँदैन र भुल्ने छैन। त्यसपछि २०७४ को स्थानीय निर्वाचनमा चण्डेश्वरी माविका पूर्व प्रअ तथा रगनी चण्डेश्वरी क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री वेदबहादुर रोका, खिजीदेम्बा गापाको अध्यक्ष निर्वाचित भएपछि यस क्याम्पसको भौतिक पूर्वाधार विकासमा महत्त्वपूर्ण अध्याय सुरुवात भएको मानिन्छ। खिजीदेम्बा गापाबाट नियमित रूपमा रगनी चण्डेश्वरी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि तथा भौतिक विकासका लागि निरन्तर १० लाख बजेट अनुदानका रूपमा आउने व्यवस्था भयो। खिजीदेम्बा गापाबाट नियमित रूपमा रगनी चण्डेश्वरी क्याम्पसका लागि विनियोजित आव. २०७५/०७६ र २०७६/२०७७ को क्याम्पसको गुणस्तर अभिवृद्धि तथा भौतिक विकास अनुदान १०/१० लाख रुपैयाँबाट क्याम्पसलाई आवश्यक पर्ने फर्निचरहरू, आईसीटीका सामग्रीहरू अन्य कार्यालयीय प्रयोजनका लागि उपयोगी सामग्रीहरूको व्यवस्था गरेसँगै रगनी चण्डेश्वरी क्याम्पसलाई अलग्गै अफिस खडा गरी सञ्चालन गरियो। गापाबाट आव. २०७७/०७८ को शैक्षिक गुणस्तर अभिवृद्धि तथा भौतिक विकासका लागि प्राप्त भएको अनुदान १० लाखबाट रगनी चण्डेश्वरी क्याम्पसको नाममा थप १२–५–०–० रोपनी क्षेत्रफलको भवन निर्माण गर्न मिल्ने जग्गा खरिद गरिएको थियो। आव २०७८/०७९ को बजेटबाट क्याम्पसलाई आवश्यक पर्ने ७० जोर डेक्स, बेन्च र केही आईसीटीका सामान खरिद गरिएका थिए। २०७९ को स्थानीय निर्वाचनबाट निर्वाचित गाउँपालिकाले रगनी चण्डेश्वरी क्याम्पसलाई दिँदै आएको शैक्षिक गुणस्तर अभिवृद्धि तथा भौतिक विकास अनुदानलाई निरन्तरता नदिएसँगै उक्त अनुदान प्राप्त भएको छैन। २०७८ साल मंसिरमा विश्वविद्यालय अनुदान आयोगसमक्ष रगनी चण्डेश्वरी क्याम्पसका तर्फबाट भवन निर्माण प्रस्ताव पेस गर्दा विश्वविद्यालय अनुदान आयोगले आव २०७८/०७९ को बजेटबाट हाम्रो क्याम्पसलाई ५०,००००० (पचास लाख मात्र) र बाँकी २०,००००० (बीस लाख) रुपैयाँ क्याम्पसले आन्तरिक स्रोतबाट बेहोरी ३ कोठे पक्की भवन निर्माण

गरियो। पुनः २०७९ मंसिरमा विश्वविद्यालय अनुदान आयोगसमक्ष भवन निर्माण प्रस्ताव पेस गर्दा आव २०७९/०८० को बजेटबाट रगनी चण्डेश्वरी क्याम्पसलाई ५०,००००० (पचास लाख मात्र) रुपैयाँ अनुदान प्राप्त र बाँकी ५ लाख क्याम्पसको आन्तरिक स्रोतबाट बेहोरी भवनको तला थप्ने कार्य हुँदा हाल यस क्याम्पसको नाममा ६ कोठे पक्की भवन निर्माण भइसकेको छ। रेस्क्यु नेपालको झन्डै १४ लाख बराबरको सामग्री अनुदान र रगनी चण्डेश्वरी क्याम्पसको फन्डिङ रकम १ लाखबाट एक अपाङ्गमैत्रीसहित ५ कोठे पक्की शौचालय बनेको छ २०८१ सालमा।

शैक्षिक गुणस्तर अभिवृद्धि र भौतिक विकासमा हालसम्म ५/५ लाख र २०८०/०८१ मा ७ लाख गरी १७ लाख प्रदेश सरकारले अनुदान दिइसकेको छ। आव २०८०/०८१ मा विश्वविद्यालय अनुदान आयोगबाट रगनी चण्डेश्वरी क्याम्पसको पुस्तकालयका लागि पुस्तक खरिद गर्न ५ लाख रुपैयाँ प्रदान गर्दा पुस्तक खरिद गरिएको छ।

## आर्थिक पक्ष

अन्य सामुदायिक क्याम्पसको जस्तै रगनी चण्डेश्वरी क्याम्पसको आर्थिक पक्ष पनि कमजोर रहेको छ। विसं. २०७४/०७५ सालतिर तत्कालीन क्याम्पस प्रमुख श्री कमलराज सुनुवारको अगुवाइ र सबैको साथ–सहयोगमा क्याम्पसलाई सामुदायिक क्याम्पसको सदस्यता प्राप्त गरेपछि विश्वविद्यालय अनुदान आयोगबाट निरन्तर रूपमा नियमित अनुदानलगायत अन्य अनुदानहरू प्राप्त भइरहेका छन्। विद्यार्थीहरूबाट लिइने शुल्क थोरै भए पनि स्थायी आम्दानीको स्रोत रहेको छ। यीबाहेक प्रदेश सरकार समाजिक विकास मन्त्रालयले पनि ५–७ लाखसम्म ससर्त अनुदान दिने गरेको छ।

## शैक्षिक पक्ष

विसं. २०७० सालमा लिखु खोला वारि–पारि बसोबास गर्ने आर्थिक, सामाजिक तथा शैक्षिक रूपले पिछडिएका बासिन्दाहरूलाई सर्वसुलभ रूपमा उच्च शिक्षाको पहुँच पुऱ्याउने पवित्र उद्देश्यका साथ स्थापना गरिएको यस रगनी चण्डेश्वरी क्याम्पसले सोचेजस्तो उपलब्धि हासिल गर्न नसके पनि २०८१ माघसम्मको त्रिविको नतिजाअनुसार १ सय १० जना विद्यार्थीहरूले स्नातक तह पास गर्न सफल भएका छन्।

**सोचेजस्तो नतिजा निकाल्न नसक्नुमा–**

१. क्याम्पसको आफ्नै पर्याप्त कक्षाकोठाहरू नहुनु।

२. क्याम्पसमा पूर्णकालीन शिक्षकको व्यवस्था गर्न नसक्नु।

३. बढ्दो बेरोजगारीले विद्यार्थीहरूलाई नियमित कक्षाकोठामा उपस्थिति गराउन नसक्नु।

४. प्रथम वर्षमा भर्ना भएका विद्यार्थीहरू निरन्तर रूपमा क्रमशः घट्दै जानु।

५. युवा शक्तिमा पढेर के हुन्छ ? भन्ने भावनाले विदेश पलायन हुनु।

६. सामुदायिक क्याम्पसहरूप्रति सरकारको उत्तर दायित्व नहुनु।

७. स्थानीय सरकारहरू सामुदायिक क्याम्पसप्रति जिम्मेवार नहुनु।

## सामाजिक पक्ष

रगनी चण्डेश्वरी क्याम्पस अन्य संघसंस्था जस्तै समाजको एक अभिन्न अङ्ग बनेको छ । यसले समाजमा रहेका गरिब, पिछडिएका जनसमुदायलाई उच्च शिक्षाको अवसर प्रदान गरेको छ । यस क्याम्पसबाट स्नातक उत्तीर्ण गरेका विद्यार्थीहरू शिक्षा, प्रशासनलगायत अन्य सरकारी निकायहरूका जिम्मेवार निकायमा रहेका प्रशस्तै उदाहरण छन् । यसबाट यस क्याम्पसले राज्यको जनशक्ति उत्पादनमा महत्त्वपूर्ण योगदान गरेको भन्न सकिन्छ ।

सङ्क्षेपमा रगनी चण्डेश्वरी क्याम्पस जुन लक्ष्य र उद्देश्यका साथ स्थापना गरिएको थियो, त्यो लक्ष्य प्राप्तिमा सफल छ । यस संस्थालाई जोगाइराख्न सके खिजीदेम्बा गापाको मात्रै होइन, समग्र लिखु खोला आसपासमा बसोबास गर्ने सबैको गौरव गर्न लायक संस्था बन्नेमा दुईमत छैन ।

# रगनीमा शिक्षाको विकास

**सुन्दर शर्मा**
खिजीदेम्बा–२ रगनी, ओखलढुङ्गा

कोशी प्रदेश ओखलढुङ्गा जिल्ला खिजीदेम्बा गाउँपालिका–१ र २ रगनी (साबिक रगनी गाविस/राणा कालमा पूर्व ३ नं. ओखलढुङ्गा जिल्ला रगनीगाँउ/पञ्चायत कालमा रगनी गाउँ पञ्चायत) मा शिक्षाको विकासमा समय–चक्रअनुसार क्रमिक रूपमा विकास हुँदै आएको देखिन्छ । यहाँ राणा शासनकालमा औपचारिक रूपमा विद्यालयहरू खुलेका थिएनन् । कोही ब्रिटिस तथा भारतीय सेनामा कार्यरत व्यक्तिहरू केही साक्षर रहेको र उहाँहरूमा पढ्नुपर्छ भन्ने भावनाको विकास भएकाले केही गुरु तथा पण्डितहरूको घरमा गएर कर्मकाण्ड र कखरा सिक्ने र केही वेद, पुराण अध्ययन गर्न वनारस/काशी गएर शिक्षा अध्ययन गर्ने प्रचलन थियो ।

विसं. २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि देशभर च्याउ उम्रेझैं विद्यालयहरू खुले तर रगनीमा त्यस्तो खालको वातावरण बनेन सम्पन्न परिवारका बालबालिकाहरूलाई गुरुको आश्रम, तराई तथा भारतका केही शिक्षापीठहरूमा लगेर पढाउन थालियो । गाउँमा पढ्नुपर्छ भनेर चेतना जगाउन भारतीय र ब्रिटिस गोर्खा सेनामा काम गरी फर्किएका व्यक्तित्वहरू सक्रिय रहे । ठाउँ–ठाउँमा गुरु पण्डित ल्याएर विभिन्न समूहमा विद्यार्थी जम्मा गरी साँवा–अक्षर सिकाइ चण्डी, रुद्री, कर्मकाण्ड तथा कौमुदी, रामायण पढ्न लगाइन्थ्यो । शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने केही सामाजिक अग्रज वर्गको चेतना र धारणाका कारण तत्कालीन मुखिया श्री चन्द्रबहादुर सुनुवार, पण्डित दुर्गाहरि घिमिरेहरूको अग्रसरतामा विसं.२०१७ सालमा रगनीको नुनथलामा रहेको पञ्चायत घरमा पठनपाठन गर्ने गरी राष्ट्रिय प्राथमिक विद्यालयको औपचारिक रूपमा स्थापना भयो । शिक्षकका रूपमा चूडामणि सुनुवार, हबल्दार वीरबहादुर भुजेल, दीर्घराज पौडेल तथा केही सामान्य लेखपढ गर्ने व्यक्तिहरूलाई शिक्षक राखी पारिश्रमिकका रूपमा गाउँलेहरूबाट अन्न उठाएर दिने प्रचलनलाई सुधार गर्दै तत्कालीन मुखिया चन्द्रबहादुर सुनुवारको अगुवाइ तथा उहाँका ज्येष्ठ सुपुत्र चम्पक सुनुवारको अग्रसरतामा विसं. २०२२/०२३ सालमा राष्ट्रिय प्राथमिक विद्यालयका रूपमा रहेको यो विद्यालय चोखास्थान निम्न माध्यमिक विद्यालयका रूपमा कक्षोन्नति भई स्थापित भयो । रगनीको तल्लो भू–भागका बालबालिकाहरूलाई ध्यानमा राखी तत्कालीन सामाजिक अगुवा प्रेमराज घिमिरे, विक्रम सुनुवारहरूले साँघुटारनजिकै रहेको नर्मदेश्वर महादेव मन्दिरको गुठीबाट सञ्चालित नर्मदेश्वर प्राथमिक विद्यालयलाई उक्त विद्यालयका शिक्षक पण्डित श्यामलालसहित रगनीको चप्लेटीमा स्थानान्तरण गरी पठनपाठन कार्य सञ्चालन भयो । जुन आज नर्मदेश्वर मावि चप्लेटीका रूपमा परिचित भएको छ, जसले रगनी तल्लो भेगमा शिक्षाको ज्योति छर्न सफल भएको छ । साथै २०२५/०२६ सालतिर स्थानीय सुनुवार समुदायको इष्टदेबी चण्डेश्वरी भगवती चण्डीदेवीको नामबाट श्री चण्डेश्वरी जुनियर हाई स्कुलका रूपमा स्थापित भयो ।

रगनी यस क्षेत्रकै शैक्षिक केन्द्रका रूपमा परिचित हुन लागेको थियो । तर राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ को खाका तयार हुन लागेपछि जुनियर हाई स्कुल खारेज भई चोखास्थान निम्न माध्यमिक तहसम्म मात्र रहन गयो । यसले विद्यालयमा अध्ययनरत विद्यार्थीहरू तितरवितर हुने अवस्था आयो । यहाँ अध्ययनरत विद्यार्थीहरू केही साँघुटार र केही सदरमुकाम ओखलढुङ्गातर्फ लागे भने अधिकांशले अध्ययन कार्यमा पूर्णविराम लगाउन पुगे । तत्कालीन माननीय मुखिया चन्द्रबहादुर सुनुवारको अथक प्रयासबाट विसं. २०३५ साल चैत ९ गते विधिवत् रूपमा श्री चण्डेश्वरी

माध्यमिक विद्यालय रगनीका रूपमा नामकरण गरिएको हो । यसै वर्ष रगनीको माथिल्लो भेगका विद्यार्थीहरूको सुविधाका लागि फूरछिरी शेर्पा, शेरा शेर्पा, ग्याल्जे शेर्पालगायतका समाजका अगुवाहरूको सक्रियतामा रगनी–९ बौद्धमा बुद्ध प्राथमिक विद्यालयको स्थापना गरियो । एक समय विद्यालय खोल्ने होड नै चल्यो । यसै क्रमसँगै २०४५ सालमा रगनी–६ दुँदुमा तत्कालीन वडाध्यक्ष कृष्णबहादुर बुढाको सक्रियतामा दुग्धेश्वर प्राथमिक विद्यालय र चन्द्रबहादुर सुनुवारको सक्रियतामा रगनी ३ गैरागाउँमा चुली प्राथमिक विद्यालय स्थापना गरियो भने २०५७ सालमा कोप संस्थाको सहयोगमा रगनी–८ नस्पुमा सरस्वती प्राथमिक विद्यालय र रगनी–२ काभ्रेमा पञ्चकन्या प्राथमिक विद्यालयको स्थापना भए । २०६७ सालमा साबिक रगनी–७ मै कक्षा १ देखि ३ सम्मको पठनपाठन हुनेगरी खाँडादेवी प्राथमिक विद्यालयको स्थापना गरियो ।

२०३५ सालमा रगनीमा मावि तहसम्मको पढाइ सञ्चालन भएपछि रगनीसँगै रामेछाप तथा ओखलढुङ्गाको लिखु वारि–पारिमा ठूलो खुसियाली छायो । ओखलढुङ्गाका पात्ले, खिजीफलाटे, खिजी चण्डेश्वरी, रावादोलु भुसिङ्गा, पोकली, टारकेरारी तथा रामेछापको भुजी, प्रीति, सैपू र दुरागाउँका युवाहरूका लागि माध्यमिक तहसम्म अध्ययन गर्ने उचित गन्तव्य बन्न सफल भयो । हाई स्कुल ल्याउन पहल गर्ने मुखिया चन्द्रबहादुरका छोरा चम्पक सुनुवार पनि रगनी पञ्चायतबाट एसएलसी पास गर्ने पहिलो व्यक्ति हुन भन्ने चर्चासमेत चल्न थाल्यो । हुन पनि हो, रगनीबाट पहिलो एसएलसी पास गर्ने व्यक्ति चम्पक सुनुवार र चरुवा थापाडाँडाका प्रेमबहादुर सुनुवार नै हुन् । यो सुन्दा अहिले त हाम्रो छाती गर्वले फुल्छ भने त्यो बेला रगनीवासी कति खुसी भए होलान् ? शिक्षामा यस्तो जागरुकता आउँदा पनि छोरीलाई भने विद्यालय पठाउन हिचकिचाउने गरिन्थो । तत्कालीन समाजका अगुवा र शिक्षकहरूले ठूलै कसरत गर्दा पनि चेतना जगाउन सकिरहेको देखिएन । छोरीचेलीलाई पठाउन आफूबाटै सुरुआत गर्नुपर्छ भन्दै शिक्षक लाप्साङ शेर्पाले आफ्नै पत्नी र बहिनीलाई छेर्मादिङबाट यस विद्यालयमा ल्याई पढाएर उहाहरणीय काम गरेपछि जनजाति समुदायमा छोरीहरूलाई विद्यालय पठाउन थालियो । तर पुरातनवादी सोच बोकेका आर्य समुदायबाट न्यून रूपमा छोरीहरूलाई विद्यालय पठाइन्थ्यो । तत्कालीन रगनी–७ का वडाध्यक्ष महिनीशंकर घिमिरेले कान्छी छोरी तीर्थकुमारी घिमिरेलाई विद्यालय पठाउनुभयो । सायद रगनीकै एसएलसी पास गर्ने पहिलो महिला बन्नुभयो । २०३८ सालबाट एसएलसी परीक्षा दिन सुरुवात भएको विद्यालयमा विद्यार्थीहरूको चाप बढ्दै गयो । विद्यार्थीको बढ्दो चापलाई ध्यानमा राखी तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट एसएलसी परीक्षा केन्द्र थप गर्ने क्रममा यस श्री चण्डेश्वरी माविमा पनि २०५१ सालमा एसएलसी परीक्षा केन्द्र थप गरियो । जसका कारण रगनीका साथै ग्रामोदय मावि गाम्नाङटार र हिमगङ्गा मावि रावादोलुलाई केही राहत महसुस भयो ।

२०५६ सालबाट लगातार चण्डेश्वरी माध्यमिक विद्यालय रगनीमा परीक्षा केन्द्र सञ्चालन भयो । २०५७ सालमा सुरक्षाको कारण देखाउँदै रगनी परीक्षा केन्द्र फूलमती मावि खिजीफलाटेमा सारेर सञ्चालन गरियो । त्यसपछि २०५८ सालबाट भने एसएलसी परीक्षा केन्द्रहरू सदरमुकाम केन्द्रित भए । २०६२ सालमा सुरक्षा बेस क्याम्प खिजी चण्डेश्वरीको सुनाकोथीमा स्थापना भएपछि पुनः त्यो परीक्षा केन्द्र श्री फूलमती मावि खिजीफलाटेमा सञ्चालन भयो । पुनः विद्यार्थीको चापलाई ध्यानमा राखी २०६७ सालबाट यसै विद्यालयमा सञ्चालन भयो । जुन हालसम्म निरन्तर सञ्चालनमा छ । २०५५ साल सम्म श्री चण्डेश्वरी मावि रगनीको भवन रगनी–४ चोखास्थानमा थियो । त्यहाँ कमजोर भौगोलिक अवस्थाका कारण बर्सेनि भवनमा क्षति हुने कारण भवन बनाउने वैकल्पिक स्थानको खोजी गर्ने क्रममा तत्कालीन विद्यालय व्यवस्थापन समिति अध्यक्ष केशवबहादुर सुनुवार, गाविस अध्यक्ष लालप्रसाद नेपाललगायत सामाजिक अगुवाहरूको सक्रियतामा २०५० सालमा रगनी–६ पोल्थलीमा जग्गा खरिद गरी २०५१ सालमा ७

वटा ब्लक भवन निर्माण गरियो । उक्त भवनमा विद्यालयको पठनपाठन कार्य २०५५ सालबाट भयो । त्यसबेला चोखास्थानबाट पोल्थलीमा विद्यालय सार्दा ठूलो संघर्ष चलेको थियो । एक समूह मावि चोखास्थानमा नै सञ्चालन गर्नुपर्छ भन्ने थियो भने अर्को समूह नवनिर्मित भवन पोल्थलीमा सार्नुपर्छ भन्ने पक्षमा थियो । २०५५ वैशाख महिनामा विद्यालय पोल्थलीमा सारियो तर असन्तुष्ट पक्षले २०५५ मंसिर महिनामा विद्यालय पुनः चोखास्थानमै लाने काम भयो । चोखास्थानमा विद्यालय लैजाने पक्षको नेतृत्व तत्कालीन रगनी–४ का वडाध्यक्ष कुलबहादुर रोकाले गर्नुभएको थियो भने पोल्थलीमै विद्यालय राख्नुपर्छ भन्ने पक्षको नेतृत्व तत्कालीन विद्यालय व्यवस्थापन समिति अध्यक्ष लालप्रसाद नेपाल, वडाध्यक्ष नेत्रबहादुर रोकालगायतले गर्नुभएको थियो । अन्त्यमा, जिल्ला शिक्षा कार्यालयको सहजीकरणमा पोल्थलीमा नै रहने गरी सहमति भएपश्चात् हालसम्म निरन्तर रूपमा सञ्चालनमा रहेको छ । विद्यालयलाई कर्मठ बनाउन तत्कालीन प्रधानाध्यापक वेदबहादुर रोकाको विशेष पहलमा भारतीय राजदूतावासको सहयोगमा १६ कोठे पक्की भवन स्वीकृत भयो । २०६६/०९/१४ मा १ वर्षभित्र निर्माण कार्यसम्पन्न गर्ने गरी जिल्ला विकास समिति र निर्माण ठेकेदार ढुकुचु सीएम जेभीसी प्रालि, जोरपाटीबीच भएको सम्झौताअनुसार २०६७/०९/१४ भित्र सम्पन्न गर्नुपर्ने भवन निर्माण ठेकेदार पक्षको लापरबाहीका कारण अझैसम्म पनि निर्माण कार्य सम्पन्न हुन सकेको छैन । २०५१ सालमा निर्माण गरिएका भवनहरू २०७२ सालको विनाशकारी भूकम्पले क्षतिग्रस्त बनाएकाले हाल जिल्ला शिक्षा कार्यालयबाट प्रदान गरिएका २ वटा पक्की भवन र भारतीय राजदूतावासको सहयोगमा निर्माणाधीन भवनमै पठनपाठन कार्य भइरहेको अवस्था छ ।

लिखु क्षेत्रमा एसएलसी उत्तीर्ण गर्ने विद्यार्थीहरूको संख्या उल्लेख्य रूपमा वृद्धि भए पनि सहरमा गएर उच्च शिक्षा आर्जन गर्ने पहुँच अधिकांशमा रहेन । त्यस कुरालाई ध्यानमा राखी तत्कालीन विव्यस अध्यक्ष लालप्रसाद नेपालको सक्रियतामा कक्षा ११ र १२ को कक्षा सञ्चालन गर्ने भन्ने सोचका आधारमा २०५७ साल असार ४ गतेबाट उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन लिएर कक्षा ११/१२ को पठनपाठनको सुरुवात भयो । यसले गर्दा लिखु क्षेत्रमा रगनीलाई थप शैक्षिक गन्तव्यका रूपमा एक इँटा थप्ने काम भयो । हालसम्म करिब ५ हजारभन्दा बढी विद्यार्थीहरूले यस विद्यालयबाट +२ उत्तीर्ण गरिसकेको अवस्था छ ।

समयको मागअनुसार कक्षा ११/१२ उत्तीर्ण गरेपछि स्नातक अध्ययनको गन्तव्य खोजीका क्रममा यस विद्यालयका तत्कालीन प्रधानाध्यापक श्री वेदबहादुर रोकाको सक्रियता र चण्डेश्वरी मावि रगनीको लगानीमा रगनी चण्डेश्वरी क्याम्पसको अवधारणा सिर्जना गरी स्नातक तह रगनीमा सञ्चालन गर्ने गरी प्रस्ताव २०६७ सालमा त्रिभुवन विश्वविद्यालयमा प्रस्ताव पेस गरियो । जसको फलस्वरूप २०७० साल कात्तिक महिनामा स्वीकृत भई २०७० साल माघ महिनाबाट यस विद्यालयकै भवनमा स्नातक तहको कक्षा सञ्चालन भयो । यो क्याम्पस स्थापना गर्नका लागि तत्कालीन प्रअ वेदबहादुर रोकाको भूमिका अग्रणी रहेको छ भने रगनी गाविसका तत्कालीन सब–इन्जिनियर कुमारध्वज खड्का, अर्थ मन्त्रालयका सहसचिव लालशंकर घिमिरे, संस्थापक क्याम्पस प्रमुख किशोर घिमिरेलगायत यस विद्यालयका विव्यस, शिक्षक, कर्मचारीलगायत हामीहरू धेरैको योगदान अविस्मरणीय छ । क्याम्पस स्थापना गर्दा क्याम्पस स्थापना गर्न आवश्यक छैन भन्ने तत्त्वहरू पनि सक्रिय थिए । तिनै तत्त्वमध्येका केही व्यक्तिहरू अहिले क्याम्पसकै शक्ति वरिपरि घुमफिर गर्दै छन् । सुरुमा विद्यार्थी भर्ना गर्नका लागि गाउँगाउँमा गएर विद्यार्थी संकलन गर्ने कार्य पनि चुनौतीपूर्ण थियो । तर सहजताका साथ सफल भयो । ९ जना विद्यार्थी भर्ना हुँदा पनि दैनिक ७ जना विद्यार्थीहरू कक्षामा उपस्थित हुने वातावरण थियो । तर हाल २०० भन्दा बढी विद्यार्थीहरू भर्ना हुँदा पनि नगन्य मात्रामा विद्यार्थी कक्षामा उपस्थित हुनाले क्याम्पस प्रशासन समयानुकूल चल्न असमर्थ रहेको हो कि ? जस्तो

देखिन्छ। समयअनुसार बदलिन सिकौं। विश्व परिवर्तनशील छ। दिनदिनै नयाँ आविष्कारले स्कोप लिइरहेको अवस्था छ।

एकैछिन् सानो विश्व परिवेशलाई चर्चा गर्दा Kodak (कोडाक) कम्पनी सबैलाई थाहा नै होला ? सन् १९९७ मा कोडाक कम्पनीसँग १,६०,००० कर्मचारी थिए। दुनियाँको लगभग ८५% फोटोग्राफी कोडाक क्यामेराको प्रयोग हुन्थ्यो। पछिल्लो केही वर्षदेखि मोबाइल क्यामेराको उदयसँगै कोडाक कम्पनी मार्केटबाट बाहिरिन बाध्य भयो। हाल यहाँसम्म आइपुग्दा यो कम्पनी पूरै तरहले विलिन भयो। उसका सबै कर्मचारीहरू जागिरबाट हात धुन पुगे। त्यसै समयमा कैयौं नाम चलेका कम्पनीहरू पनि पछि हट्न बाध्य भए। जस्तै HMT (घडी), BAJAJ (स्कुटर), DYANORA (टीभी), MURPHY (रेडियो), NOKIA (मोबाइल), RAJDOOT (बाइक), AMBASSADOR (कार) यी कम्पनीहरूमा कसैको पनि गुणमा त खराब थिएनन्। तैपनि यी कम्पनीहरू कसरी पतन भए त ? किनकि यिनीहरू समयको मागअनुसार आफूलाई बदल्न सकेनन्, प्रविधिमा फड्को मार्ने Uber एक सफ्टवेयरको कम्पनीको नाम हो। ऊसँग कुनै कार छैन। तैपनि आज दुनियाँको सबैभन्दा ठूलो ट्याक्सी–फेयर कम्पनी बनेको छ। Airbnb आजको दुनियाँमा सबैभन्दा ठूलो होटल कम्पनी हो। अचम्मको कुरा यो छ कि ऊसँग एउटा पनि होटल छैन। यस्तै धेरै उदाहरण छन्। आजकाल अमेरिकामा नयाँ वकिलहरूका लागि कुनै काम छैन। किनकि IBM Waston नामको एउटा कानुनी सफ्टवेयर छ। यसले नयाँ वकिलहरूभन्दा केही असल वकालत गर्न सक्छ। अबको १०–१५ वर्षपछि लगभग ९०% अमेरिकीसँग नियमित जागिर हुने छैन। बाँकी रहेका १०% मानिस विशेषज्ञ मात्रै हुनेछन्। नयाँ डाक्टरहरू कामको खोजीमा छन्। Watson सफ्टवेयरले क्यान्सर र अरू रोगहरू मानिसभन्दा ४ गुणा धेरै राम्रो तरिकामा पत्ता लगाउन सक्छ। सन् २०३० सम्म त कम्प्युटर आर्टिफिसियल इन्टलिजेन्स मानव (Artificial Intelligence Human) देखिन सक्नेछ। पश्चिमा देशहरूलगायत भारतको ओडिसा टेलिभिजनले समेत All News Anchor को प्रयोग गरिसकेको अवस्था छ। अबको २० वर्षपछि हाम्रा सडकमा ९०% सवारीसाधनहरू विद्युत् वा ब्याट्रीबाट चल्नेछन्। यसबाट कार्बोनिक ऊर्जा (डिजेल, पेट्रोल र ग्यास) को खपतमा न्यूनीकरण हुनेछ। त्यस समयमा हामीहरूलाई कार चाहिएमा Uber जस्तै सफ्टवेयरबाट चल्न सक्ने ड्राइभरलेस कार पाउन सकिन्छ। यसबाट सडक दुर्घटनामा ९०% ले न्यूनीकरण हुनेछ। ड्राइभरहरूबाट हुने ठगी, हिंसाजस्ता कार्यमा न्यूनीकरण हुनेछ। सवारी बिमा कि त बन्द हुनेछन् वा टाट पल्टने सम्भावना रहन्छ। सडक जाम ६०% ले कमी आउन सक्छ। जसले ट्राफ्रिक प्रहरी र पार्किङ कर्मचारीहरूको संख्यामा न्यूनीकरण भएको देखिनेछ। विश्व विकासले विभिन्न रूपले हेर्दा १०/१० वर्षमा धेरै परिवर्तनहरू भएका छन्। १०/१२ वर्षअघिसम्म सहरका हरेक गल्लीका पसलहरूमा एसटीडी टेलिफोन तथा अधिकांशका हातमा Keypad Mobile थियो। तर अहिले ती गायबजस्तै छन्। मोबाइलहरू चार्ज गर्न घन्टौं लाग्थ्यो। अहिले फास्ट चार्जर आएका छन्। अहिले मोबाइल खरिदबिक्री र मर्मतका लागि प्रशस्त पसलहरू छन्। अबका १०/१५ वर्षमा ती बन्द भएर Amazon, Alibaba, Flipkart, Daraz जस्ता अनलाइन सपहरूको स्कोप बढेर तिनकै राज हुनेछ। प्रायःजसो लेनदेनमा नगद नभई अनलाइन भुक्तानी हुन सक्छ। अहिलेदेखि नै केही मात्रामा पैसाको परिभाषा बदलिँदै गएको छ। हालका क्रेडिट, डेभिड कार्डको स्थानमा अझ परिष्कृत साधनका साथै मोबाइल वालेटहरूले राज गर्नेछन्।

जीव विकासको क्रमलाई हेर्दा पनि जो प्रकृतिसँग अनुकूलन हुन सक्छन्, ती बाँच्न सक्छन् र प्रकृति र वातावरण परिवर्तनसँग अनुकूलन नहुनेहरू प्रायः लोप भएर जान्छन्। कुनै समय सिमसार क्षेत्रमा रहेका विशाल डाइनोसरहरू लोप भएर अहिले हाम्रा लागि दन्त्यकथा भएका छन्। अहिलेको वर्तमान अवस्थामा यसो गहिरिएर हेर्ने हो भने

शैक्षिकजगत्मा विविध खालका प्रविधिहरू देखा पर्दै छन् । विभिन्न निजी कलेजहरूले विभिन्न प्रविधिको विकास गरी अध्यापन गरिरहेका छन् । तीसँग प्रतिस्पर्धा गर्न परिवर्तित प्रविधिसँग अनुकूलन हुने खालका प्रविधिमैत्री शिक्षा प्रणाली हामीले ल्याउन सकेनौं भने हाम्रो क्याम्पस कतै समायोजन हुने वा समाप्त हुने अवस्था सिर्जना हुन सक्छ । त्यसैले म मात्र जान्ने हुँ, सबै मैरै भिजनमा हिँड्नुपर्छ, अरूसँग भिजन नै छैन भन्ने जुन अहंकारीपन छ, त्यसलाई त्यागेर आफूभन्दा जुनियरसँग पनि केही ज्ञान होला भन्ने सोच राखेर कार्य सञ्चालन नगर्ने हो भने क्याम्पसको अवस्था धराशायी नहोला भन्न सकिन्न । २०७९ र २०८० मा चारैवटा वर्षका कक्षा भौतिक रूपमा सञ्चालन नभएजस्तै आगामी दिनमा भर्ना नै नहुने दिन आउन नदिनका लागि वैकल्पिक कक्षाको अवधारणा ल्याउन आवश्यक देखिन्छ ।

२०३५ सालमा मावि तह स्थापना हुँदा कक्षा ८ बाट पठनपाठन कार्य सुरु भयो । त्यस बेला शैक्षिक सत्र पुसबाट सुरु भई मंसिरमा अन्त्य हुन्थ्यो । २०३६/०३७ कक्षा ९ हुँदै २०३७/०३८ सालमा कक्षा १० हुँदै २०३८ सालमा यस विद्यालयबाट पहिलो पटक एसएलसी परीक्षा भयो । त्यसपछि हालसम्म निम्न विद्यार्थीहरूको ब्याजअनुसार एसएलसी–एसईई परीक्षामा सम्मिलित रहेका थिए । उहाँहरूको केही जानकारी पाएअनुसारको जिम्मेवारी पनि उल्लेख गर्ने जमर्को गरिएको छ । उक्त ब्याजका सम्पूर्ण व्यक्तित्वहरू जहाँ जसरी रहनुभएको छ, उहाँहरूको विवरणसमेत प्राप्त भएको खण्डमा आगामी दिनहरूमा प्रस्तुत गर्ने आशा लिएको छु ।

**तपसिल**

| क्र.सं. | एसएलसी–एसईई भएको साल | विद्यार्थी ब्याजको नेतृत्व | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | २०३८ | चित्रकुमार पौडेल | हाल श्री चण्डेश्वरी मावि रगनीका प्रधानाध्यापक | |
| २ | २०३९ | योमन सुनुवार | | |
| ३ | २०४० | केदारप्रसाद गौतम | | |
| ४ | २०४१ | टंकराज सुनुवार | हाल अमेरिका | |
| ५ | २०४२ | चित्रकुमार पौडेल | क्याम्पस प्रमुख रगनी चण्डेश्वरी क्याम्पस | |
| ६ | २०४३ | अखम तामाङ | | |
| ७ | २०४४ | कमलराज सुनुवार | निवर्तमान क्याम्पस प्रमुख रगनी चण्डेश्वरी क्याम्पस | |
| ८ | २०४५ | ताराराम सुनुवार | शिक्षक चण्डेश्वरी मावि माँझगाउँ | |
| ९ | २०४६ | अशोक घिमिरे | नेपाल राष्ट्र बैंक मधेश प्रदेश | |
| १० | २०४७ | दीपक घिमिरे | हाल अमेरिका | |
| ११ | २०४८ | लाप्साङ शेर्पा | शिक्षक जनज्योति मावि लट्टे | |
| १२ | २०४९ | खिलनाथ तिमल्सिना | | |
| १३ | २०५१ | दुर्गाकुमारी श्रेष्ठ | | |
| १४ | २० ५२ | सुलभ सुनुवार | हाल यूके | |

| क्र. सं. | एसएलसी–एसईई भएको साल | विद्यार्थी ब्याजको नेतृत्व | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १५ | २०५३ | तीर्थबहादुर तामाङ | हाल सिंगापुर | |
| १६ | २०५४ | शिवबहादुर खडका | शिक्षक श्री चण्डेश्वरी मावि रगनी | |
| १७ | २०५५ | निलाकुमारी घिमिरे | महिला विकास अधिकृत | |
| १८ | २०५६ | श्यामकुमार तामाङ | हाल यूके | |
| १९ | २०५७ | डिल्लीप्रसाद घिमिरे | शिक्षक श्री चण्डेश्वरी मावि रगनी | |
| २० | २०५८ | ज्योति रुपाचा | | |
| २१ | २०५९ | सन्तबहादुर मगर | शिक्षक श्री चण्डेश्वरी मावि रगनी | |
| २२ | २०६० | तुलसीप्रसाद नेपाल | नेपाल प्रहरीमा कार्यरत | |
| २३ | २०६१ | बिन्दाकुमारी तामाङ | | |
| २४ | २०६२ | निमा तामाङ | नेपाली सेनामा कार्यरत | |
| २५ | २०६३ | सुमन रोका सीए | | |
| २६ | २०६४ | निरञ्जन नेपाल | | |
| २७ | २०६५ | सुजन रोका | नेपाल इन्भेस्टमेन्ट मेगा बैंकमा कार्यरत | |
| २८ | २०६६ | सरस्वती रोका | व्यापार | |
| २९ | २०६७ | सुस्मिता पौडेल एचए छैटौं | | |
| ३० | २०६८ | रिता तामाङ | शिक्षक श्री चण्डेश्वरी मावि रगनी | |
| ३१ | २०६९ | मुना मगर | | |
| ३२ | २०७० | मनोज मगर | हाल दक्षिण कोरिया | |
| ३३ | २०७१ | होमनारायण श्रेष्ठ | सब– इन्जिनियर खिजीदेम्बा गापा | |
| ३४ | २०७२ | मिलन घिमिरे | एमएससी अध्ययनरत | |
| ३५ | २०७३ | श्रीकृष्ण बुढाथोकी | बीई अध्ययनरत | |
| ३६ | २०७४ | अनिल पौडेल | बीएससी अध्ययनरत | |
| ३७ | २०७५ | विनोद न्यौपाने | बीएससी अध्ययनरत | |
| ३८ | २०७६ | सुदिष्ना खड्का | बीई अध्ययनरत | |
| ३९ | २०७७ | गिरीबहादुर बस्नेत | | |
| ४० | २०७८ | सुदीक्षा खड्का बीएससी नर्सिङ अध्ययनरत | | |
| ४१ | २०७९ | सागर श्रेष्ठ | | |
| ४२ | २०८० | कृष्ण खड्का | | |

माथि उल्लेखित ब्याजको नेतृत्व गर्नुहुने व्यक्तित्वहरू फरक पर्न गएमा क्षमाप्रार्थी छु । मैले यसभन्दा अघि यस विद्यालयमा अध्ययनअध्यापन गर्ने शिक्षक, अभिभावक र केही अग्रज व्यक्तित्वहरूसँग सोधेर तयार गरेको छु । कुनै समय रगनीमा जनसंख्यालाई ध्यानमा राखी विद्यालयहरू स्थापना गरिएका थिए । हाल रोजगारको खोजी, वैदेशिक रोजगार, बसाइँसराइका कारण जनसंख्या घट्दो अवस्थामा रहेका कारण कतिपय विद्यालयहरू संकटापन्न अवस्थामा

रहेका छन् । २०७७ साल वैशाखबाट दुग्धेश्वर आधारभूत विद्यालय श्री चण्डेश्वरी माध्यमिक विद्यालय रगनीमा समायोजन भयो । खाँडादेवी मावि विद्यार्थीविहिन र पञ्चकन्या मावि संकटापन्न अवस्थामा छ । सरस्वती मावि नस्पु, चण्डेश्वरी मावि चोखास्थान र बुद्ध मावि बौद्धधाममा विद्यार्थी संख्या न्यून हुँदै गएको देखिन्छ । श्री चण्डेश्वरी मावि रगनी, श्री नर्मदेश्वर मावि चप्लेटी र चुली मावि रगनी गैरागाउँमा पनि विद्यार्थी संख्या अपेक्षित रूपमा कमै देखिन्छ ।

विद्यार्थी संख्यामा कमी हुनका मुख्य कारण निम्न हुन सक्छन् ।

१. बढ्दो बसाइँसराइ ।

२. आयस्रोत राम्रो हुनेहरूले आफ्ना बालबालिकालाई सहरमा लगेर पढाउनु ।

३. प्रविधिमैत्री शिक्षामा कमी ।

४. गाउँका बौद्धिक व्यक्तित्वहरू सहरमुखी हुनु ।

५. जनसंख्या वृद्धिमा न्यूनीकरण हुनु ।

६. गाउँमा रोजगारीका अवसरहरू सिर्जना नहुनु ।

७. विशेष समय चाडपर्वहरूमा सहर गएका व्यक्तित्वहरू गाउँमा जम्मा भएर शैक्षिक विकासका बारेमा छलफल हुनुसट्टा चाडपर्व र लामो बिदामा गाउँका बौद्धिक व्यक्तित्वहरू सहरतिर लाग्नु ।

८. स्थानीय सरकारले विद्यालयहरूलाई दिनुपर्ने शैक्षिक गुणस्तरको बजेटमा कटौती गर्नु ।

९. समयअनुसारको प्रविधिमैत्री शिक्षा प्रदान गर्ने प्रविधि विकासका लागि ध्यान नदिनु ।

धन्यवाद

# गुणस्तरीय शिक्षा आजको आवश्यकता

**शिवबहादुर खड्का**
सहायक क्याम्पस प्रमुख
रगनी चण्डेश्वरी क्याम्पस

मानिसलाई आवश्यक पर्ने आधारभूत मानवीय गुण, ज्ञान, सीप, क्षमता, आचरण, सभ्य, शिष्ट, नैतिकवान्, चरित्रवान्, सुसंस्कृत, कर्तव्यनिष्ठ, कर्मशील, अनुशासित, स्वावलम्बी, आत्मनिर्भर, समझदार, आदर्श नागरिक तयार गर्ने शिक्षा गुणस्तरीय शिक्षा हो । गुणस्तरीय शिक्षा भविष्यको जग हो जसले व्यक्तिलाई सक्षम बनाउँछ र राष्ट्रलाई समृद्धिको मार्गतर्फ डोहोऱ्याउँछ । यसले विद्यार्थीको सर्वाङ्गीण विकासलाई जोड दिन्छ र यसमा सिकाइको प्रक्रिया, सिकाइ वातावरण, सिकाइका स्रोतसाधन, शिक्षकको क्षमता, विद्यार्थीको सहभागिता, सिकाइको परिणामजस्ता धेरै पक्षहरू समेटिन्छन् । व्यक्तिको व्यक्तिगत विकास, सामाजिक विकास, आर्थिक विकास र विश्वव्यापी चुनौतीहरूको सामना गर्न गुणस्तरीय शिक्षा आवश्यक छ । गुणस्तरीय शिक्षाका लागि दक्ष शिक्षक, जिज्ञासु विद्यार्थी, व्यावहारिक सिकाइ, प्रविधिमैत्री सिकाइ सामग्री, समुचित व्यवस्थापन, उपयुक्त सिकाइ वातावरण आवश्यक हुन्छ ।

२१ औं शताब्दीको युग ज्ञान र प्रविधिको युग मानिन्छ । प्राविधिक ज्ञान हासिल गर्नु आज अपरिहार्य भइसकेको छ । समयको परिवर्तनसँगै व्यक्तिको शिक्षा आर्जन गर्ने शैली पनि परिवर्तन हुँदै गइरहेको छ । शिक्षा किताबी ज्ञानमा मात्र आधारित नभई यसले व्यक्ति, समाज र राष्ट्रको अपेक्षा पूरा गर्नुपर्दछ । गुणस्तरीय शिक्षा नै समाज समृद्धिको मेरुदण्ड भएकाले आजको परिवेशमा गुणस्तरीय शिक्षा अपरिहार्य रहेको छ ।

## गुणस्तरीय शिक्षामा अभिभावकको भूमिका

*उपाध्यायन दशाचार्य आचायणं शत पिता ।*

*सहस्रंतु पितृन माता गौरवेणातिरिच्चते ।।*

दस जना उपाध्यायभन्दा बढी एक आचार्य, सय जना आचार्यभन्दा एउटा बुबा र हजुरबुबाभन्दा बढी एउटी आमा बालबालिकाका लागि महत्त्वपूर्ण हुन्छ । घरपरिवार सिकाइको पहिलो पाठशाला हो । अभिभावकहरू बच्चाको पहिलो शिक्षक हुन् जसले नानीहरूलाई प्रारम्भिक ज्ञान, मूल्य, नैतिक शिक्षा दिन्छन् । एउटा बालकलाई कस्तो बनाउने भन्ने जिम्मेवारी पनि उसको अभिभावकमा नै जिम्मेवारी रहन्छ । बालबालिकाहरूलाई सिकाइको महत्त्व बुझाउने, अध्ययन गर्न प्रेरित गर्ने, घरमा सकारात्मक वातावरण सिर्जना गर्ने, विद्यालयसँग सहकार्य गर्ने, नैतिक शिक्षा दिने, सकारात्मक व्यवहारहरू सिकाउने, प्रविधिको सही प्रयोग गर्न लगाउनेजस्ता भूमिकाहरू अभिभावकमा रहेको हुन्छ ।

## गुणस्तरीय शिक्षामा शिक्षकको भूमिका

शिक्षक केवल ज्ञान दिने व्यक्ति मात्र नभई विद्यार्थीका मार्गदर्शक, समाजका परिवर्तनकर्ता, नेतृत्वकर्ता पनि हुन् । विभिन्न क्षमता भएका बालबालिकाहरूको मनोभाव बुझी सबैले सिक्न सक्छन् भन्ने आदर्शलाई आत्मासाथ गरी शिक्षण गराउँदै एउटा योग्य, दक्ष र समय सापेक्ष व्यक्तित्व निर्माण गर्ने जिम्मेवारी शिक्षकमा रहेको हुन्छ । गुणस्तरीय शिक्षामा शिक्षकको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । नवीनतम शिक्षण विधि अपनाई प्रभावकारी शिक्षण विधि

प्रयोग गरी प्रविधिमैत्री शिक्षण प्रक्रिया अपनाएर, निरन्तर सिकाइ प्रक्रियामा लागेर, अभिभावकहरूसँग समन्वय गरेर, अनुगमन र मूल्याङ्कन नियमित गरेर, विद्यार्थीहरूलाई निरन्तर प्रोजेक्ट कार्य गर्न लगाएर गुणस्तरीय शिक्षामा लागिरहनु शिक्षकको दायित्व हो।

## गुणस्तरीय शिक्षामा विद्यार्थीको भूमिका

सर्वप्रथम कुनै विषयवस्तु सिक्नका लागि सिकारु उत्सुक र आँतुर हुनुपर्छ। सिकारु सिक्न तयार नभएसम्म सिकाइ सम्भव हुँदैन। गुणस्तरीय शिक्षामा सिकारुको भूमिका महत्त्वपूर्ण हुन्छ। सिकारु नियमित कक्षामा उपस्थित हुने, ध्यानपूर्वक सिकाइ सहजीकरण प्रक्रियामा भाग लिने, अतिरिक्त स्रोतसाधनबाट जानकारी लिने, विषयवस्तुको गहिराइसम्म अध्ययन गर्ने गर्नुपर्दछ। सिकारु नैतिकवान्, चरित्रवान्, जिज्ञासु, सिर्जनशील, अनुशासित हुनुपर्दछ। सिकारुले आजको प्रविधिको उचित प्रयोग गर्नुपर्दछ र अनावश्यक कुरामा समय खेर फाल्नु हुँदैन।

शिक्षा मानिसको नैसर्गिक मौलिक अधिकार हो। तर विडम्बना नेपालमा शिक्षामा निजीकरण र व्यापारीकरणका कारण उच्च अंक ल्याउनुपर्ने परीक्षामुखी शिक्षालाई गुणस्तरीय मापदण्ड बनाइएको छ। आज दिनानुदिन विद्यालय तहदेखि उच्च शिक्षा दिने विश्वविद्यालयमा समेत शैक्षिक गुणस्तर खस्किरहेको अवस्था छ।

## समाधान

- शिक्षण पेसामा योग्य, दक्ष शिक्षक प्रयोग गराएर शिक्षण पेसालाई आकर्षक, मर्यादित र स्रोतसाधन सम्पन्न बनाउनुपर्छ।
- प्रत्येक विद्यालयमा योग्य, सक्षम, क्षमतावान् नेतृत्व भएको प्रधानाध्यापकको व्यवस्था गरिनुपर्छ।
- विद्यार्थीको रुचि, क्षमताअनुसार उनीहरूको मनोभाव बुझी विद्यार्थी केन्द्रित विधिहरू प्रयोग गरी सिकाइ सहजीकरण प्रक्रिया अगाडि बढाउनुपर्छ।
- विद्यालयमा पढाउने विषयवस्तुहरू सिकारुको चाहना, समयसापेक्ष, रचनात्मक हुनुपर्दछ।
- विद्यालयको भौतिक, शैक्षिक व्यवस्थापन आधुनिक प्रविधिको हुनुपर्दछ।
- अन्तर्राष्ट्रिय मान्यताअनुसार शिक्षामा बजेट विनियोजन हुनुपर्दछ।
- बालमैत्री विद्यालय र बालमैत्री सिकाइ वातावरण हुनुपर्दछ।

# नेपाली विषय शिक्षणमा मेरो अनुभव

**जीवन नेपाल**
उपप्राध्यापक
रगनी चण्डेश्वरी क्याम्पस

भाषाका सम्बन्ध मानव मन र समाजसँग रहेको यथार्थलाई भुल्न सकिन्न। 'भाषा' सम्प्रेषणको एक सशक्त माध्यम भएकाले यसलाई मानवीय एवं सामाजिक वस्तु मान्नु विकल्प छैन। भाषा मानव संस्कृति र सभ्यताको संवाहक मात्र नभएर व्यक्ति–व्यक्तिलाई सामाजिक जीवन यापन गर्न सहज बनाउने माध्यमका रूपमा पनि अथ्र्याउन सकिन्छ। भाषा शिक्षण भाषिक सीपको शिक्षण भएकाले नेपाली भाषा सम्बद्ध सम्पूर्ण विषयवस्तुको प्रस्तुति विधागत स्वरूपअनुसार कक्षाकोठामा पस्कँदै जाँदा विषयको मर्मले मेरो मथिङ्गलमा विभिन्न प्रश्नहरू जन्माउँछन्, ती अमूक प्रश्नको युद्धलाई मलमपट्टी लगाउँदै सान्त्वना प्रदान गर्न मेरो अन्तरआत्मा तयार हुन्छ। अनि सुनौलो भविष्यको शङ्खघोष गर्न तयार विद्यार्थीहरूले मेरो अन्तरहृदयलाई अनायस बुझेको महसुस गर्न पुग्दछु। तर नेपाली भाषाअन्तर्गतका विभिन्न विधाहरूको शिक्षण गर्दा म आफू आफैमा पुलकित हुन्छु, यस मानेमा गर्व पनि लाग्दछ। तर कक्षाकोठाबाट बाहिर निस्किएर एउटा हूलमा पुग्न खोज्दा मलाई हुत्याएर त्यस हूलले झापड हान्न खोज्दा मलाई नरमाइलो महसुस हुन्छ किनकि अरूको नजरमा म नेपाली भाषा शिक्षक हुँ। तैपनि आफू सम्हालिँदै त्यस हूलसँग विश्व ब्रह्माण्ड, आइस्टाइन, डार्विन, होमर, सेक्सपियर, कार्ल माक्स, पाइथागोरस, चाल्स वावेज, आधुनिक विज्ञान र प्रविधिका सिद्धान्त र विचारलाई कनिकुथी बुझ्न प्रयत्न गर्दछु। केही बोल्नुपर्छ भनेर मन भित्रियाले जबर्जस्त ठेल्छ, अनायस बोल्न खोज्छु, बोलाइमा कुनै तुक नभेटिएपछि विश्व ब्रह्माण्ड बुझेकाहरूबाट फेरि हुत्याइन्छ। त्यो हुत्याइसँगै मनमा कालो बादलको एक झोक्का बज्रन पुग्दछ। त्यो बज्र सहन नसकी एउटा शान्त कुनामा बसेर रस, छन्द, अलङ्कारले माझिएका साहित्यिक रचना पस्कने जमर्को गर्दछु। जसले म र मेरो नेपाली भाषाप्रति न्याय गरेको आभास दिन्छ। यही मानसिक गर्भमा म आजसम्म डुबुल्की मार्दै छु, फेरि उठ्छु, प्रयत्न गर्छु तर अरूको नजरबाट म टाढा भइसकेको हुन्छु।

विषयगत विज्ञता नचाहिने सबैको जनजिब्रोको भाषा भएर होला सायद नेपाली भाषाले अरू बुझक्कडबाट तिरस्कार पाएको विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म विकसित भएको नेपाली भाषा एउटा विकसित भाषाका रूपमा स्थापित हुँदै नेपाललगायत विश्वका विभिन्न देशहरूमा फैलिएका कारण यसले आफ्नो अस्तित्व नगुमाउला तर पनि दिनानुदिन नेपाली भाषाप्रति बढ्दै गएको अत्याचार र उदासीनताले कुनै समय नेपाली भाषा नेपालमा नै मृत भाषा नबनोस भन्ने मेरो कामना छ। नेपालमा विभिन्न चरणमा विकसित भएका संविधानका धाराहरू, राज्यको नीति, नियमले पनि नेपाली भाषा जगेर्नाका लागि थुप्रै कानुनी प्रयत्नहरू व्यावहारिक रूपमा लागू गर्न सक्नुपर्छ। कृषि, पशुपालनका क्षेत्रमा विकास भएका 'हाइब्रिट' उपज जस्तो भाषा विस्तारमा 'हाइब्रिड' भएर प्रत्येक वर्ष भाषाको बढोत्तरी उपज वृद्धि हुनुलाई स्वाभाविक मान्न सकिन्न। सरकारी कामकाजदेखि लिएर दैनिक व्यवहार सम्पादन गर्न, साझा सम्पर्क परस्परमा विकास गर्न व्यापक क्षेत्र ओगटेको नेपाली भाषाले कहीँ कतैबाट उपेक्षित हुन नपरोस्। पहिलो र दोस्रो भाषाको रूपमा नेपाली भाषाले अझ व्यापक र विस्तृत रूप प्राप्त गर्नुपर्दछ। कक्षाकोठामा विद्यार्थीहरूबीच नेपाली भाषाप्रतिको उदासीनता, समाजले नेपाली भाषालाई दोस्रो दर्जाका रूपमा राख्दै गर्दा 'आफ्नी आमाभन्दा अर्काकी आमा कहिल्यै राम्री हुन नसक्ने' तर्क मेरो मानसपटलमा जागृत भएर आउँछ। त्यसैले के हामी आफूमा रहेको अस्तित्वलाई मेटाएर अरूका आश्वसन र सहारामा बाँच्ने नेपाली हौं ? यसतर्फ सबै सरोकारवालाहरूको ध्यान जान जरुरी छ।

# संघीयतामा शिक्षा–हिजो र आज

**रुद्रशंकर घिमिरे**
प्रधानाध्यापक
श्री फूलमती माध्यमिक विद्यालय, खिजीफलाटे

नेपालमा औपचारिक शिक्षाको थालनी दरबार हाई स्कुलको स्थापनासँगै भएको पाइन्छ । त्रिचन्द्र कलेज स्थापना भए पनि त्यति बेला शिक्षाको पहुँच सर्वसाधारण जनतासम्म पुगेको थिएन । २००७ सालमा प्रजातन्त्रको स्थापनासँगै विभिन्न प्रकारका विद्यालयहरू स्थापना हुन थाले । शिक्षाप्रतिको जनलहर व्यापक विस्तार हुँदै गयो । राज्यको शिक्षामा लगानी पर्याप्त हुन सकेन । किन्डर गार्डेन मन्टेश्वरीजस्ता विद्यालयको नाममा विस्तारै निजी शैक्षिक संस्थाको संख्या वृद्धि हुँदै गयो । शिक्षासम्बन्धी ऐन, नियम र विनियमहरूको समयसमयमा परिवर्तन गरेसँगै निजी शैक्षिक संस्थाहरू फस्टाउँदै गएर सेवाभावबाट प्रेरित हुनुपर्ने शिक्षा व्यापारीकरणका माध्मबाट नाफामुखी पेसा बन्न पुग्यो । प्राचीन समयमा शिक्षाका लागि दान, चन्दा र भेटी संकलन गरी सेवाभावबाट ओतप्रोत भएको शिक्षा व्यापार व्यवसायको माध्यम बन्न पुग्यो ।

विभिन्न समय क्रममा भएका राजनैतिक परिवर्तन सँगसँगै शिक्षाका राष्ट्रिय नीति, उद्देश्य, कार्यनीति, रणनीतिहरू अदलबदल भए पनि संघीयता लागू भएको आठ वर्षसम्म पनि शिक्षा ऐन बन्न नसक्दा शिक्षा क्षेत्रले सही गति लिनुको सट्टा गुणस्तरीय शिक्षा बढी पैसा तिरेर पढ्ने निजी विद्यालयमा मात्र छ भन्ने आभास गराउन शिक्षाको व्यापारीकरणमा पल्केकाहरू सफल भए । निजी विद्यालयका लगानीकर्ताहरू नै शिक्षासम्बन्धी कानुन निर्माणको क्षेत्रमा हाबी हुन पुगे र आफूअनुकूल ऐन कानुन निर्माण गर्न सफल भइरहेका छन् ।

संघीयतापछि संघीय शिक्षा ऐन बन्न नसक्नु र स्थानीय सरकारलाई विद्यालय शिक्षाको जिम्मा दिएर संघीय सरकार पन्छिएबाट शिक्षा क्षेत्रमा व्यापक राजनीतीकरण र बेथिति बढेर गए । हिजो स्थापना गरिएका जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्रलगायतका कार्यालयहरू कुनै वैकल्पिक व्यवस्था नगरी हटाइएपछि स्थानीय सरकारको कार्य भनेको संघीय सरकारले खटाएको तलबभत्ता विद्यालयहरूलाई निकासा गर्ने मात्र भएको छ । वैज्ञानिक नक्सांकनबिना स्थापना भएका विद्यालयहरू र तिनमा कार्यरत सत्रथरीका शिक्षकहरूलाई आवश्यक सल्लाहसुझाव दिने कुनै संयन्त्र नै छैन । गुणस्तरीय र समय सापेक्ष शिक्षाका लागि अत्यावश्यक तालिम तथा निरीक्षण अनुगमनको पाटो शून्यप्रायः छ । जनप्रतिनिधिहरूले गर्ने विद्यालयको सुपरिवेक्षणले कक्षा शिक्षणलाई कति प्रभावकारी बनाउँछ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । राजनैतिक आग्रह पूर्वाग्रहका आधारमा निर्माण भएका स्थानीय शिक्षा ऐनहरूको त कुरागरी साध्य छैन । यस्ता आफूअनुकूल बनाइने ऐन नियमहरू कति त अदालतको आदेशमा खारेज भएका छन् कतिपय ठाउँहरूमा पदीय शक्तिको दुरुपयोगको आडमा लागूसमेत भएका छन् । यसरी देशभरमा लागू हुनुपर्ने संघीय शिक्षा ऐन नियम नहुँदा सिकाइ क्षेत्र निरन्तर भुमरीमा रुमलिरहेको छ ।

शिक्षालाई रोजगारीमा जोड्न नसक्दा आज शिक्षित जनशक्ति पनि विदेश पलाएन भएको छ भने अब धेरै जना कक्षा १२ भन्दा माथि पढ्न इच्छुक नै छैनन् । अहिले विद्यालय स्तरको पढाइ सक्नेबित्तिकै विदेश पलायन हुने बाढी नै आएको छ । विदेश पलायनको बाढी आइरहँदा गाउँगाउँमा पढाउने शिक्षकहरूको चरम अभाव भएको छ । यसले

गर्दा पक्कै पनि शिक्षाको गुणस्तर खुस्किएको छ । गुणस्तर खोज्न कोही सहर केन्द्रित निजी शिक्षातिर गए, त्यसपछि विदेशकै बाटो समाउन थालेपछि देश निर्माणका लागि आवश्यक पर्ने जनशक्तिको सदैव चरम अभाव भइरहेका छ र हामी परनिर्भर भइरहेका छौं ।

शिक्षा देश विकासको मेरुदण्ड हो । मुलुकको प्रगति देशको शिक्षा प्रणाली कति समय सापेक्ष र युग सुहाँउदो छ भन्ने कुरामा निर्भर हुन्छ । यसैले नेपालमा पनि संघीयता सँगसँगै शिक्षा क्षेत्रमा आएका विसंगति र विकृतिहरूलाई हटाउनका लागि शिक्षाको दिगो राष्ट्रिय नीतिको खाँचो छ । देशका प्रमुख राजनैतिक शक्तिहरूले आपसी समझदारी, सहकार्य र सबै पक्षको समन्वयमा शिक्षाको ठोस दीर्घकालीन राष्ट्रिय नीति तय गर्नुपर्छ । राष्ट्रिय नीतिको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारहरूको स्पष्ट कार्य जिम्मेवारी तोकिएको संघीय शिक्षा ऐनको सर्वपक्षीय सहमतिमा निर्माण गर्नुपर्दछ । शिक्षा स्थानीय सरकारको कार्यक्षेत्र भनी संघीय सरकार पन्छिनु हुँदैन । शिक्षा क्षेत्रमा कम्तीमा पनि राष्ट्रिय बजेटको २०% छुट्टयाएर देश विकासको मेरुदण्ड शिक्षालाई समय सापेक्ष, गुणस्तरीय बनाउनुपर्छ ।

# मेरो ज्ञानभूमि रगनी विद्यालय

**लोकप्रिय सुनुवार**

'विद्या धनं सर्व धन प्रधानम् ।'

स्वास्थ्य मानिसको सबैभन्दा ठूलो धन विद्या हो । विद्याबिना कुनै पनि विधामा विशिष्टता प्राप्त गर्न असम्भवप्रायः छ । विद्या हासिल गर्नलाई परिवार, विद्यालय र असल व्यवस्थापन हुन जरुरी छ । आदर्श समाजको सिर्जना गर्नका लागि सरकारको दूरदर्शी शैक्षिक नीतिनियम, कुशल विद्यालय तथा सञ्चालक समिति, असल व्यवस्थापन, सक्षम गुरु, शिक्षाको महत्त्व बुझ्ने अभिभावक, लगनशील विद्यार्थीजस्ता आधारभूत कुराको सामान्जस्यता मिलान हुन जरुरी छ । नैतिकवान् आदर्श नागरिक देशले पाउनका लागि शिक्षाको उज्यालो घामबाट कोही नागरिक वञ्चित हुनु हुँदैन । सबै नागरिकले समान अवसर पाउनुपर्छ । दुर्गम क्षेत्र र सुगम क्षेत्रमा सरकारले समान सुविधा पुऱ्याउन सक्नुपर्छ । राष्ट्रको राष्ट्रिय शिक्षा नीति देशको माटो सुहाउँदो, अन्तर्राष्ट्रिय परिवेशको सामना गर्न सक्ने खालको शिक्षा नीति तथा व्यवस्थापन हुन पऱ्यो । अनि मात्र देशमा सक्षम, आदर्श नागरिक उत्पादन गर्न सकिन्छ ।

शिक्षाजस्तो पवित्र ज्ञानको भण्डार प्राप्त गर्ने अवसर दुर्गम क्षेत्रका सवै बासिन्दाहरूलाई २०२०/०२३ शिक्षाको पहुँच सामान रूपमा पुगेको थिएन । त्यसमा देशको राजनीतिक व्यवस्थाले गर्दा हाम्रो मुलुक अरू देशको तुलानामा शताब्दीऔं पछि परेको देखिन्छ । तथापि हाल नेपालको शिक्षित दर अपेक्षित वृद्धि भएको पाइन्छ । प्रायजसो सबै क्षेत्रका गाउँगाउँमा स्कुल कलेज खुलेका देखिन्छन् । पढाइको गुणस्तर सवै क्षेत्रमा समान पहुँच नपुगेको भए पनि साक्षरता दर अपेक्षित अभिवृद्धि भएको पाइन्छ । चेतनशील नागरिकको संख्या बढेको देखिन्छ । गणतान्त्रिक बहुदलीय व्यवस्था आएपश्चात् गाउँगाउँमा शिक्षाको उज्यालो घाम पुगेको देखिन्छ । सबैले संविधानद्वारा प्रदत्त मौलिक अधिकार प्रयोग गर्न पाएका छन् । पहिलाका भन्दा अहिलेका पुस्ताहरू धेरै भाग्यमानी देखिन्छन् । हाल देशको विद्यामान अवस्थाको प्रगति, उन्नति हेर्दा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार हरेक भौतिक सुविधामा गाउँगाउँ, बस्तीबस्तीमा पहुँच पुगेको देखिन्छ । हिजोआजको अवस्थालाई दृष्टिगत गरेर भन्नुपर्दा हाम्रो पालाको शिक्षा व्यवस्था सम्झँदा दुःख लाग्छ । तथापि तुलनात्मक रूपमा अन्य दुर्गम क्षेत्र निवासी नागरिकभन्दा हामी रगनी क्षेत्र निवासीहरूले प्राप्त गरेको अवसरलाई नजरअन्दाज गर्न नहुने देखिन्छ । अतः त्यसताका हामी विद्यार्थीहरूलाई भाग्यमानी नै ठान्नुपर्छ ।

संसारको जुनसुकै भूमि त्यस क्षेत्रका प्राणीहरू सबैलाई पुण्यवान् छ । प्रकृतिले सबै भूगोल सुहाउँदो जीवजगत् सृष्टि गरेको छ । नेपालकै भूगोललाई नियालेर हेर्ने हो भने हिमाल, पहाड र तराईमा बेग्लाबेग्लै हावापानी पाइन्छ । त्यही हावापानीबमोजिमको पशुप्राणी चराचर सुखपूर्वक आ–आफ्नो जीवनयापन गरिरहेको पाइन्छ । मानिसकै उदाहरण लिने हो भने, हिमाली क्षेत्रका बासिन्दा हिउँमा ठण्डी क्षेत्रमा आरामले जिउन सक्छन् । तर तराईका मानिसहरूलाई हिउँमा जिउन कठिन हुन्छ । हिमालका मानिसहरूलाई तराईको गर्मीमा एकछिन् बिताउन पनि गाह्रो पर्छ । जुन भूगोलमा जन्म भएको हो, त्यही भूगोल उसलाई सहज जीवन बिताउन अनुकूल हुन्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा हेर्ने हो भने, अमेरिकाको अलास्कामा पाइने एस्किमो जातिको बसोबास हिमभूमिमा आरामले जिएको पाइन्छ । एस्किमो जातिको तुलना गर्दा गर्मी मुलुकमा एक क्षण पनि रहन कठिन हुन्छ । तर सबै प्राणी, चराचरलाई आफ्नो भूगोलको हावापानीमा जिउन प्रकृतिले शक्ति दिएको हुन्छ । अतः सबै प्राणीका लागि उसको जन्मभूमि पुण्यभूमि हुन्छ । प्रकृतिले

नै एडप्ट गर्ने क्षमता दिएको हुन्छ । त्यसैले सबै प्राणी चराचरलाई आफ्नो जन्मभूमि प्यारो हुन्छ । त्यही भूगोल नै उसका लागि ज्ञानभूमि, पुण्यभूमि, मातृभूमि, कर्मभूमि हुन्छ । त्यसैले कुनै भूगोलको देश राम्रो कुनै नराम्रो हुँदैन । सायद, त्यसैले होला यो पंक्तिकारलाई पनि जन्मभूमि र ज्ञानभूमि खिजीदेम्बाको खिजीचण्डेश्वरी मूल गाउँ जन्मभूमि र रगनी ज्ञानभूमि भएकोमा यी भूमि ज्यादै प्यारो लाग्छ । यस दुर्गम क्षेत्रको जन्मभूमि र ज्ञानभूमि यही ओखलढुङ्गा जिल्लाको खिजीदेम्बा गाउँपालिकाको खिजी रगनी मेरो ज्ञानभूमि हो ।

मानवको महत्त्वपूर्ण कुरामा जननी, जन्मभूमि, ज्ञानभूमि र कर्मभूमि हुन् । त्यसैले शास्त्रमा भनिएको पाइन्छ 'जननी जन्मभूमिश्च स्वर्गाऽपि गरियसी ।' जन्मदिने आमा, जन्मभूमि स्वर्गभन्दा महान् हुन्छ अर्थात स्वर्गजत्तिकै प्यारो हुन्छ । जननीको दसधारा अमृतरूपी दूध पान गरी शैशवकाल बित्दै जाँदा शिक्षादीक्षाको क्रम सुरु हुन्छ । जुन स्थानमा ज्ञान प्राप्त गरिन्छ, त्यही स्थानलाई ज्ञानभूमि कहलाउँछ । उचित ज्ञानभूमिबाहेक ज्ञानप्राप्त गर्न असम्भवप्राय हुन्छ । गौतमबुद्धले नेपालको लुम्बिनी तिलौराकोटमा जन्म लिई बुद्ध गयामा बुधत्व प्राप्त गर्नुभयो । उहाँको ज्ञानभूमि बुद्धगया हो । कौशिक ऋषिले कोशीमा ज्ञान प्राप्त गरे । वाल्मीकिले गण्डकीमा ज्ञान प्राप्त गरे । वेदव्यासले कालीगण्डकीको त्रिवेणी व्यास गुफामा ज्ञान प्राप्त गर्नुभयो र वेदव्यास नाम रह्यो । पाणिनीले नेपालमै देवनागरी लिपिको ज्ञान प्राप्त गरी विश्वविख्यात बने । अर्जुनले भरतवर्षको उत्तरापन्थ नेपालको काठमाडांै पशुपात् क्षेत्रमा ध्यान गरी स्वर्ग जाने पशुपातास्त्र किरातेश्वर भगवान्बाट प्राप्त गरे । पार्वती माताले कठोर तपस्या गरी कालो वर्णबाट गोरो वर्ण प्राप्त गरी गौरी भएको ज्ञानभूमि तपोभूमि गौरीघाट हो । शिवपार्वतीबाट गौरीशंकर अर्थात् किरातेश्वर महादेव किरात्नीस्वरूपा पार्वती अवतार धारण गरेको पूण्यभूमि नेपालमा अवस्थित गौरीशंकर हो । यी सबै देवता, ऋषिहरूले ज्ञान प्राप्त गरेको ज्ञानभूमि नेपाल हो । विद्यार्थीहरूले ज्ञान प्राप्त गर्ने तिनीहरूको ज्ञानभूमि तिनीहरूले अध्ययन गर्ने विद्यालय हो । त्यही विद्यालय अवस्थित भूमि हो, देशका कर्णधारहरूले ज्ञान प्राप्त गर्ने ज्ञानभूमि ।

*'गोठाला दाइले गोठैमा साऱ्यो रगनी पाखैमा ।*
*यो गीत मैले गाएको हो नि लैबरी भाकैमा ।।'*

पाण्डव सुनुवारको जन्मभूमि रगनीको लैबरी भाकैमा गाएको गीतले हृदय स्पन्दन हुन्छ । मातृभूमिको ममताले को वशीभूत हुँदैन । कुन प्राणी अल्हादित हुँदैन । हामी हाम्रो मातृभूमि ओखलढुङ्गा–रामेछाप लिखु क्षेत्र वारपारका दुर्गम गाउँवासी सर्वसाधारणका छोराछोरी हामी सबैको ज्ञानभूमि रगनी हो । रगनीमा अवस्थित श्री चण्डेश्वरी विद्यालय त्यस क्षेत्रका विद्यार्थीहरूको पुण्यभूमि रगनी हो । खिजी चण्डेश्वरी मूलगाउँमा जन्म लिई ज्ञानको अवसर प्राप्त गर्नलाई भौंतारिरहेको अवस्थामा एकाएक रगनीमा निमावि विद्यालय खुलेको खबरले उत्साहित भयौं । ओखलढुङ्गा जिल्लाको लिखुखोला खिजी, रगनी, वाच्पु आसपास निम्न माध्यमिक विद्यालयको व्यवस्था २०२० सालसम्म हुन सकेको थिएन । हालको खिजीदेम्बा गाउँपालिका रगनीमा निम्न माध्यमिक विद्यालय तत्कालीन सरकारबाट स्वीकृत गराई त्यस भेगका सर्वसाधारणका छोराछोरीलाई शिक्षाको उज्यालो प्रकाश दिलाउने कामको श्रेय पूर्वमाननीय मुखिया चन्द्रबहादुर सुनुवार (धोक्रेमुखे) ज्यूलाई जान्छ । उहाँले निम्न माध्यमिक विद्यालय कक्षा ८ सम्मको पढाइ गर्न पाउने अनुमतिपत्र लिएर आउनुभयो । त्यसैले क्षेत्रका सर्वसाधारणका छोराछोरीलाई शिक्षाको उज्यालो घाम प्राप्त गराउने मुखिया चन्द्रबहादुर सुनुवार पूर्वमाननीयज्यूलाई सलाम छ । उहाँको जनताप्रतिको सेवा कदाचित् भुल्न सकिँदैन ।

श्री चण्डेश्वरी निमावि रगनी चोखाथानमा खिजीबाट रगनी पढ्न आउने विद्यार्थीहरूमा १. दिलीपकुमार बम्जन २. बलराम सुनुवार ३. टीकाराम मुलिचा ४. म पंक्तिकार लोकप्रिय सुनुवारसमेत हामी ४ जना रगनी निमाविमा कक्षा ६ मा भर्ना भयौं। त्यहाँ निमावि विद्यालय नखुलेको भए हाम्रो शिक्षा त्यहीं पाँच कक्षामा बिट मारिन्थ्यो। यही रगनीको चण्डेश्वरी निमाविबाट ज्ञान प्राप्त गर्ने ठूलो अवसर प्राप्त भयो। यो ज्ञानभूमिलाई कदाचित् भूल्न सक्दिनँ। २०२२ देखि २०२४ सम्म अध्ययन गर्न मौका पाएँ। त्यस अवस्थामा म अब्बल विद्यार्थी थिएँ। तीनै वटा कक्षामा म स्कुल प्रथम भई पुरस्कृत भएर त्यस विद्यालयबाट बिदा भएँ। विद्यालयमा पढाइ मात्र होइन, हरेक विधाको ज्ञान प्राप्त गरियो। मैले खेल्न सिकें। गाउन, बजाउन अनि नाच्नसमेत सिकें। पहिला मादल पनि बजाउन आउँदैन थियो। गौतमबुद्धको मूर्ति बनाएर पौषको एकता दिवसमा प्रथम भएर पुरस्कृत भएँ। कृष्ण जन्माष्टमीमा राधा भएर अभिनय गरें। रोपाइँ नाचमा रोपार्नी भएर हिलेजात्रामा नाचगान लिएर खिजीफलाटे बजारमा सबै दर्शकलाई मनोरञ्जन गराइयो। तिहारमा स्कुलका तर्पmबाट देउसीभैलो खेली नाचगान अभिनय सबै कलाकौशलमा अभ्यास गरियो। स्कुलमा पीटी परेड खेल्ने राष्ट्रिय गान गाउने, सरस्वती वन्दना प्रार्थना गर्ने ज्ञान सिकियो। व्यावसायिक प्रतियोगितामा डोको, बतासे, फिपी, चोयाका विविध सामग्री बनाउनेजस्ता कार्य सिकियो। भाषण कला, कविता लेखन, कविता वाचन, गायन तथा नृत्य आदि सिकियो। यो आजीवन अमीट छाप रह्यो। धन्य रगनीको विद्यालय। म सदा यो ज्ञानभूमिप्रति नतमस्तक छु।

रगनी निमाविमा कक्षा ६ मा अध्यायन गर्दा प्रधान अध्यापकमा पूर्व रापंस माननीय चम्पक सुनुवारज्यू हुनुहुन्थ्यो। कक्षा ७ मा अध्ययन गर्दा प्रधान अध्यापकमा दिलराम लामिछानेज्यू हुनुहुन्थ्यो। उहाँहरू हाम्रो पढाइको आधारभूत शिक्षाको जग उकास्नमा ठूलो प्रेरणास्रोत हुनुहुन्छ। कक्षा ८ मा अध्ययन गर्दा हेडमास्टर दार्जिलिङवासी निर्मलकुमार उपाध्याय (चौंलागाइँ) ज्यू र उहाँकी श्रीमती गुरुआमा हुनुहुन्थ्यो। अंग्रेजी, गणित र विज्ञानको पढाइको स्तर अभिवृद्धि गर्नका लागि उहाँहरूको ठूलो देन छ। उहाँ पहिला साँघुटार हाई स्कुलको शिक्षक हुनुहुन्थ्यो। त्यहाँबाट प्रधान अध्यापकमा उहाँलाई रगनी स्कुलमा नियुक्ति गरेपछि साँघुटारका थुप्रै विद्यार्थीहरू उहाँका कारण रगनीमा अध्ययन गर्न आए। उहाँहरूको शिक्षाको स्तरले गर्दा मलाई रामपुर हाई स्कुलबाट एसएलसी उत्तीर्ण गरी जीवनको भाग्यरेखा कोर्न सफल भएँ। अतः रगनी चण्डेश्वरी निमाविलाई कदाचित् भुल्न सक्दिनँ।

मैले विभिन्न विधामा विभिन्न क्षेत्रमा अब्बल उत्रिएँ। त्यसैको कारण मैले कृषि विकास बैंकमा लोक सेवाबाट १ नम्बरमा नाम निकाली जागिरे भएर विभिन्न पदमा ३० वर्ष सेवा गरी सेवानिवृत्त भएँ। मेरा कक्षाका साथीहरूमा लेकेन्द्र भट्टराईज्यू सु.ई.सम्म भई सेवानिवृत्त हुनुभयो। इन्जिनियर सखा पनि त्यस रगनी पुण्यभूमि पवित्र विद्यालयको प्रशंसा गर्नुहुन्छ। त्यस्तै खिजीका हामी चार जनामा दिलीपकुमार बम्जनले स्वास्थ्य क्षेत्रमा लामो अवधि सेवा गर्नुभयो। टीकाराम मुलिचा कृषि विकास शाखा इन्चार्ज भई सेवानिवृत्त हुनुभयो। बलराम सुनुवार खिजीफलाटे विद्यालयमा शिक्षक भई लामो अवधि सेवा गरी सेवानिवृत्त हुनुभयो। हामीभन्दा पछाडिका भाइहरू त झन् हामीभन्दा अब्बल निस्के। खिजीका टंकराज सुनुवार अमेरिकामा सफ्टवेयर इन्जिनियर बनेर जीवनमा ठूलो प्रगति गर्नुभयो। सबैभन्दा राम्रो प्रगति गर्ने विद्यार्थीमा मेरो जानकारीमा भएबमोजिम लालशंकर घिमिरे सचिवजस्तो गरिमामय पदासीन हुन सफल हुनुभयो। खिजीको सिभिल इन्जिनियर लक्ष्मण सुनुवार हाल क्यानडामा वरिष्ठ इन्जिनियर हुनुहुन्छ। धैरै विद्यार्थीहरू यस रगनीको पुण्यभूमिमा शिक्षा हासिल गरेर सफल जीवनयापन गर्न सकेकोमा बधाई छ।

यस विद्यालयबाट उत्पादित विद्यार्थीहरू तीनै तहका नेता, मन्त्री, सचिव, राष्ट्र बैंकका हाकिम, सीडीयो, प्रहरी, सशस्त्र प्रहरीका हाकिम, भारतीय आर्मी, नेपाली सेना, ब्रिटिस आर्मीका विभिन्न पदमा र सरकारी सेवाका विभिन्न उच्च तहका प्रमुखहरू भइसक्नुभएको छ। शिक्षकजस्तो पवित्र पेसामा यही उच्च माविकै क्याम्पस प्रमुखदेखि लिएर विभिन्न तहका स्थायी– अस्थायी शिक्षक भई सेवा गरिसक्नुभएको छ। २०२४ सालदेखि हालसम्मको फेहरिस्त हेर्ने हो भने यस क्षेत्रका सर्वसाधारणका छोराछोरीहरूको उन्नति–प्रगति भएको पाउँछौं। विदेशमा मजदुरदेखि विभिन्न महत्त्वपूर्ण पदमा रही धनवान् भएका पनि देखेका छौं। विभिन्न पेसा व्यवसायमा सुखी जीवनयापन गरेका छौं। अतः यस रगनी ज्ञानभूमि विद्यालयको महाविद्यालयसम्मको प्रगति देख्दा खुसीले आत्मविभोर भई गुरुजनहरूप्रति शष्टाङ्ग नमन। संस्थापक महोदयहरूमा शिर–नत गरेर प्रशंसा गर्दछु।

हामीले ८ कक्षासम्म पढी उच्च शिक्षा हासिल गरी जीवन सफल बनायौं। हाल यस विद्यालय उच्च मावि भएर स्नातकसम्म रगनीकै पुण्यभूमिबाट पढ्न पाउने भएकामा अति नै खुसी छु। मलाई रगनी चण्डेश्वरी उमाविको उन्नति र प्रगति भएकामा म त्यस विद्यालयको ‘पहिलो ८ कक्षा ब्याचको विद्यार्थी हुँ’ भन्न पाउँदा गर्व लाग्छ। जय होस्, मेरो जीवनमा ज्ञानको ज्योति प्राप्त गराउने विद्यालयको। जय होस्, रगनी ज्ञानभूमिको ! जय होस्m त्यस स्कुलका गुरुजनहरूको ! जय होस्, त्यहाँका हालसम्मका सकल विद्यार्थीहरूको अनि जय होस्, रगनी ज्ञानभूमिको। अस्तु।

# विद्यालय शिक्षा सुधार–ओखलढुङ्गा जिल्लाका अविस्मरणीय पदचापहरू

**डा.लोकबहादुर लोप्चन**
का.मु. सचिव, भाषा आयोग




## पृष्ठभूमि

साँच्चै मानिसको जीवनमा पेसागत यात्राका केही कालक्रमिक पदचापहरू व्यक्तिगत जीवनमा मात्र सीमित नभई समाज र देशका लागि समेत उल्लेख्य हुँदो रहेछन् भन्ने एक जीवित साक्ष्य हो, ओखलढुङ्गा र शैक्षिक सुधारको अभियान "विसं २०७३ मिसन २०७५" । यो अभियानको विचारका सूत्रधार पूर्वसांसद यज्ञराज सुनुवार हुन् भन्ने जिल्ला अधिकारी भएकाले नेतृत्वकर्ताको जस म आफैंमा गए पनि यसका सहयात्री र कार्यान्वयनका साझेदारहरू ओखलढुङ्गा जिल्लाका तत्कालीन शिक्षक संघ, संगठन र महासंघ हुन् । विसं ७३ मिसन ७५ को नारासमेत शिक्षक संघ, संगठन र महासंघका पदाधिकारी, जिल्ला शिक्षा कार्यालयका सहकर्मी साथीहरूको अन्तरक्रियाका क्रममा तयार गरिएका हुन् । त्यतिखेर शिक्षक महासंघका अध्यक्ष रमेश अधिकारी, शिक्षक संघका अध्यक्ष एकराज सर, अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनका कुलप्रसाद खतिवडा, शिक्षक संघका केन्द्रीय उपाध्यक्ष गोकर्ण बानियाँ, नेपाल राष्ट्रिय शिक्षक संगठनका सुमन राजभण्डारी हुनुहुन्थ्यो । दुर्भाग्य, यो लेख लेख्न थाल्दासम्म उहाँ बिरामी हुनुहुन्थ्यो, आज यसलाई पूर्णता दिन लाग्दाको बेला उहाँको स्वर्गबास भइसकेको छ । हार्दिक श्रद्धासुमन ! अल बिदा सुमन सर !

विसं २०७० सालमा म जिल्ला शिक्षा अधिकारीको जिम्मेवारी सम्हाल्न पुग्दा प्रमुख जिल्ला अधिकारीमा सूर्यबहादुर खत्री, एलडीओ राधाकृष्ण श्रेष्ठ, प्रहरी प्रमुख गोविन्द अधिकारी, सशस्त्र प्रहरी प्रमुख विमल डाँगी र सेनातर्फ कर्णेल हिम्मतबहादुर विष्ट हुनुहुन्थ्यो । हाम्रो कार्यालय प्रमुखको भेटघाटलगायत अनौपचारिक बैठकको मूल विषयवस्तु नै

शैक्षिक सुधार हुने गर्थ्यो। जसले ओखलढुङ्गा शैक्षिक सुधार अभियानका लागि प्रेरणा, प्रोत्साहन र एकखाले प्रभाव पारेको थियो। हुन तः करिब ९ महिनादेखि एक जना शिक्षकको अवकाशको विषयलाई लिएर यहाँका शिक्षक संघ, संगठनबीच तिक्तता थियो भने शिक्षकका पेसागत संघ–संगठनबीचको मनमुटावका कारण जिल्ला कार्यालयबाट शिक्षक सरुवा, अस्थायी शिक्षक नियुक्तिलगायत शिक्षामा सुधारका कार्यहरू ठप्प नै थिए।

तत्कालीन सीडीओ साब सूर्यबहादुर खत्री सरले जिशिअ साब, शिक्षक संघ–संगठनबीचको सहमति जुटाएर ९ महिनासम्म बन्दजस्तै अकर्मण्य बनेको यो जिल्ला शिक्षा कार्यालयलाई शिक्षकका पेसागत संघ– संगठनका बीच समझदारी जुटाई समस्याको गाँठो फुकाउन सक्नुभयो भने सबैभन्दा ठूलो सफलता त्यही हुनेछ भन्नुभएको अझै ताजै छ मेरो मनमस्तिष्कमा। आखिर भयो पनि त्यही जिल्ला शिक्षा अधिकारीको पदभार सम्हालेको सातौँ दिनमा शिक्षक संघ–संगठनबीच एउटा सहमति गर्न सकिएको थियो। तर, यो सहमति गर्न कम्ती असहजता झेल्नुपरेन, ठूलै दबाब सहनुपरे तापनि अन्ततः एउटा मिलनबिन्दुमा हाम्रो सहमति भयो। हुन त यसअघि जिल्ला शिक्षा कार्यालयबाट बोलाइएको शिक्षक संघ–संगठनको बैठकलाई समन्वय मिलाउन नसक्दा कतिपय शिक्षक संघ–संगठनका पदाधिकारीले बैठक बहिष्कारसमेत गर्न पुगेका थिए। तथापि, तत्कालीन शिक्षा विभागले "विद्यालय सिकाइ उपलब्धि सुधारको कार्यक्रम–२०७० ल्याएको थियो, त्यसैमा आधारित भएर शैक्षिक सुधार अभियान ओखलढुङ्गा जिल्ला सञ्चालन गर्न प्रस्ताव गरिएको थियो, जिल्ला शिक्षा कार्यालयबाट। जुन नेपालको शिक्षाको इतिहासमा एउटा जिल्ला शिक्षा अधिकारीका तर्फबाट कार्यान्वयन गरेर सफलता निकाल्न सकिने प्रस्थानबिन्दु बनेको थियो।

## सोचेजस्तो थिएन ओखलढुङ्गा

पाँचथरमा करिब डेढ वर्ष जिशिअको जिम्मेवारीपछि आफैंले सरुवा मागेर शिक्षा मन्त्रालयमा हाजिर भएको करिब ६ महिनापछि पुनः जिशिअमा जाने क्रममा तत्कालीन शिक्षामन्त्री माधवप्रसाद पौडेलज्यूसमक्ष सचिव डा. सोमलाल सुवेदीज्यूले रौतहट, संखुवासभा र ओखलढुङ्गामध्ये रोज्नुपर्दा नजिक देखेर रोजेको थिएँ ओखलढुङ्गा, याने युगकवि सिद्धिचरण श्रेष्ठको भाषामा मेरो ओखलढुङ्गा। यस जिल्लामा जिशिअको जिम्मेवारीमा शिक्षा मन्त्रालयबाट निर्णय भएपछि जब बुझ्न थालेँ, ओखलढुङ्गामा आवतजावतका लागि सुनकोशीमा पुल बनिनसेकाले गाडीसमेत वारिको वारि पारिको पारि गरेर चल्दो रहेछ। अनि ६ महिना जति फेरीबाट गाडी वारपार हुँदो रहेछ सुनकोशी नदीमा। ताजुप लाग्यो, सम्झेँ नजिक खोज्दाको उपहार यस्तै हुँदो रहेछ।

त्यतिखेर यहाँका निमित्त जिल्ला शिक्षा अधिकारीमा केदारबहादुर गिरी सरसँग कुरा हुँदा अन्टसन्ट जवाफ प्राप्त भयो, सहजभन्दा असहयोग बढी मिल्यो। सकभर मेरो उपस्थिति जिल्ला शिक्षा अधिकारीमा नहोस् भन्ने आभास हुन्थ्यो, उहाँको बोली र व्यवहारबाट। कतिपय साथीहरूले उनका बारेमा बताएका पनि थिए उनको सोच, व्यवहार र प्रवृत्तिका बारेमा। यता खटाएको ठाउँमा हाजिर भई सेवामा जोडिनुभन्दा उपल्ला विकल्प मसँग थिएनन्। अनि गरियो एउटा धृष्टता साथी प्रताप तामाङको सल्लाहमा, उनी पेसाले वैद्य, ओखलढुङ्गामा काम गरिसकेका हुनाले अनुभवी पनि। उनीसँग मेरो चिनापर्जी काभ्रेको आजाद मावि बालुवामा शिक्षण गर्दा भएको हो। एउटै मेसमा खानपिन गर्ने साथीको नाताले सहयोग नगर्ने कुरै भएन। अनि प्रताप सरको बाइकमा ओखलढुङ्गा हानियो, बाइकको यात्रा असाध्यै लामो अनि कच्ची बाटोमा त्यसमाथि झोला र पोकापन्तुराहरू, सम्झना लायक छैनन्। करिब दिनको २ बजेतिर ओखलढुङ्गा बजार पुगेर शिक्षक सचना श्रेष्ठकहाँ खान खान पुग्यौँ, त्यसपछि ओखलढुङ्गा जिल्ला शिक्षा

कार्यालयमा प्रस्थान गरियो। तर केही दिनपछि मात्र मित्र केदार गिरी सरको बिदाइ र मेरो पद बहाली हुन पुग्यो। यसरी म विकट जिल्ला ओखलढुङ्गामा शिक्षा क्षेत्रमा आबद्ध हुन पुगेको थिएँ।

### पाँचथरे शैक्षिक सुधार र इन्टिग्रिटी आइकनको लहर

आफू पहिलो पटक जिल्ला शिक्षा अधिकारीको जिम्मेवारी बहन गरेको पाँचथर जिल्लामा त्यतिखेर मित्र ज्ञानमणि नेपालले जिल्ला शिक्षा अधिकारीका रूपमा शैक्षिक सुधारका लागि गरिएका कार्यहरू देशव्यापी चर्चापरिचर्चाको विषय बनेको थियो त्यतिखेर। ज्ञानमणि नेपालले त्यसै वर्ष इन्टिग्रिटी आइकन जितेका थिए। त्यसै मेसोमा एक दिन सीडीओ साब सूर्यबहादुर खत्री, सशस्त्रका डीएसपी साहेब विमल डाँगी र प्रमुख सेनानी हिम्मतबहादुर विष्टलगायत व्यक्तित्वहरूबाट मलाई युवा जिल्ला अधिकारी भएकाले यस जिल्लामा पनि त्यसैगरी शैक्षिक सुधारको अपेक्षा रहेको प्रस्ताव गर्नुभयो। यसबाट शैक्षिक सुधारको मेरो सोचमा थप प्रेरणा मिलेको थियो। एक दिन पूर्वसांसद यज्ञराज सुनुवार पनि जिल्ला शिक्षा कार्यालयमा आइपुग्नुभयो। हुन त सीडीओ कार्यालयमा उहाँसँग भेट यसअघि नै भएको थियो। हाम्रो भेटका बेलामा उहाँले ओखलढुङ्गामा शैक्षिक सुधारका लागि केही अभियान सञ्चालन गर्न पाए हुन्थ्यो भन्ने अपेक्षा राख्नुभयो।

मलाई त्यस्तै प्रोत्साहन र सहयोगी हातहरू चाहिएको थियो। अनि मैले जिल्ला शिक्षा कार्यालयका सहकर्मीहरूसँग शैक्षिक सुधारसम्बन्धी प्रस्तावका साथ कार्यक्रम सञ्चालन गर्ने सरसल्लाह गरेँ। त्यतिखेर शाखा अधिकृत लेखनाथ कार्की, अगुवा स्रोत केन्द्र हेर्ने विनि जयराम अधिकारी, कार्यक्रम अधिकृत हीराबहादुर मगरसहित अनौपचारिक शिक्षा शाखा प्रमुख हरिबहादुर श्रेष्ठलगायतका साथीहरू हुनुहुन्थ्यो। प्रा.स.मा मानबहादुर देवकोटाजी अझ बढी शैक्षिक सुधारका लागि विद्यालय अनुगमन गर्नुपर्छ भन्ने विचार राख्नुहुन्थ्यो। केही समयपछि विनि रामबहादुर तामाङ पनि सरुवा भएर आउनुभयो भने जिशिकाका अन्य साथीहरू सबै यस सुधार अभियानमा प्रतिबद्ध रहनुभयो। फलतः ओखलढुङ्गामा शैक्षिक सुधारको अभियानबाट सफलता हात लाग्यो।

### युवा पत्रकारिता र शैक्षिक सुधारमा साथ

ओखलढुङ्गाजस्तो दुर्गम जिल्लामा बसेर पत्रकारिता गर्ने नेपाल टेलिभिजनका नवराज कार्की, कान्तिपुर दैनिकका ओखलढुङ्गा संवाददाता कुम्भराज राई, स्थानीय एफएमका एसबी जेरो, पूर्णप्रसाद न्यौपाने, प्रकाश श्रेष्ठलगायत मित्रहरूले शैक्षिक क्षेत्रमा सुधारका लागि प्रोत्साहन जति गर्नुहुन्थ्यो त्यसभन्दा बढी स्थानीयदेखि राष्ट्रियस्तरसम्म ओखलढुङ्गामा शैक्षिक सुधारका लागि गरिएका गतिविधिहरूलाई मिडियामा स्पेस दिनुभयो। जसले गर्दा साँच्चै ओखलढुङ्गाको विकटतालाई चिर्दै शैक्षिक सुधारको सन्देश देशभरि प्रवाहित भयो। सायद यो समयक्रमको एउटा मिठो संयोग थियो मेरा लागि, अनि एक जना शिक्षा प्रशासकका लागि केही सुधारका अभियान थालनीका लागि।

### ओखलढुङ्गा बृहत् शैक्षिक सुधार गोष्ठी–सुधारको प्रस्थानबिन्दु

ओखलढुङ्गामा शैक्षिक सुधारका लागि सर्वप्रथम मेरै अगुवाइमा शिक्षक महासंघ, संघ, संगठनका साथी र जिल्ला शिक्षा कार्यालयका सहकर्मी कर्मचारीहरूको सहभागितामा ओखलढुङ्गा शैक्षिक सुधार मार्गचित्र तयार पारियो। त्यही मार्गचित्रउपर सबैबाट प्रतिबद्धता जनाउने कार्य ओखलढुङ्गा बृहत् शैक्षिक सुधार गोष्ठीका दिन गरियो। त्यस दिन स्वस्फूर्त रूपमा नमुना विद्यालय घोषणा गर्न प्रअहरूलाई आह्वान गरियो जसमा देहायका ११ विद्यालयहरू नमुना


ओखलढुङ्गा बृहत शैक्षिक सुधार कार्यशाला २०७० (माघ २५ र २६) का क्रममा

**नमुना विद्यालय घोषणा गर्न प्रतिवद्धता जाहेर गरिएका विद्यालयहरु**

| क्र.सं. | विद्यालयको नाम | प्राचार्य/प्रधानाध्यापकको नाम |
|---|---|---|
| १ | श्री रुम्जाटार उमावि रुम्जाटार, ओखलढुंगा | श्री गोकर्णबहादुर बानिया |
| २ | श्री बरुणेश्वर उमावि रामपुर, बरुणेश्वर, ओखलढुंगा | श्री कुलप्रसाद खतिवडा |
| ३ | श्री कुन्तादर्शन प्रावि ढकालगाउं, कुन्तादेवी, ओ. | श्री यामुलाल ढकाल |
| ४ | श्री ग्रामोन्नति निमावि खाल्टे, गाम्नाङटार, ओ. | श्री हरिशंकर भट्टराई |
| ५ | श्री जाल्पा मावि दियाले, ओखलढुंगा | श्री रुद्रप्रसाद निरौला |
| ६ | श्री सगरमाथा जनता उमावि ओखलढुंगा | श्री सुमन राजभण्डारी |
| ७ | श्री ग्रामोदय युगकवि सिद्धिचरण उमावि गाम्नाङटार, ओखलढुंगा | श्री प्रेमप्रसाद भट्टराई |
| ८ | श्री कालिका प्रावि चुहानछाप, ठूलाछाप, ओखलढुंगा | श्री मोहनकुमार कार्की |
| ९ | श्री ज्ञानप्रकाश उमावि घोराखोरी, फूलबारी, ओ. | श्री काशिराम कार्की |
| १० | श्री पुण्यमाता उमावि बेतिनी, ओखलढुंगा | श्री खडानन्द खतिवडा |
| ११ | श्री विद्याकालिका निमावि, माधवपुर | श्री होमनाथ बाँस्तोला |

२०

विद्यालयका रूपमा स्वघोषित भएका थिए।

यसरी स्वस्फूर्त रूपमा ११ विद्यालयहरू नमुना विद्यालयका रूपमा घोषणा गरिए, यसका लागि प्रधानाध्यापकहरू अग्रसर भए जसबाट शैक्षिक सुधारको नमुना मोडल अवलम्बन गरिन पुग्यो। तत्पश्चात् शैक्षिक सुधारका मार्गचित्र कार्यान्वयनका लागि सहजीकरण, क्षमता विकास वा परामर्श, अनुगमन कार्यको दायित्व जिल्ला शिक्षा कार्यालयको थियो।

## जिल्ला शिक्षा कार्यालय ओखलढुङ्गाबाट थालिएका शैक्षिक सुधारका पहलहरू

जिल्ला शिक्षा कार्यालयबाट विद्यालयहरूको सामूहिक सुपरिवेक्षणको थालनी भयो। जिल्लाभरिका स्रोत केन्द्रमार्फत विद्यालयमा अनुगमन गर्दै परामर्श, सहजीकरण र तालिम प्रदान गर्ने नीति लिइयो। शैक्षिक भेलामार्फत घोषित शैक्षिक सुधार मार्गचित्रको मुख्य पक्ष भनेको हरेक विद्यालयको हरेक शिक्षकको हरेक विद्यार्थीको हरेक विषयको सिकाइ उपलब्धिमा प्रत्येक वर्ष १० प्रतिशतका दरले वृद्धि गरेर विसं. २०७३ मा कम्ती पनि ७५% पुऱ्याउनै पर्ने लक्ष्यकेन्द्रित गरिएको थियो। के विद्यार्थी, के शिक्षक सबैको अर्जुनदृष्टि थियो त केवल विद्यार्थीको सिकाइ उपलब्धि सुधारमा। हरेक दिन/हप्ता विद्यालयहरूको अनुगमन गरिएको थियो, विद्यार्थीको सिकाइ उपलब्धिको अभिलेख मासिक परीक्षामार्फत मापन गर्ने पद्धति थालिएको थियो। त्यस क्रममा वरुणेश्वर मावि रामपुर र सगरमाथा जनता उच्च मावि ओखलढुङ्गाले यो अभियान थालेको एक वर्षभित्र जिल्लामा मात्र नभई पूर्वाञ्चल क्षेत्रमै उत्कृष्टता हासिल गरेका थिए। यो अभियान थालिँदा सगरमाथा जनता माविको एसएलसीको नतिजा १९% र त्यसैगरी वरुणेश्वर माविको पनि १९% कै हाराहारीमा नतिजा रहेको थियो। यसमा जिल्ला शिक्षा कार्यालयको भिजन र विद्यालयका प्रअहरूको मिसन वा नेतृत्व, सक्षमता, लगावले यहाँको शैक्षिक सफलताको

कथा सिर्जना गरेको थियो । नमुना घोषणा गरिएका ११ मध्ये अन्य केही विद्यालयहरूमा पनि सुधार नभएका होइनन् । तथापि यी दुई विद्यालयहरू भने चामत्कारिक सफलता ल्याउन सक्षम भए । यसका मुख्य नायक भने वरुणेश्वर माविका प्रअ कुलप्रसाद खतिवडा र सगरमाथा जनता माविका सुमन राजभण्डारी हुन् । अझ वरुणेश्वर मावि पूर्वाञ्चलकै सर्वोच्च सामुदायिक मावि बन्न सफल भयो । यस विद्यालयले प्रदेश १ हुँदासम्म आफ्नो उत्कृष्टता कायम गरिरह्यो ।

**प्रदेश-१ कै उत्कृष्ठ बरुणेश्वर मावि, ओखलढुंगाका प्रअ कुलप्रसाद खतिवडा**

By बहुभाषिक शिक्षा तथा संचार पाति On १७ आश्विन २०७७, शनिबार २१:१२



२०६९ ओखलढुङ्गा जिल्लाकै शैक्षिक सुधारलाई केन्द्रबिन्दु बनाएर त्यहाँका सबै पेशागत संघसंगठनहरू, जिशिका, राजनीतिक दलहरू, शैक्षिक सरोकारवालाहरुको संयुक्त गोष्ठीले जिल्लाको शैक्षिक सुधारको तीन वर्षे मार्गचित्र निर्माण गरेको थियो। त्यहाँ सबै विद्यालयहरूले नमुना विद्यालय बनाउने प्रतिबद्धता जाहेर गरेका थिए। मैले पनि प्रतिबद्धता जाहेर गरें। अनि, विद्यालय सुधारमा कटिबद्ध भएर दिनरात लागें । प्रतिबद्धता जाहेर गर्ने जिल्लाकै पहिलो प्रधानाध्यापक पनि म नै थिएँ । शैक्षिक, भौतिक र आर्थिक रुपमा नमूना विद्यालय बनाउने मार्गचित्र त्यति बेलै बनाएँ। अनि निरन्तर शैक्षिक अभिवृद्धि का योजनाहरू विद्यालयमा बनाउन थालें र सबैको सहयोगले विद्यालयले प्रगति गर्न थाल्यो। सबैभन्दा ठूलो कुरो, सुधारको चाहना नै रहेछ । चाहना भए बहाना हराउने रहेछ। हामीले संस्थागत विद्यालयका राम्रा अभ्यास, अन्य राम्रा विद्यालयका नमूना कार्यको अध्ययन गरेर लागू गर्न शुरु गर्‍यौं । अभिभावकको साथ र शिक्षक साथीहरुको निरन्तर सहयोग मिल्यो। विद्यालय सुशासनको थालनी गर्‍यौं ।

हुन त ओखलढुङ्गा जिल्ला शिक्षा कार्यालयले शैक्षिक शासकीय व्यवस्थापनतर्फ मापसे शिक्षकहरूलाई कारबाही गरेर शिक्षण पेसालाई उत्तरदायी र जिम्मेवार बनाउने प्रयास भएकै थियो । व्यवस्थापन समितिको बेथिति हटाउन र भौतिक निर्माणलगायत क्षेत्रमा सुशासन कायम गर्ने प्रयत्न पनि सँगसँगै लगिएको थियो । परिणामस्वरूप, जिल्ला शिक्षा कार्यालयका एक जना सब–इन्जिनियरको जागिर नै बर्खास्ती भएको थियो भने केही मापसे शिक्षकले राजीनामा गर्नुपरेको थियो । तथापि शैक्षिक सुधारको नाभी भने विद्यार्थीको सिकाइ उपलब्धिमा बढोत्तरी नै जडी कुरो थियो । तसर्थ, ओखलढुङ्गा शैक्षिक सुधार अभियानले स्थापित गरेको नजिर वा सफलताको मन्त्र भनेको विद्यार्थी सिकाइ उपलब्धि सुधार नै थियो । जुन शैक्षिक सुधारका लागि शाश्वत पक्ष हो र हुनुपर्छ भन्ने साबित हुन पुग्यो ।

## ओखलढुङ्गा जिल्लाको शैक्षिक सुधार अभियानको प्रभाव

भाषा आयोगको मातृभाषा शिक्षा शाखा प्रमुखको हैसियतमा खिजीदेम्बा गाउँपालिकामा मातृभाषा शिक्षाको प्रयोग सम्भाव्यता अध्ययन सकेपछि फर्कने सिलसिलामा माननीय यज्ञराज सुनुवारसँगै गाम्नाङटारस्थित सामुदायिक




माविको वार्षिकोत्सवमा सहभागी हुने अवसर मिल्यो । विद्यालयले शैक्षिक सुधारका लागि ५०% लक्ष्यसहितका विशेष कार्यक्रमहरू घोषित गरेको पाइयो । त्यतिखेर नेता बालकृष्ण ढुंगेललगायत सबैले विद्यालय शिक्षाको सुधारमा जोड दिनुभयो । मन्तव्यकै क्रममा विद्यालयका एक जना शिक्षकले पूर्व जिशिअ डा.लोकबहादुर लोप्चनबाट थालनी भएको विसं.२०७३ मिसन २०७५ कुरा उठान गर्नुभयो र त्यस अभियानले ओखलढुङ्गाको विद्यालय क्षेत्रमा ल्याएको सुधारका तरंग, उमंग र उत्साहको खुलेर चर्चा गर्नुभयो । यसबाट थाहा भयो कि, परिवर्तनका लागि आरम्भ गरिएको कुनै पनि अभियानको दीर्घकालीन प्रभाव कति जीवित र स्मरणीय एवं अनुकरणीय हुँदो रहेछ । संयोग नै मान्नुपर्छ, ओखलढुङ्गाको शैक्षिक सुधारको कार्यसमेतबाट मलाई इन्टिग्रिटी आइकन–२०२१ को सम्मान मिल्यो । जसमा ओखलढुङ्गामा लक्ष्य तोकेरै सुधारका लागि पहल गरिएको र त्यसले नतिजासमेत प्राप्त भई असल र सफल अभ्यास भएको उल्लेख छ ।

**निष्कर्षमा,**

नेपालको विद्यालय शिक्षाको व्यवस्थापनको जिम्मेवारी संघीय व्यवस्थापनसँगै स्थानीय तहको मातहतमा गएको छ । हालसम्मको अभ्यास र अनुभवमा हेर्दा स्थानीय सरकारबाट विद्यालय शिक्षाका लागि शिक्षक व्यवस्थापन, स्रोतको उपलब्धता, अनुगमनको सामीप्यता र पेसागत उत्तरदायित्व अभिवृद्धि भएको पाइन्छ । तथापि स्थानीय तहको शिक्षाको संरचना, जनशक्तिगत क्षमता, शिक्षकको पेसागत सुरक्षा, आत्मसम्मान, गुणस्तरीय शिक्षा, समकक्षता आदि सवालहरू अनुत्तरित छन् । संघीयतापछि शिक्षा क्षेत्र विश्लेषण (२०२१) का अनुसार त शिक्षको पेसागत विकास र सहायताको श्रृंखला नै टुटेको निचोड निकालेको छ । तसर्थ, शिक्षाजस्तो असाध्यै संवेदनशील क्षेत्रलाई संघ, प्रदेश र स्थानीय तहबाट उपयुक्त संरचना र जनशक्तिको व्यवस्था, समन्वय र सहकार्य, शिक्षको पेसागत विकास र सहायताको सुनिश्चितता, उत्तरदायी शैक्षिक पद्धतिसहित शैक्षिक सुशासन कायम गर्नु आजको आवश्यकता हो ।

# शिक्षामा सुधार

**ज्ञानप्रसाद भट्टराई**

शिक्षाको सुरुवात घरको पिँढीबाट भयो। शिक्षा घरको पिँढीबाट सुरु भएर गुरूकुल, धार्मिक संस्था ( देवालय,चैत्य–गुम्बा,मस्जिद) हुँदै पाठशाला, विद्यालय र बोर्डिङ भन्ने नामसम्म आइपुग्यो। शिक्षा प्रदायक संस्थाका रूप फरक भए। शिक्षाको सार र दर्शनमा फरक भयो। शिक्षा धार्मिक, भाषा, विज्ञान, व्यावसायिक, प्राविधिक हुँदै एआईसम्म आइपुग्यो।

गुरूबाट हामी शिक्षक बन्यौं। शिक्षकबाट सर हुँदै एआई शिक्षकसम्म। सर शब्दको प्रयोगले गुरूको गरिमा स्खलित भयो। प्राचीन कालमा ऋषिहरू नै गुरू थिए। उनीहरूमा तप, ध्यान, योगसाधना थियो। जीवनबाट शक्ति निकाल्थे। शिष्यलाई दीक्षा दिन्थे। बिसे नगर्चीबाट पृथ्वीनारायण शाहले दीक्षा लिएको प्रसंग इतिहासमा छ। गुरु, दीक्षा प्रदान गरेबापत् दक्षिणा लिन्थे। अर्जुनले गुरूदक्षिणा स्वरूप पाञ्चालराज द्रुपदलाई युद्धमा हराई गुरु द्रोणाचार्यसमक्ष बुझाए। एकलव्यले आफ्ना औंला चढाए। गुरुभक्ति दर्साए। द्रोणाचार्यसँग सञ्जिवनी शिक्षा

थियो। कृष्णले अर्जुनलाई राजनीतिका बारेमा दीक्षा दिए। धर्म, अर्थ,काम र मोक्ष नै धार्मिक शिक्षाको मूल उद्देश्य थियो। गुरुआश्रम दीक्षा दिने केन्द्र थिए।

आधुनिक शिक्षाको नाममा अंग्रेजी भाषा भित्रियो। भाषा मात्र भित्रिएन साथमा अंग्रेजी ज्ञान र संस्कृति पनि भित्रियो। यसले स्थानीय ज्ञान र सीपलाई मार्‍यो। भाषा पाठशाला बन्द भए। यसको माली सरकार स्वयं बन्यो। शिक्षा औपचारिक बन्यो। शिक्षामा विदेशी नक्कल हुन थाल्यो। देशको माटो नचिन्ने। सबै शिक्षित तर सिर्जना र सीपविहीन। अघोषित औपनिवेशिक शिक्षाको सुरुवात भयो। अव्यावहारिक शिक्षा। सरकारी कारिन्दा उत्पादन गर्ने शिक्षा। शिक्षा दिने शिक्षक भए। सिर्जना नभएका। शिक्षण पेसा बन्यो। शिक्षक किताबी ज्ञान हस्तान्तरण गर्ने शैक्षिक सामग्री। शिक्षा ज्ञान हस्तान्तरण गर्ने साधन। सूचना प्रवाहको माध्यम। शिक्षा भूतवादी। सूचना दिने। कर्मकाण्डी।

शिक्षामा पचासको दशकमा भौतिकवादी अतिवादले प्रश्रय पायो। संस्कृत शिक्षा हटाइयो। शिक्षाको मर्म कोमामा पुग्यो। आत्मा र परमात्माको सम्बन्ध अन्धविश्वास भयो। शिक्षा अपाङ्गजस्तो। विवेकहीन। संस्काररहित। लगामबिनाको घोडाजस्तै। शिक्षाको गुणस्तर पनि संख्यामा मापन हुन थाल्यो। विद्यालय तहदेखि उच्च शिक्षासम्मका परीक्षालाई सरलीकृत गर्न सुरु भयो। उत्तीर्णाङ्कको अंक घट्यो। प्रयोगात्मक अंक बढ्यो। पाठ्यक्रम साँधुरिए। शिक्षामा विकृतिको बीजारोपण सुरु भयो। हाम्रो शिक्षामा मेकाले शिक्षा प्रणालीको छनक देखिन थाल्यो।

शिक्षाको सुधारमा आशालाग्दो समय पनि थियो। शिक्षामा राम्रा नीति पनि बनेका थिए। राम्रा योजना र कार्यक्रम आएका थिए। प्राथमिक भाषा पाठशाला, आधार शिक्षा, व्यावसायिक बहुउद्देश्यीय माध्यमिक शिक्षा, व्यावसायिक शिक्षा, प्राविधिक शिक्षा र संस्कृत शिक्षा र समवायी शिक्षा पनि देशमा लागू भए। राम्रा शिक्षा नीतिहरू बने पनि कार्यान्वयन हुन सकेनन्। नीति कोमामा पुगे। राष्ट्रिय शिक्षा पद्धति योजनाले शिक्षामा परिवर्तनको खाका कोर्‍यो। तर यसै योजनाको पूर्णावधि मूल्यांकन (२०३६) ले शिक्षाको उत्पादनमूलक लक्ष्यलाई संशोधन गरी श्रमप्रति आस्था लगाउने लक्ष्य लियो। सरकारले २०३० को दशकमा शिक्षामा निजी क्षेत्रको लगानीलाई खुल्ला गर्‍यो। शिक्षामा

व्यवसायीकरण सुरु भयो । बुर्जुवा वर्गका लागि छुट्टै शिक्षा । कम्पनीका रूपमा । शिक्षामा खरिदबिक्री सुरु भयो । वस्तुको मोलमोलाइजस्तै । वस्तुहरूको किनबेचसरह । ८० को दशकसम्म आइपुग्दा निजी विद्यालयको व्यवस्थान चुनौती बन्दै गयो । 'नखाउँ त दिनभरिको सिकार, खाउँ भने कान्छा बाउको अनुहार' भन्ने उखानजस्तै भएको छ । संविधानले विद्यालय शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गऱ्यो । स्थानीय तहलाई सञ्चालनको जिम्मेवारी दियो । संविधानले समाजवादको परिकल्पना गऱ्यो । राजनीतिक नेतृत्व भने प्लुटोक्रेसीको आत्मरतिमा रमायो । संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्नतर्फ प्रतिबद्ध देखिएन । भोटको जोडघटाउन लागेको छ । एउटा वर्ग पोस्न । यसको प्रत्यक्ष उदाहरण भनेको शिक्षा विधेयक २०८० नै हो । प्रस्तावित शिक्षा विधेयकसमेत संवैधानिक व्यवस्थाको पूर्ण कार्यान्वयनको जगका रूपमा आउन नसक्नु हो । न अबको शिक्षा कस्तो हुने भन्ने खाका नै कोर्न सकेको छ । यो शिक्षक विधेयकजस्तो छ । विधेयक कानुन बने पनि उही तदर्थवादी सोच बोकेर आउनेछ । कर्मकाण्डी बनेर । प्रस्तावित विधेयक हेर्दा राजनीतिक दलको समाजवादी दर्शनको खिल्ली

उडेको छ । दलले शिक्षासम्बन्धी गरेका घोषणा हात्तीका बाहिरी देखाउने दाँतजस्तै भएका छन् । निजी विद्यालय धनको व्यापार गर्ने थलो बन्दै छ । मलजल गर्ने सरकार । सरकारी उच्च ओहोदाका कर्मचारी र नेताको सुरक्षित लगानीको क्षेत्र भयो शिक्षा । सामुदायिक शिक्षा ओझेलमा पऱ्यो । गरिखानेहरूका लागि मात्र । अहिले सामुदायिक विद्यालयमा समस्याका चाङ लागेका छन् । वर्षौंदेखिको फोहोर । केही स्थानीय तहले फोहोर सफा गर्ने जमर्को भने गरेका छन् । विद्यालय राजनीति गर्ने उर्वरभूमि बन्यो । शिक्षा सम्हाल्नै नसक्ने गरी ओरालो लाग्दै छ । शिक्षाप्रति जनविश्वास घट्दो छ । यसको मुख्य कारण शिक्षामा भएको राजनीतीकरण नै हो । दललाई राम्रोभन्दा हाम्रो विद्यालय व्यवस्थापन समिति चाहियो । राम्राभन्दा हाम्रा शिक्षक चाहिए । गरिखाने शिक्षा नै भएन । शिक्षाले मानवीय पुँजी निर्माण गर्न सकेन । सन्दुक रुइत र महावीर पुन जन्माउने शिक्षा चाहियो । काण्डैकाण्डका मतियार जन्माउने शिक्षा देशले खोजेको होइन ।

प्रजातन्त्रको पुनर्वहालीपश्चात् सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कँदै गयो । शिक्षक पार्टीका कार्यकर्ता बने । दलगत संघ र संगठन खुले । शिक्षक दलका पहरेदार बने । दलप्रति उत्तरदायी । शिक्षक वास्तवमा लोकतन्त्रका पहरेदार बन्न सकेनन् । शिक्षकले समेत शिक्षामा थिति बसाल्न चासो दिएनन् । बरू धमिलो पानीमा माछा मार्नपट्टि लागे । शिक्षकको साख गिऱ्यो । इमानदार शिक्षक राजनीतिको सिकार बने ।

शिक्षक शिक्षा दिने व्यक्ति । ऊ समाजको पथप्रदर्शक । तर तदर्थवादको बुई चढेर आएको अस्पष्ट शिक्षा नीतिका कारण कैयौँ शिक्षकको जीवनमा अपूरणीय क्षति पुगेको छ । विद्यार्थीले अपूरणीय शैक्षिक क्षति बेहोरेका छन् । यसको मुख्य कारण भनेको राजनीतिको फोहोरी खेल नै हो । राजनीतिमा थिति नबसुन्जेल शिक्षामा थिति बस्न सक्दैन । शिक्षाले व्यक्तिका न्यूनतम गाँस, बास र कपासका आधारभूत आवश्यकता पूरा गर्नुपर्छ । बेराजगार उत्पादन गर्ने शिक्षा अबको शिक्षा होइन । शिक्षालाई सीपसँग जोड्नु आजको आवश्यकता हो ।

# अन्तरमनको कथा

**मञ्जु पौडेल**
शिक्षक
चण्डेश्वरी मावि, रगनी

नेपथ्यमा अमूर्त आवाज आइरहेको थियो । त्यो आवाजसँग म परिचित थिइनँ तर पनि आफूलाई बिछयौनाबाट उठाउने निरर्थक प्रयत्न गरिरहेको थिएँ । सायद ! अकस्मात मेरा नजर भित्तामा नतमस्तक भएर झुन्डिरहेको भित्तेघडीमा पुग्यो । मेरो आँखाका ढकनी एकअर्कालाई स्पर्श गरिरहेको बेला निकै बल लगाएर मेरा आँखाले कमजोरी प्रदर्शन गरेको मैले महसुस गरिरहेको थिएँ । आफू समालिँदै बिछयौनाबाट अमूर्त आवाजलाई मूर्तताको छनक दिन मेरा कान बाहिरी सुनसान वातावरणमा रुमलिँदै थिए । जब मन ! भन्ने शब्द मेरो कानमा पस्यो, अकस्मात् मेरा गोडाले जमिन कामिरहेको आभास गरिरहेका थिए । एक अर्थले मेरो मनको हंश उड्यो तर पनि निडर मानसिकता बोकेर रातको १२:३० बजे मैले अनायस ढोका खोल्न लाग्दा मेरो मानसपटलले मलाई बिछयौनामा फर्कन प्रेरित गर्दै थियो । तर त्यही दोसाँधमा तनले झटारिएर ठेला नागिसकेको थियो । मैले चिच्याटका साथ मुख खोलें– को हो हँ...। तर मेरो जवाफ दिने त्यहाँ कोही थिएन । केवल जुनेली रातमा चैत्रको गृष्म रात्रिकालीन हावामा मलाई तमासा देखाउन हल्लिरहेका थिए रूखहरू । अब ममा बेचैन सुरु भयो । केही समय त बाहिर जबरजस्ती व्यतीत गरें । मुटुले बज्र हानिरहेको थियो । बिछयौना मेरो अभावले छट्पटाइरहेको थियो । बाहिर कसैको भौतिक शरीरलाई नजरअन्दाज गर्न नसकेपछि म विस्तारै कोठाभित्र छिरें । अनि मैले सम्झें– मनुष्य हुनुको भाव । समय जबरजस्ती बित्दै गयो । समयलाई बशमा राख्ने प्रयत्न आजसम्म निरर्थक साबित हुँदै गयो सायद, मेरो अनजानको फाइदा उठाइरह्यो समयले । बाबु ! शब्द आजसम्म मेरो मस्तिष्कमा कैद भइनै रह्यो । कहिलेकाहीँ ठीक त्यसै समयको आसपास यदि ब्युझें भने मलाई लाग्छ– कसैले 'बाबु' सम्बोधनले बाहिर बोलाइरहेछ । प्रयत्न गर्छु निदाउने तर निर्दोष भनूँ या नभनूँ, आजसम्म त्यो अप्राप्य ध्वनिले मलाई पिरोलिरहेछ– जिन्दगी यदाकदा त्यही आवाजमा झुलिरहेछ । ३२ वसन्त पार गर्न लाग्दा विगतका आरोह–अवरोहलाई सम्झन्छु स्पर्श गर्न खोज्छु तर विगत विगत नै हो भनेर मनले मलाई लछार्न खोज्छ ।

अनि म लट्पटिन्छु भ्रान्तिमा । जाबो त्यस रातको अमूर्त आवाजले मलाई यो कमजोर मानसिकताको संघारमा पुऱ्याउँछ भने त्यस्ता हजारौं शब्दलाई मैले त्यसैगरी झोलारूपी दिमागमा स्थान दिएँ भने कारागारमा कठोर यातना सहेर बसेको कैदीजस्तो हुन सक्छ मेरो जिन्दगी । म बारम्बार कल्पना गर्छु अनि मनबाट हटाउने प्रयत्न गर्छु– कालो धन्दा भनौं या निश्छल र निष्कपट मधुर आवाज...। म झस्किन्छु अनि आफैंलाई थमथम्याउँछु । धेरै पहिले तनमा चिप्लिएको तेलको तुर्को । मलाई पर्दा पछाडिबाट चिच्याइरहेछ ! बारम्बार सताइरहेछ !

# स्वर्गबाट पुत्रलाई पिताको चिठी

**चित्रकुमार पौडेल**
प्रधानाध्यापक: चण्डेश्वरी मावि रगनी

प्यारो छोरा
शुभ आशीर्वाद । म यहाँ आएको धेरै वर्ष दुःखपीडामा झेलिए पनि तेरी आमा आएपछि सुख तथा आनन्दका साथ यहाँ रहेको छु । तँलगायत तेरो परिवार र छिमेकी सबैलाई आराम रहोस्, त्यही कामना गर्दछु । तैंले आजसम्म हाम्रो सम्झनामा तर्पण, पानी र पिण्ड दिइरहेकाले हामी तँसँग खुसी छौं । यहाँ म आएपछि त्यो रगनी गाउँको हालखबर लिएर धेरै आए तर म धेरैलाई चिन्दिनँ र सोध्न पनि गाह्रो हुन्छ । केही वर्ष अगाडि प्रेमराज पाध्य, दुर्गाहरि पण्डित र चन्द्रबहादुर मुखियासँग भेट भएको थियो । उहाँहरूले गाउँका बारेमा धेरै कुरा बताउनुभयो । गाउँमा जनसंख्या धेरै बढेको, हाई स्कुल खोलेर पठनपाठन सुरु गरेको, केहीले त म्याट्रिक पास गरेर मास्टरसमेत भइसकेको बताउनुभयो । अनि भन्नुभयो– तेरो छोराले पनि बुहारी ल्यायो, मास्टर भयो, जग्गाजमिन पनि धेरै जोड्यो, गाउँमा सामाजिक काममा पनि लागेको छ, अत्यन्त व्यस्त छ भनेर सुनाउँदा धेरै खुसी लाग्यो । गाउँका स्कुलमा पढेर त मास्टर भएको अरू गाउँका मानिसले जागिर खाएको, जग्गा जमिन जोडेर पाखा जग्गालाई खेती गर्ने बनाएर धेरै पौरख गरेर सुखी जीवनयापन गरेको सुन्दा धेरै खुसी लाग्यो । खुसीले मैले उहाँहरूलाई स्कुल खोल्दाको समयको दुःखका बारेमा पनि सोधें । उहाँहरूले यहाँ आएका हरिबहादुर, चूडामणिलगायतका कुरा पनि गर्नुभयो । धेरै मानिसहरूले आर्थिक सहयोग गरेका रे । सबै पढ्ने स्कुलेका बाबुआमासँग अन्न उठाएर स्कुल चलाएका रे । त्यस वखतको उहाँहरूका कुरा सुन्दा मेरो आँखाबाट आँसु झऱ्यो ।

त्यहाँ त एउटा पाठशाला थियो । तँलाई त्यही पाठशालामा भर्नासम्म गर्न भ्याएँ, त्यसपछि मलाई यहाँबाट निम्तो गइहाल्यो । म यता आएँ, तेरी आमाले तँलाई दुःखजिलो गरेर म्याट्रिक र आईए, बीए के पढाएँ भन्थी । तैंले पनि धेरै दुःख गरिस् र जग्गाजमिन जोडिस् रे । आमालाई पनि सुख दिइस् रे तर तेरो बिहे गरिदिएपछि तैंले आमालाई गर्ने आदर सम्मान र मनमा मानमा कमी भएको कुरा बताई । त्यसपछि उसलाई मैले मसँगै आइज भनी यतै डाकें । उसले पनि सबै गाउँका कुरा बताई । खानेलाउने बस्ने तथा अन्य विकासे कुरामा सुधार भएछ, खुसी लाग्यो तिमीहरूको खुसी सुन्दा म धेरै खुसी भएँ । मैले मेरो बुताले खानलाउन राम्रो दिन सकिनँ, पछुतो लागेको छ । अस्ति भर्खर मात्र रिफेल कान्छा र चौर कान्छासँग भेट भएको थियो । उनीहरूको पनि यहाँ राम्रो व्यवस्था भएछ । उनीहरूको भनाइबाट मेरो मन अत्यन्त चस्केको छ । चउर कान्छाका छोरा जेठालगायत लालप्रसाद, किरणको अरूले पनि धेरै नामहरू चउर कान्छाले भनेका थिए । उनीहरू मिलेर क्याम्पस के १५–१६ पढाइ हुने खोलेका छन् रे । स्कुल घर पनि राम्रो छ रे । पढाइ पनि अंग्रेजीको धेरै हुन्छ रे भन्ने सुनें । चउर कान्छाका छोरा त गाउँका प्रमुख पनि भए रे तर गाउँका ठिटाठिटीहरू त्यहाँ बस्न चाहेनन् र सहरतर्फ लागे र उनीहरूका सन्तान पनि उनीहरूसँगै लगे रे । बुढाबुढीलाई मात्र त्यहाँ छाडे रे । उनीहरू काम गर्न नसक्ने भएका छन् रे । बारी जग्गा धेरैजसो बाँझो बनाएका छन् रे । जंगल बढेको छ र जंगली जन्तुको बिगबिगी छ रे । स्कुल पढ्ने केटाकेटी कम छन् रे । क्याम्पस भर्ना हुने, भर्ना भएर सहर तथा खाडीतर्फ लागेका छन् रे । गाउँ शून्य छ रे भन्ने सुन्दा अत्यन्त दुःख लागेको छ । तेरा पनि छोराछोरी सहर लागे रे । तैले पनि छोरा छोरी त्यहाँ थेग्न सकिनछस् र दुई बुढाबुढी मात्र छौ रे । अब छोरा तँ ती मेरा नाति नातिनालाई गाउँमा बोला उनीहरूलाई आफ्ना सन्तान गाउँमै राख्ने, अध्ययन गर्ने कुरामा प्रोत्साहन गर्, तँ पनि बाँचुन्जेल गाउँको सेवा गर् । तँलाई त्यसैमा भलाइ छ ।
उही बाबु ...।

# गोठालो

**कमलादेवी भट्टराई**
खिजीदेम्बा–२, रगनी

पहाडमा आफ्नो ठूलो साम्राज्य खडा गरी बसेका थिए–कर्णध्वज मुखिया। सबैभन्दा अलिक मोटाघाटो भएकाले होला ठूलाबाजेको उपनाम पाएका थिए। पहाडमा बस्दा सबैको भन्दा धेरै मकै–कोदो फलाउँथे। उक्त अन्न उहाँका रैतीहरूले अनिकालमा पेट पाल्न पच्चिसा लैजान्थे। पच्चिसा दिँदा तमसुक गरी पाँच पाथी बराबर २ वटा ठेकी खेताला र मंसिरमा बाली भित्र्याएपछि अनिकालमा लिएको अन्न, त्यसको पच्चिसा (२५% ) गरी बुझ्ने गर्थे। यसबाट आफ्नो बारीमा उब्जाएको भन्दा बढी भकारीमा अन्न थुप्रन थाल्यो। उनी झन्झन् महाजनमा गनिन्छु भन्न थाले। उहाँको घरमा हरुवा–चरुवासमेत पालिएका थिए। तीबाहेक वार्षिक १०/१० पाथी धानमा दैनिक बिहान बेलुका भाँडा माझ्ने र भैंसीको गोबर सोहोर्ने काममा समेत मानिस राखिएका थिए। रोपाइँका बखत उहाँको रोपाइँ नसकीकन अरूको मेलापात जान कुनै पनि रैतीलाई छुट थिएन। यदि कुनै रैतीले ठूलाबाजेको हुकुम उल्लंघन गरेमा कि कुटाइ खानुपर्ने हो कि समाजबाट बहिष्कारको पीडा भोग्नुपर्थ्यो। जेहोस् गाउँमा राम्रै रबाफ जमाएका थिए। जब सशस्त्र द्वन्द्वको छिटा गाउँमा पर्न थाल्यो। ठूलाबाजेको साम्राज्य धर्मराउन थाल्यो। अब गाउँलेले टेर्दैनन् भन्ने सोचेर हो वा सुविधायुक्त ठाउँको खोजीमा हो ? सपरिवार मधेश झरे। त्यसपछि बाउबाजेले उहिल्यै झोडा फाँडेर हडपेको पटाङ्गिनी खेतीयोग्य जमिनमा विशाल घर बनाएर पहाडका ठूलाबाजे तराई झरेर ठूलाघरे बा उपनामले चिनिए पनि उनको चित्त भने माखाको पित्त जत्तिकै विशाल थियो। पहाडबाट ल्याएको र तराईमा हडपेको गरी अथाह सम्पत्तिका मालिक भए पनि लोभ गर्ने मामिलामा भने माहिरै थिए। झट्ट हेर्दा भलाद्मी नदेखिए पनि मधेशको दसौं बिघा जमिनका मालिक भएकाले आफूलाई घरानियाँ भनाउन रुचाउँथे।

पहाडका ठूलाबाजे मधेश झरेर ठूलाघरे बा नामले कहलिएका कर्णध्वज गरिब दुःखीलाई ऋण पच्चिसा दिन्थे र तिर्न नसके जग्गाजमिन हडप्ने र जग्गाजमिनले नधान्ने भए गोठालो बनाउन पनि पछि पर्दैनथे। दुई छाक खानाको भरमा वर्षौंसम्म गोठालो बसेर घाँस काट्ने, भकारो सोर्ने र जमिन जोत्ने गर्दासमेत ऋण कहिल्यै तिरिसकिँदैनथ्यो। जुनसुकै विषय र क्षेत्रमा समेत आफू मात्रै जानकार बाँकी सबै बुद्धु भएको अहंकार गर्थे। उनले जीवनमा कहिल्यै हँसिया खेलाउन, भैंसी दुहुन, भकारो सोहोर्न र हलोको अनौं समात्नसमेत नजाने पनि खेताला, गोठाला मात्र हैन वरिपरि छरछिमेकहरूको समेत कान पाकुन्जेल फलाकेर सिकाइरहन्थे। छरछिमेक र खेताला गोठालाहरू रिसले मुर्मुरिए पनि विचरा ऋणको भारले मुखमा पट्टी लागेको थियो। ती गोठाला हरुवाचरुवामध्ये केही इमानदारीपूर्वक आफ्नो काम गर्थे तर धुम्मे, चंखे र गिरे भने कामले भन्दा मुखले मालिकलाई रिझाएका थिए। उनीहरू ठगीठगी आफ्नो दुनो सोझ्याए भने रामे, श्यामे र हर्केजस्ता छलछाम गर्न नजानेका हली, गोठालाहरू भने मन लगाएर काममा ध्यान दिन्थे। मनका सफा उनीहरू मालिकको नचाहिँदो स्तुति गाउँदैनथे।

जतिसुकै इमानदारीपूर्वक काम गरे पनि आफ्नो ऋण कहिल्यै नसकिएको र कामको जस पनि नपाएकाले दिक्क भएर एक दिन श्यामेले प्याच्च मुख खोल्यो–“जाबो बीसवटा हजारमा पाँच वर्ष घाँस काट्ने र भकारो सोहोर्ने मात्र हैन, हलोसमेत जोतिसकें। अब मेरो ऋण कहिले चुक्ता हुन्छ हजुर ?’’ अप्रत्याशित रूपमा गोठालोले त्यसरी मुख फोरेपछि रिसले चुर भएका ठूलाघरे बाले उल्टै खाएको, बसेको हिसाब गरी सबै पैसा जोडेर अब पाँच वर्ष गोठालो बसेपछि

मात्र ऋण चुक्ता हुने भन्दै मनमनै मुर्मुरिर भने, "होइन यी गधाहरूलाई दया त गर्नै नहुने, ह न मसँग पो मुख फर्काउँदो रैछ पिलन्धरे भतुवा" त्यसपछि ठूलाघरे बा धुम्मेले ल्याएको हुक्का तान्न थाले। आफ्नो गोठालो साथीको त्यो हबिगत देखेपछि अरू हरुवाचरुवाहरू मुखमा बुजो लगाएर काम गर्न बाध्य भए।

बिचरा, त्यो श्यामे के गरौं र कसो गरौं को बिलखबन्दमा पऱ्यो। काम छोडेर जाऊँ, घर खेत लेखेर ल्याप्चे हानेको छ, परिवारको पाटीको बास होला। काम गरेर बसौं, गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु भनेजस्तै भाछ। त्यसपछि ऊ त्यही विवशताको दलदलमा फस्न बाध्य भयो। बिचरो न त मालिकको नजरमा राम्रो मानियो न त उसले कामको उचित दाम नै पायो।

धन्यवाद।

# के जमना आयो

**सुरेन्द्रबहादुर साउद**
उपप्राध्यापक
रगनी चण्डेश्वरी क्याम्पस

लेख्न पढ्न केही नजान्ने ठूला बनि हिँड्ने
काम नजान्ने कुरा जान्ने के जमना आयो।
अघि बढ्नुका खुट्टा तान्ने, आफू राम्रो बन्ने
काम नजान्ने खुट्टा तान्ने के जमना आयो।

कामभन्दा पढ्न थाल्ने, खाली हुँदा मोबाइल हेर्ने
पास हुन चिट चोर्ने के जमना आयो।
घरमा बस्ने, बजार घुम्ने, स्कुलको मुख नदेख्ने
शिक्षकले नै चिट चोराउने के जमना आयो।

खोज्ने बेला राम्रो खोज्ने बोल्न जान्दैन भन्ने
ल्याप्चे लाउने नेता छान्ने के जमना आयो।
जुँडी जनै बेची खाए बाहुनका छोराले पनि
जाँड खाई देवता मान्ने के जमना आयो।

आफ्नो घरको केही नजान्ने बाहिर ठूलो बन्ने
विदेश गई ठूलो हुने के जमना आयो।
जीउ बेची जीवन जिउने के जमना आयो।
काम नजान्ने कुरा जान्ने के जमना आयो।

# म शिक्षक

**सन्तबहादुर मगर**
उपप्राध्यापक
रगनी चण्डेश्वरी क्याम्पस

विद्यार्थी सबैलाई छोराछोरी ठानें
ज्ञान दिन यिनलाई म शिक्षक बनें
घर बनाउन छाडी विद्यालय बनाएँ
कलम चलाएँ र म शिक्षक बनें

न धन कमाएँ न मन कमाएँ
तर ज्ञान कमाएँ र म शिक्षक बनें
अज्ञानी मानिसलाई सही बाटो देखाएँ
अन्धकारलाई हटाउन म शिक्षक बनें

मुख, गला सुकाई दिनभरि कराएँ
ज्ञानको ज्योति दिन भनी म शिक्षक बनें
मोजमस्ती रमाइलो आदर्शमा खुम्चाएँ
राज्यको हेला हुँदा पनि म शिक्षक बनें।

# गजल

**साधना पौडेल**
रगनी–१ ओखलढुङ्गा
हाल– काठमाडौं

अरू भन्दिनँ म दुःखसुख एकनास भैदिए
बाआमाको मायाझैं तिम्रो बाह्रैमास भैदिए

आफूभन्दा सानालाई माया–ममता देऊ बरू
मनमस्तिष्कमा सधैंजसो यही आस भैदिए

एक–दुई दिन पछि लागेर दुनियाँ हर्कत गर्लान्
रीत हो आउने–जानेहरू एकतमास भैदिए

मेरा दुःख उसले सुन्छ उसको दुःख म सुन्छु
हरेक साँझजस्तै यो मनहरू बतास भैदिए

# देम्बा डाँडाको सेरोफेरो

**नेत्रादेवी दाहाल (घिमिरे)**
शिक्षक
श्री फूलमती माध्यमिक विद्यालय खिजीफलाटे

आहा कति सुन्दर रैछ देम्बा डाँडा हजुर ।
टाढैबाट हेर्दाखेरि मन्दिरझैं गजुर ।।
देम्बाको त्यो कन्दरामा लालीगुराँस फुल्छ ।
त्यो फूललाई देखेपछि यो मन त्यसै भुल्छ ।।

गलैंचाझैं भसभस भुइँमा बस्दाखेरि ।
अघाउँदैनन् मेरा नयन देम्बा डाँडा हेरी ।।
लिखुको त्यो सुसेलीले देम्बालाई बोलाउँछ ।
चौंरीले नि स्वागत गर्दै पुच्छर डोलाउँछ ।।

बुकी फूलको बासनाले वनै मगमग ।
नौ रंगी त्यो डाँफे नाच्दा देम्बा जगमग ।।
देम्बाको त्यो काखमा छ संस्कृतिको खानी ।
सबको मुखमा गुन्जिरहन्छ ओम माने प्यामे ।।

मनै शान्त बनाउने स्याब्रु नाच शेर्पाको ।
तामाङ सेलो लोकप्रिय सबैको मन खाको ।
सुनुवारको चण्डी नाचले मन जमजमाई ।
धेरै जाति धेरै भाषा नाचौंला रमाई ।

पोकलीको छङछङ छाँगो गौरी वनको सुस्केराले ।
देम्बा सधैं मुस्कुराउँछिन् यही माटोको उकेराले ।।
मनैदेखि जमजमाउँदै टाकुरीमा पाउँदा उभिन ।
पुग्छन् अंगअंगमा चिसो हावा चुमिन ।।

घुम्टो ओढी बादलुको देम्बा हाँस्दा कति मिठो ।
जाऊँ है हेर्न आऊ है चाँडो देम्बा भेट्न छिटोछिटो ।।

# रहर त सहरको छ

**उमाकान्त जोशी**

थोत्रो भयो बदल्नु छ, छानो, जुन् खरको छ
गरिबी र अभावको, समस्या झन् अर्को छ ।।

सीप–तालिम–योग्यताको, प्रमाणपत्र थुप्रो भा'छ
तर राम्रो जागिर छैन, चिन्ता भएभरको छ ।।

व्यापार गरें घाटा लाग्यो, कृषि गरें बजार पाइनँ
जागिर खोज्न धाउँदा–धाउँदा, हैरानी नै चर्को छ ।।

'छिमेकीले कति छिटै, धनसम्पत्ति कमाइसके'
बा–आमा र श्रीमतीको, सधैं झर्को र फर्को छ ।।

परिवारसँग टाढा भई, बिदेसिन को चाहन्छ ?
आफूलाई नि मनभरि, रहर त सहरको छ ।।

# बाबा–आमा

**सरस्वती पौडेल**
रगनी–१, ओखलढुङ्गा

बाबाआमाको मायाले हाम्रो जीवन फूलसरी फुल्दछ।
उहाहरूकै निःस्वार्थ ममता पहिचान बनी खुल्दछ
सन्तानको खुसी रहरहरूलाई मनमा सजाउनुहुन्छ।
जस्तोसुकै दुःख आइपरे पनि बाबाआमा रमाउनुहुन्छ।

आफ्ना हर इच्छा मारी सन्तानकै खुसी खोज्ने
हजुरहरूलाई नै मैले जिउँदो भगवान् मानी पुज्ने।
जीवन झरी बनी रुझाउँदा हजुरहरूको छाता बन्नेछु
बाबाआमाको एक–एक थोपा पसिनाको मूल्य म बुझ्नेछु।

सन्तालाई खुसी राख्छु भनी हिँड्नुहुन्छ भौंतारी
थकाइ लाग्दा बन्नेछु हजुरहरूको म चौतारी।
सन्तानलाई देखेपछि हजुरहरूको थकान मेटिन्छ
सुख–शान्ति हर खुसी हजुरहरूकै साथमा भेटिन्छ।

खुसी हुन्छु बाबाआमाको साथमा म तेसै
हजुरहरूको ओठमा मुस्कान नल्याई हार मान्दिनँ म यसै
घाँस–दाउरा बोक्न जानुपर्छ सधैं भीर
मेरो कारण झुक्न दिनेछैन हजुरहरूको शिर।

# रगनी चण्डेश्वरी क्याम्पसको
# वार्षिक प्रगति प्रतिवेदन २०८०/८१

Executive Summary

### १.१ क्याम्पसको छोटो परिचय ( Short Introduction of Campus )

नेपालको कोशी प्रदेशअन्तर्गत ओखलढुङ्गा जिल्ला खिजीदेम्बा गाउँपालिका वडा नं. २ रगनी पोल्थलीमा २०७० सालमा स्थापित रगनी चण्डेश्वरी क्याम्पस स्थापना र सञ्चालन गर्न श्री चण्डेश्वरी उमावि रगनी, तत्कालीन रगनी गाविस रगनी गाविसभित्रका सक्रिय राजनैतिक दलहरूको साथै बुद्धिजीवी, शिक्षाप्रेमी, शिक्षक, अभिभावक, समाजसेवी, स्थानीय सरोकारवालाहरूको विशेष उल्लेखनीय भूमिका रहेको थियो । विसं. २०६७/६८ सालमा तत्कालीन शिक्षकहरू तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई यस क्याम्पसका सूत्रधारका रूपमा लिन सकिन्छ । क्याम्पस स्थापनाका लागि लाग्ने सम्पूर्ण आर्थिक, भौतिक, शैक्षिक सामग्री, शैक्षिक जनशक्ति उपलब्ध गराउने श्री चण्डेश्वरी उमावि रगनीकै भौतिक पूर्वाधारमा नै हालसम यो रगनी चण्डेश्वरी क्याम्पस सञ्चालन भइरहेको छ । श्री चण्डेश्वरी उमावि रगनी (हाल चण्डेश्वरी मावि) ले यस रगनी चण्डेश्वरी क्याम्पसका नाममा ३ रोपनी जग्गा खरिद गरी रजिस्ट्रेसन गरिदिएको थियो । खिजीदेम्बा गाउँपालिकाबाट नियमित रूपमा रगनी चण्डेश्वरी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि तथा भौतिक विकासका लागि विनियोजित आव. २०७५/७६ को वार्षिक बजेटबाट रु. १०,००,०००/– (अक्षरेपि दस लाख मात्र) र आव. २०७६/७७ को वार्षिक बजेटबाट क्याम्पसले आफूलाई आवश्यक पर्ने फर्निचर, ICT का सामग्रीहरू र अन्य अफिसियल प्रयोजनका लागि उपयोगी सामग्रीहरूको व्यवस्थापन गर्न सक्षम भएको छ । यस आव. २०७७/७८ को वार्षिक बजेटबाट रगनी चण्डेश्वरी क्याम्पसका लागि जग्गा खरिद गर्नका रु. १०,००,०००/– (अक्षरेपि दस लाख मात्र) विनियोजन गरिएको र उक्त रकमबाट यस रगनी चण्डेश्वरी क्याम्पसको नाममा १२–५–०–० क्षेत्रफल भएको जग्गा खरिद गरिएको थियो । आव. २०७८ / ०७९ मा गापा अनुदानबाट प्राप्त रकम रु १० लाख बाट फर्निचर र ICT का सामानहरू निर्माण र खरिद गरिएको थियो ।

आव. २०७८ / ०७९ मा विश्वविद्यालय अनुदान आयोगबाट भवन निर्माणका लागि प्राप्त भएको रकम रु ५० लाख र रगनी चण्डेश्वरी क्याम्पसको आफ्नै स्रोतबाट व्यहोरी रु ७०,१६,५५८ (अक्षरेपि सत्तरी लाख सोह्र हजार पाँच सय अन्ठाउन्न) को लागतमा तीनकोठे पक्की भवन निर्माण कार्य सम्पन्न गरियो । उक्त तीनकोठे पक्की भवनमा तला थपी ६ कोठे पक्की भवन बनाउन २०७९ पौषमा विश्वविद्यालय अनुदान आयोगमा प्रस्ताव गरिएकोमा पुनः विश्वविद्यालय अनुदान आयोगले २०८०/०८१ को बजेटबाट रगनी चण्डेश्वरी क्याम्पसलाई रु ५०,००००० (अक्षरेपि पचास लाख) अनुदान विनियोजन गरेसँगै रगनी चण्डेश्वरी क्याम्पसको आफ्नै ६ कोठे पक्की भवन निर्माण भएको छ । यस कार्यका लागि रगनी चण्डेश्वरी क्याम्पस परिवार विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक आभार व्यक्त गर्दछौं । शिक्षाशास्त्र संकायअन्तर्गत गणित, नेपाली, जनसंख्या र अंग्रेजी विषयहरू विशिष्टीकरण विषयका रूपमा अध्यापन हुने यस क्याम्पसमा विषयगत रूपमा दक्ष शिक्षकहरूको व्यवस्था गरिएको छ । शैक्षिक सत्र २०७६/०७७ मा १०५ जना विद्यार्थीहरू, २०७७/०७८ मा १४३ जना, २०७८/०७९ मा १७३ जना, २०७९/०८० मा १४१, २०८०/८१ मा १८५ र हाल २०८१/०८२ मा २०१ जना विद्यार्थीहरू भर्ना भई अध्ययनका लागि भर्ना भए तापनि भौगोलिक

विकटता, यातायातको असुविधा, गरिबी आदि कारणले सबैलाई क्याम्पसमा नियमित गराउन भने सकिएको छैन। स्थापनाकाल २०७० देखि हालसम्म यस क्याम्पसबाट त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले सञ्चालन गरेको परीक्षामा सहभागी विद्यार्थीहरूले राम्रो नतिजा निकाल्न सफल भएका छन्।

क्याम्पसको प्रमुख आम्दानीको आन्तरिक स्रोत विद्यार्थीहरूबाट उठ्ने शुल्क नै रहेको छ। यसबाहेक विश्वविद्यालय अनुदान आयोग (UGC) बाट प्राप्त अनुदान प्रदेश सरकार शिक्षा विकास निर्देशनालय कोशी प्रदेश धनकुटाबाट प्राप्त हुने प्रस्तावमा आधारित अनुदान नै रहेको छ। आर्थिक आय–व्ययको नियमित लेखापरीक्षण गराइरहेको र सोको प्रतिवेदनमा लेखा परीक्षकले कुनै त्रुटि नपाएका कारण यस क्याम्पसको लेखा व्यवस्थापन चुस्तदुरुस्त रहेको देखिन्छ। शिक्षा र समाजको घनिष्ट सम्बन्ध हुने हुँदा समाजको उन्नति, प्रगति र विकासका लागि अन्य संघसंस्थाले जस्तै रगनी चण्डेश्वरी क्याम्पसले पनि आफ्नो भूमिका निर्वाह गरिरहेको छ। बिश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस (COVID–१९ ) को महामारीबाट समाजलाई बचाउन यहाँका शिक्षक, विद्यार्थी, कर्मचारीहरूले समाजमा जनचेतना जगाउने कार्यमा सहभागी हुनु, विपन्न विद्यार्थीहरूलाई आफूले सकेको छात्रवृत्ति उपलब्ध गराउनु, विभिन्न संघसंस्था र दाता निकायहरूसँग समन्वय गरी विद्यार्थीहरूलाई सहयोग उपलब्ध गराउने कार्यसमेत क्याम्पसले गरेको छ। न्यून आम्दानीको स्रोत, आफ्नो भवन नहुनु, व्यवस्थित पुस्तकालयको अभाव, आधुनिक शैक्षिक सामग्रीको अभाव आदिलाई चुनौतीका रूपमा लिएको यस रगनी चण्डेश्वरी क्याम्पसले बिभिन्न संघसंस्थाबाट प्राप्त अनुदान, स्थानीय तहको सहयोग र सद्भावलाई सदुपयोग र परिचालन गर्दै अगाडि बढ्ने प्रयत्न गरिरहनेछ।

यस क्याम्पसले निरन्तर रूपमा क्याम्पस सभाको आयोजना गरेर आफ्ना गतिविधिहरू सार्वजनिक गर्दै आएको छ। अभिभावकहरू, लेखा परीक्षण प्रतिवेदन, क्याम्पस सभा, विद्यार्थीहरू, स्थानीय निकाय, बुद्धिजीवीहरू र शिक्षाप्रेमीहरूबाट प्राप्त सुझावहरू ग्रहण गर्दै समयको मागअनुसार क्याम्पस अघि बढ्न सदैव प्रतिबद्ध छ। अन्त्यमा, सरोकारवाला पक्षहरूसँगको सम्बन्ध थप सुदृढ पार्दै विगतदेखि वर्तमानसम्म यस क्याम्पसले प्राप्त गरेका उपलब्धिहरूको रक्षा गर्नुको साथै आगामी दिनहरूमा शैक्षिक गुणस्तर अभिवृद्धिका साथै व्यवसायी तथा प्राविधिक शैक्षिक कार्यक्रमहरू थप गर्ने लक्ष्य लिएको छ। समुदायको साथ र सहयोग प्राप्त गर्न सफल भएमा समुदाय र क्याम्पस दुवैको भविष्य उज्ज्वल हुनेमा हामी प्रतिबद्ध छौं।

## पृष्ठभूमि (Background)

रगनी चण्डेश्वरी क्याम्पस नेपालको संविधान २०७२ ले जारी गरेको प्रादेशिक विभाजनअनुसार कोशी प्रदेश ओखलढुङ्गा जिल्ला खिजीदेम्बा गापा वडा नं. २ रगनी पोल्थलीमा रहेको छ। तत्कालीन श्री चण्डेश्वरी उच्च माध्यमिक विद्यालय रगनीको आर्थिक, भौतिक तथा शैक्षिक सहयोगमा स्थापित रगनी चण्डेश्वरी क्याम्पस ओखलढुङ्गा सदरमुकामबाट १६ कोष उत्तर–पश्चिम भागमा र राजधानी काठमाडौंबाट झन्डै २५० किमि पूर्वमा रहेको छ। यस क्याम्पसको स्थापना गर्न श्री चण्डेश्वरी उच्च माध्यमिक विद्यालय रगनी, तत्कालीन रगनी गाविस, गाविसका राजनीतिक दलहरू, शिक्षक, बुद्धिजीवी र सम्पूर्ण जनसमुदायहरूको योगदान अविस्मरणीय रहेको छ।

विसं. २०६७/२०६८ देखि विभिन्न प्रक्रियागत चरणहरू पार गरी २०७० साल पौष १७ गतेको त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालय योजना महाशाखाको स्वीकृति पत्रको सर्तमा रही शिक्षाशास्त्र संकायअन्तर्गत ३ वर्षे बीएड कार्यक्रममा नेपाली, अंग्रेजी, गणित र जनसंख्या शिक्षा विशिष्टीकरण विषय अध्यापन गर्ने गरी सम्बन्धन प्राप्त भएपछि

शैक्षिक सत्र २०७० / ०७१ देखि कक्षा सञ्चालन सुरु भएको थियो। हाल यस क्याम्पसमा शैक्षिक सत्र २०७२/०७३ देखि चारवर्षे बीएड कार्यक्रम सञ्चालन भइरहेको छ। यस रगनी चण्डेश्वरी क्याम्पसले लिखु खोला आसपासलाई आफ्नो जन्मथलो र कर्मथलो बनाई बसेका जनसमुदायहरूको उच्च शिक्षा लिने चाहनालाई पूरा गर्दै आएको छ। सबै संघसंस्था, निकायहरूको अनुदान नै दूरदराजमा स्थापित हाम्रोजस्तो पब्लिक क्याम्पसहरूको आधारस्तम्भ हुने कुरामा हामी आशावादी छौं र धन्यवाद टक्र्याउछौं।

## १. Academic Progress

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी समुदायिक क्याम्पसका रूपमा सञ्चालित रगनी चण्डेश्वरी क्याम्पस खिजीदेम्बा–२ रगनीमा शिक्षाशास्त्र संकायअन्तर्गत चारवर्षे स्नातक तह कार्यक्रममा अंग्रेजी, गणित, नेपाली र जनसंख्या शिक्षा विशिष्टीकरण विषयका रूपमा पठनपाठन भइरहेको छ। भर्ना दरमा सालैपिच्छे वृद्धि, परीक्षामा सामेल विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत बढ्नु, समुदायका विभिन्न संघसंस्थाहरूले उच्च सम्मानको व्यवहार गर्नु, समुदायमा उच्च शिक्षा दिने संस्थाहरूमा गनिनुलाई यस क्याम्पसको प्रगति मान्नु पर्दछ। भौतिक, आर्थिक, शैक्षिक समस्यासँग जुध्दै यस क्याम्पसबाट हालसम्म ५३ जनाले स्नातक तह पास गरेका छन्। यस कार्यले राष्ट्रिय जनशक्ति निर्माणमा योगदान पुऱ्याएको मान्नु पर्दछ। यस क्याम्पसको समग्र शैक्षिक प्रगतिलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### १.१. Enrolment trend Analysis of the last three years

यस रगनी चण्डेश्वरी क्याम्पसमा चारवर्षे स्नातक तहमा शिक्षाशास्त्र संकायअन्तर्गत विशिष्टीकरण विषयहरू अंग्रेजी, गणित, नेपाली र जनसंख्या विषयहरूको नियमित पठनपाठन भइरहेको छ। शैक्षिक वर्ष २०७९ /०८०, शैक्षिक वर्ष २०८०/०८१ र शैक्षिक वर्ष २०८१ /०८२ मा यस क्याम्पसको विद्यार्थीको भर्ना विवरण निम्न तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं १**

**गत तीन शैक्षिक वर्षको विद्यार्थी भर्ना विवरण**

| शैक्षिक वर्ष | | विद्यार्थी भर्ना विवरण | | | | | | | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्य | | | जनजाती | | | दलित | | | जम्मा | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७९/०८० | प्रथम | ८ | ९ | १७ | ९ | १३ | २२ | - | - | - | १७ | २२ | ३९ |
| | दोस्रो | ५ | ३ | ८ | ११ | ३१ | ४२ | १ | - | १ | १७ | ३४ | ५१ |
| | तेस्रो | २ | ८ | १० | ५ | १९ | २४ | १ | - | १ | ८ | २७ | ३५ |
| | चौथो | १ | २ | ३ | २ | ७ | ९ | १ | - | १ | ४ | ९ | १३ |
| | **जम्मा** | **१६** | **२२** | **३८** | **२७** | **७०** | **९७** | **३** | **-** | **३** | **४८** | **९२** | **१४०** |
| २०८०/०८१ | प्रथम | ६ | ७ | १३ | १२ | १८ | ३० | १ | १ | २ | १९ | २६ | ४५ |
| | दोस्रो | ८ | ९ | १७ | ९ | १३ | २२ | - | - | - | १७ | २२ | ३९ |
| | दोस्रो | १ | १ | २ | १८ | १६ | ३४ | - | १ | १ | १९ | १८ | ३७ |

| शैक्षिक वर्ष | | विद्यार्थी भर्ना विवरण | | | | | | | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्य | | | जनजाती | | | दलित | | | जम्मा | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०८०/०८१ | तेस्रो | ५ | ३ | ८ | ३ | २१ | २४ | - | - | - | ८ | २४ | ३२ |
| | चौथो | २ | ७ | ९ | ५ | १९ | २४ | - | - | - | ७ | २६ | ३३ |
| | **जम्मा** | **२२** | **२७** | **३९** | **४७** | **८७** | **१३४** | **१** | **२** | **३** | **७०** | **११६** | **१८६** |
| २०८१/०८२ | प्रथम | ५ | ४ | ९ | १२ | २५ | ३७ | | | | १७ | २९ | ४६ |
| | प्रथम | ५ | ४ | ९ | १२ | २६ | ३८ | १ | १ | २ | १८ | ३१ | ४९ |
| | दोस्रो | ९ | ९ | १८ | ९ | १३ | २२ | - | | | १८ | २२ | ४० |
| | तेस्रो | १ | १ | २ | १५ | १७ | ३२ | - | - | - | १६ | १८ | ३४ |
| | चौथो | ६ | २ | ८ | ३ | २१ | २४ | - | - | - | ९ | २३ | ३२ |
| | **जम्मा** | **२६** | **२०** | **४६** | **५१** | **१०२** | **१५३** | **१** | **१** | **२** | **७८** | **१२३** | **२०१** |

*श्रोतः क्याम्पसको अभिलेख*

तालिका नं १ हेर्दा शैक्षिक सत्र २०७९/०८० मा छात्र ४८ र छात्रा ९२ गरी जम्मा १४० विद्यार्थी भर्ना भएका छन्। शैक्षिक सत्र २०८०/०८१ मा छात्र ७० र छात्रा ११६ गरी कुल १८६ विद्यार्थी भर्ना भएका छन्। त्यसैगरी शैक्षिक सत्र २०८१/०८२ मा छात्र ७८ र छात्रा १२३ गरी जम्मा २०१ जना विद्यार्थीहरू भर्ना भएका छन्। हरेक साल विद्यार्थीहरूको भर्ना दर बढ्दै गइरहेकाले क्याम्पसको आवश्यकता बढ्दै गएको मान्न सकिन्छ। क्याम्पसमा इन्टरनेटको समस्या भएकाले अनलाइन कक्षा पनि सञ्चालन नभएको हुँदा विद्यार्थीहरूमा सिकाइमा अवरोध आएको छ। हाल क्याम्पसका कक्षाहरू नियमित रूपमा सञ्चालन भइरहेका छन्।

### १.२. Pass rate trend Analysis of the last three years

३ शैक्षिक वर्षमा विद्यार्थीहरूको उत्तीर्ण दर कस्तो रह्यो भनी हेर्न प्रत्येक शैक्षिक वर्ष र तहमा परीक्षामा सम्मिलित विद्यार्थीहरूको संख्या र उत्तीर्ण विद्यार्थीहरूको संख्या नै हेर्न उपयुक्त देखिन्छ, किनकि भर्ना भएका सबै विद्यार्थीहरूले परीक्षा आवेदन नभर्ने, परीक्षा आवेदन भरेका सबै परीक्षा दिन नजाने र परीक्षा आवेदन फारम नियमित र आंशिक दुवैको सँगै भर्ने र सिम्बोल नम्बर क्रमसँगै हुने हुनाले परीक्षामा सम्मिलितहरूको उत्तीर्ण दर हेर्न उपयुक्त ठानेका छौं। रगनी चण्डेश्वरी क्याम्पसबाट परीक्षामा सम्मिलित विद्यार्थीहरू र उत्तीर्ण दर निम्नअनुसार रह्यो।

| शैक्षिक वर्ष | कक्षा | सहभागी विद्यार्थी | उत्तीर्ण |
|---|---|---|---|
| २०७८/०७९ | बीएड प्रथम वर्ष (चारवर्षे) | ५१ | २६ |
| | बीएड दोस्रो वर्ष (चारवर्षे) | ३५ | ३४ |
| | बीएड तेस्रो वर्ष (चारवर्षे) | १३ | १० |
| | बीएड चौथो वर्ष (चारवर्षे) | २३ | १० |
| २०७९/०८० | बीएड प्रथम वर्ष (चारवर्षे) | ३९ | २६ |
| | बीएड दोस्रो वर्ष (चारवर्षे) | ३४ | ८ |
| | बीएड तेस्रो वर्ष (चारवर्षे) | ३३ | २१ |

| | | | |
|---|---|---|---|
| २०७९/०८० | बीएड चौथो वर्ष (चारवर्षे) | १० | १ |
| २०८०/०८१ | बीएड प्रथम वर्ष (चारवर्षे) | ४६ | फर्म भरेको, परीक्षा नभएको |
| | बीएड दोस्रो वर्ष (चारवर्षे) | ३८ | फर्म भरेको, परीक्षा नभएको |
| | बीएड तेस्रो वर्ष (चारवर्षे) | ३२ | रिजल्ट नभएको |
| | बीएड चौथो वर्ष (चारवर्षे) | ३३ | रिजल्ट नभएको |

*स्रोत– क्याम्पसको अभिलेख*

शैक्षिक सत्र २०७८/०७९ मा प्रथम वर्षमा ५१ जना परीक्षार्थी सहभागी भएकामा २६ जना, द्वितीय वर्षमा ३५ जना सहभागी भएकामा ३४ जना उत्तीर्ण भएका छन् । तृतीय वर्षमा १३ जना सहभागी भई १० जना उत्तीर्ण र चौथो वर्षमा २३ जना सहभागी भई १० जना उत्तीर्ण भएका छन् ।

शैक्षिक सत्र २०७९/८० मा प्रथम वर्षमा ३९ जना सहभागी भएकामा २६ जना, द्वितीय वर्षमा ३४ जना परीक्षार्थी सहभागी भएकामा ८ जना, तृतीय वर्षमा ३३ जना विद्यार्थी सहभागी भएकामा २१ जना र चौथो वर्षका १० जना परीक्षार्थीहरू सहभागी भई १ जना उत्तीर्ण भएका छन् ।

शैक्षिक सत्र २०८०/८१ मा प्रथम वर्षमा ४६ जना र दोस्रो वर्षमा ३८ जना विद्यार्थीहरूले परीक्षा फाराम भरिसके तापनि यस शैक्षिक वर्षमा उक्त विद्यार्थीहरूको परीक्षा भएको छैन । तेस्रो वर्षमा ३२ जना सहभागी भएकोमा रिजल्ट नभएको र चौथो वर्षमा ३३ जना विद्यार्थी परीक्षामा सहभागी भएको र रिजल्ट नभएको ।

## १.३. Graduate trend Analysis of the last three years

रगनी चण्डेश्वरी क्याम्पस खिजीदेम्बा–२ ओखलढुङ्गाको स्नातक तह चारवर्षे बीएड कार्यक्रमअन्तर्गत पछिल्लो ३ शैक्षिक वर्षको उत्तीर्ण गर्ने विद्यार्थीहरूको विषयगत र लैंगिक उत्तीर्ण दर तालिका ३ मा उल्लेख छ ।

**तालिका ३**

| साल | जनसंख्या | | | अंग्रेजी | | | गणित | | | नेपाली | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७८ | – | २ | २ | १ | – | १ | १ | – | १ | – | – | – | २ | २ | ४ |
| २०७९ | – | २ | २ | – | २ | २ | २ | – | २ | – | – | – | २ | ४ | ६ |
| २०८० | – | ३ | ३ | – | २ | २ | १ | – | १ | – | – | – | १ | ५ | ६ |
| **जम्मा** | **–** | **७** | **७** | **१** | **४** | **५** | **४** | **–** | **४** | **–** | **–** | **–** | **५** | **११** | **१६** |

## १.४. Programs

रगनी चण्डेश्वरी क्याम्पसको स्थापन यस भेगमा रहेको तालिम प्राप्त शैक्षिक जनशक्तिको अभाव, उच्च शैक्षिक संस्थाको अभाव, प्रोपाइटर श्री चण्डेश्वरी उमाविमा रहेको विद्यमान जनशक्ति आदिलाई मध्यनजर गरेर नै "शिक्षा विषय" को क्याम्पस खोल्ने निर्णय भएको थियो । २०६७ साल फागुन महिनामा चण्डेश्वरी माध्यमिक विद्यालय रगनीको पहलमा बसेको भेलाको निर्णय र त्रिवि कार्यकारी परिषद् २०७०/०७/०८ को निर्णयअनुसार शिक्षा शाखा संकायअन्तर्गत

तीनवर्षे बीएडमा नेपाली अंग्रेजी, गणित र जनसंख्या शिक्षा विषयमा अध्यापन गर्ने गरी स्थापना भएको थियो। त्रिविले चारवर्षे स्नातकका कार्यक्रमहरू सुरु गरेपछि २०७२ सालदेखि चारवर्षे स्नातक तहका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। चारवर्षे स्नातक कार्यक्रममा पनि पुरानै विषयहरूलाई निरन्तरता दिइरहेको छ।

## १.५. Education Pedagogy

यस क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने हेतुले मुख्यतः निम्नअनुसारका प्रयासहरू अवलम्बन गरिएको छ–

### १.५.१. प्रवेश परीक्षाको व्यवस्था

यस क्याम्पसमा स्नातक तहमा भर्ना हुन चाहने योग्यता पूरा गरेका विद्यार्थीहरूले क्याम्पसद्वारा लिइने प्रवेश परीक्षा उत्तीर्ण गर्नुपर्ने र प्रवेश परीक्षा उत्तीर्ण गरेका विद्यार्थीलाई अन्तर्वार्ता तथा सामूहिक छलफलमा सहभागी गराई योग्यताक्रमका आधारमा भर्ना तथा उत्कृष्ट विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

### १.५.२. आन्तरिक परीक्षाको व्यवस्था

विद्यार्थीको शैक्षिक उन्नति तथा नतिजा सुधार गर्ने उद्देश्यले प्रत्येक शैक्षिक सत्रमा ३० प्रतिशत, ५० प्रतिशत र १०० प्रतिशत अंकका तीनओटा आन्तरिक तथा एकाइ परीक्षा लिई निरन्तर मूल्यांकन गर्ने व्यवस्था मिलाइएको छ। यस कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आन्तरिक परीक्षा समिति गठन गर्नुका साथै विद्यार्थीको नतिजा विश्लेषण गरी आवश्यक पृष्ठपोषण गर्ने व्यवस्था मिलाइएको छ।

### १.५.३. तालिम तथा गोष्ठी

यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूको कार्यदक्षता वृद्धिका लागि क्याम्पसले तालिम तथा गोष्ठी आयोजना गर्नुका साथै अन्य संस्था तथा निकायहरूद्वारा आयोजित तालिम, गोष्ठी, सेमिनार आदिको संग्लग्नतामा जोड दिँदै आएको छ।

### १.५.४. विषयगत विभागहरूको व्यवस्था

यस क्याम्पसको शैक्षिक गतिविधिहरूलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्नका लागि विभिन्न विषयगत विभागहरूको व्यवस्था मिलाई कार्य तथा जिम्मेवारी विभाजन गरिएको छ।

**तालिका ४**

| क्र.स. | विभागको नाम | विभागीय प्रमुख |
|---|---|---|
| १. | व्यवस्थापन विभाग | क्याम्पस प्रमुख–चित्रकुमार पौडेल |
| २. | गणित शिक्षा विभाग | उपप्राध्यापक सन्तबहादुर मगर |
| ३. | अंग्रेजी शिक्षा विभाग | उपप्राध्यापक सुरेन्द्रबहादुर साउद |
| ४. | नेपाली भाषा तथा साहित्य विभाग | उपप्राध्यापक जीवन नेपाल |
| ५. | जनसंख्या शिक्षा विभाग– | सहायक क्याम्पस प्रमुख–शिवबहादुर खड्का |

### १.५.५. विभिन्न एकाइहरूको व्यवस्था

यस क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि क्याम्पसले निम्नअनुसारका एकाइहरूको व्यवस्था गरेको छ–

**तालिका ५**

| क्र. सं. | एकाइ | एकाइ संयोजक |
|---|---|---|
| १ | प्राध्यापक संघ | सहायक क्या.प्र. शिवबहादुर खड्का |
| २ | अतिरिक्त क्रियाकलाप एकाइ | शिक्षक कृष्णबहादुर विष्ट |
| ३ | विद्यार्थी परामर्श एकाइ | उपप्राध्यापक चित्रकुमार पौडेल |
| ४ | सामाजिक सम्बन्ध विकास | उपप्राध्यापक तीर्थशंकर घिमिरे |
| ५ | शैक्षिक व्यवस्थापा तथा सूचना प्रणाली | उपप्राध्यापक डिल्लीप्रसाद घिमिरे |
| ६. | स्वमूल्यांकन समिति | क्याम्पस प्रमुख चित्रकुमार पौडेल |

## २. Physical Development

### २.१ Infrastructural Development

रगनी चण्डेश्वरी क्याम्पसको स्थापना तत्कालीन श्री चण्डेश्वरी उच्च माध्यमिक विद्यालय (हाल चण्डेश्वरी मावि) रगनी पोल्थली ओखलढुङ्गालाई आधार मानी गरिएको थियो। हालसम्म पनि क्याम्पसलाई आवश्यक पर्ने कक्षाकोठाहरू विद्यालयले नै उपलब्ध गराइरहेको छ। श्री चण्डेश्वरी उच्च माध्यमिक विद्यालयले नै क्याम्पसको नाममा ३ रोपनी जग्गा रजिस्ट्रेसन गरिदिएको थियो। यस क्याम्पसको भौतिक पूर्वाधार विकासमा खिजीदेम्बा गापाको योगदान अविस्मरणीय रहेको छ। आव. २०७५/०७६ र २०७६ / ०७७ को वार्षिक वजेट विनियोजन गर्दा रगनी चण्डेश्वरी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि तथा भौतिक विकासमा १०/१० लाख रुपैयाँ विनियोजन गरिदिएको थियो। जुन बजेटबाट क्याम्पसका लागि आवश्यक पर्ने फर्निचरहरू निर्माण गर्न र शिक्षक तलबभत्तामा खर्च गर्न सहज भएको थियो। पुनः आव. २०७७/०७८ को वजेट विनियोजन गर्दा रगनी चण्डेश्वरी क्याम्पसलाई भवन निर्माण गर्न उपयोग हुने जग्गा खरिद गर्न रु. १० लाख विनियोजन गरिदिँदा क्याम्पसको नाममा १२–५–०–० क्षेत्रफल भएको जग्गा खरिद गरिसकिएको छ। आव. २०७८/०७९ मा विश्वविद्यालय अनुदान आयोगले तीनकोठे भवन निर्माणका लागि रु. ५००००००/– अनुदान दिएको हुँदा क्याम्पसको आन्तरिक स्रोतसमेत परिचालन गरी रु. ७० लाख १६ हजार ५ सयमा तीन कोठे पक्की भवन निर्माण गरियो उक्त अधुरो भवनलाई तला थपी पूर्ण गराउन विश्वविद्यालय अनुदान आयोगले आव. २०७९/०८० को बजेट विनियोजन गर्दा रगनी चण्डेश्वरी क्याम्पसलाई रु ५०,००००० विनियोजन गरिदिँदा तला थप्ने कार्य पूर्ण रूपमा सम्पन्न भई हाल ६ कोठे पक्की भवन क्याम्पससँग छ तर त्यसले मात्र नपुग्ने हुनाले आफ्नो भवनमा सरी कक्षा सञ्चालन गर्ने कार्य भएको छैन। आजसम्म रगनी चण्डेश्वरी क्याम्पसको भौतिक, आर्थिक, शैक्षिकलगायत अन्य पक्षको विकासमा सहयोग पुऱ्याउनु हुने विश्वविद्यालय अनुदान आयोग (UGC), प्रदेश सरकार शिक्षा विकास निर्देशनालय धनकुटा, खिजीदेम्बा गाउँपालिका रेस्क्यु नेपाललगायतका संघसंस्थाहरूको सहयोगको उच्च मूल्यांकन गर्दै धन्यवाद ज्ञापन गरिन्छ।

२०८१ सालसम्म आइपुग्दा यस क्याम्पसको भौतिक सम्पत्तिको विवरण यस प्रकार रहेको छ –

**क. जग्गा:–** यस क्याम्पसको नाममा १५ रोपनी ५ आना जग्गा रहेको छ ।

**ख. क्याम्पस भवन:–** श्री चण्डेश्वरी माध्यमिक विद्यालयमा पूर्ण रूपमा आश्रित यस क्याम्पसको UGC ले दिएको अनुदान रु. १०००००००/–(अक्षेरपि एक करोड) र बाँकी आफ्नै स्रोतबाट निर्माण गरिएको ६ कोठे पक्की भवन रहेको छ ।

## २.२ Educational Aids

विद्यार्थीहरूको दैनिक पठनपाठन र अध्ययनका लागि आवश्यक स्रोत सामग्रीको आवश्यकता पर्दछ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन विषय सुहाउँदा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्न क्याम्पसले प्रयत्न गरेको छ । तापनि पर्याप्त छैनन् । आर्थिक अभावका कारण पर्याप्त सामग्री व्यवस्थापन गर्न नसकिए तापनि निम्न प्रयत्न भएका छन्–

### २.२.१. ICT का सामग्रीहरू

ICT को ल्याब नभए पनि विद्यार्थीहरूलाई आधुनिक प्रविधिसँग परिचित गराउन र अफिसियल प्रयोजनका लागि निम्न सामग्रीहरू रहेका छन्–

**तालिका ६**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | ल्यापटप | ३ |
| २ | डेस्कटप कम्प्युटर | ७ |
| ३ | प्रोजेक्टर | २ |
| ४ | प्रिन्टर | २ |

*स्रोत– क्याम्पसको अभिलेख*

### २.२.२ Books and Reference Material

विद्यार्थीहरूको स्वाध्ययन गर्ने बानीको विकास गराउनका साथै पठनपाठन कार्यलाई सहज बनाउनका लागि चारवटै विशिष्टीकरण विषयका अतिरिक्त अन्य अनिवार्य विषयका विभिन्न लेखकका किताबहरू, अन्य सहायक सामग्रीहरू प्रयोगमा ल्याए पनि प्रशस्त किताबहरू र सामग्री भएको पुस्तकालय छैन । पत्रपत्रिका र सञ्चारका अन्य साधनहरू पहुँचमा नभएरै व्यवस्था गर्न सकिएको छैन ।

### २.२.३. Furniture

स्थापना काल २०७० देखि नै पूर्णरूपमा श्री चण्डेश्वरी उच्च माध्यमिक विद्यालय रगनी पोल्थलीको भौतिक पूर्वाधारमा चलेको यस क्याम्पसलाई पहिलोचोटि २०७४ सालमा रेस्क्यु नेपालले क्याम्पसको अफिसलाई व्यवस्थित गर्न दराज

र केही कुर्सी उपलब्ध गराएर सुरु भएको कार्यक्रमलाई खिजीदेम्बा गापाले आव. २०७५/०७६ को बजेटबाट रु. १०,००००० –अक्षेरेपि दस लाख मात्र), २०७६/०७७ को बजेटबाट रु. १०,००,०००/– (अक्षेरुपी दस लाख मात्र) र आव. २०७८/०७९ को बजेटबाट १० लाख विनियोजन गरिदिएपछि खरिद गरिएका फर्निचरहरूको विवरण निम्नअनुसार रहेको छ । गाउँपालिकाले विनियोजन गरेका रकमले फर्निचरबाहेक केही रकम शिक्षक तलबभत्तामा खर्च गरिएको छ ।

**तालिका ७**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | अफिस टेबल हेभी | ६ |
| २ | रिवलिङ चियर | २ |
| ३ | मिटिङ टेबल | १ |
| ४ | कुसान कुर्सी | १० |
| ५ | स्टुडेन्ट चियर | ८३ |
| ६ | सोफा सेट | २ |
| ७ | कार्पेट | ५३ मि. |
| ८ | पर्दा | १२ |
| ९ | दराज | ५ |
| १० | बुक–र्‍याक | २ |
| ११ | प्लास्टिक कुर्सी | ५० |
| १२ | रोस्टम | ६ |
| १३ | ह्वाइटबोर्ड | ५ |
| १४ | डेक्स–बेन्च | ७० जोर |

*स्रोत– क्याम्पसको अभिलेख*

## ३. Financial Progress

### ३.१. Analysis of Financial Resorce / income of the last three years

क्याम्पस स्थापना गर्न आवश्यक धरौटी रकमसमेत जम्मा गरिदिएको श्री चण्डेश्वरी उच्च माविको पहलकदमीबाट सुरु भई सञ्चालन भई रहेको रगनी चण्डेश्वरी क्याम्पसको मुख्य आर्थिक स्रोत भनेको विद्यार्थीहरूबाट उठ्ने शुल्क नै हो । विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान, प्रदेश सरकारको प्रस्तावमा आधारित अनुदान रकम क्याम्पस सञ्चालनको प्रमुख स्रोत मानिन्छ ।

यस रगनी चण्डेश्वरी क्याम्पसको गत तीन वर्षको आय विवरण यस प्रकार छ–

**तालिका ८**

| क्र.सं. | आम्दानी शीर्षक | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|
| १ | भर्ना शुल्क | २४०७५०/– | २४५२५०/– | विद्यार्थीहरूबाट प्राप्त विभिन्न शीर्षकअन्तर्गतको एकमुष्ट शुल्क रु. ९२७८००/– |
| २ | त्रिवि दर्ता शुल्क | ५३५००/– | ५४५००/– | |
| ३ | मासिक शुल्क | ४३१४००/– | ३७२६००/– | |
| ४ | पुस्तकालय शुल्क | ७४९००/– | ७६३००/– | |
| ५ | युनियन शुल्क | १६०५०/– | १६०५०/– | |
| ६ | विद्यार्थी कल्याण शुल्क | २१४००/– | २१८००/– | |
| ७ | क्याम्पस विकास शुल्क | ५३५००/– | ५४५००/– | |
| ८ | खेलकुद शुल्क | १०७००/– | ११९००/– | |
| ९ | विविध शुल्क | ५३५००/– | ५३५००/– | |
| १० | परीक्षा शुल्क | ८४७००/– | ९७३००/– | |
| ११ | प्रयोगात्मक परीक्षा शुल्क | ४४०००/– | ३७०००/– | |
| १२ | अभ्यास शिक्षण शुल्क | ७२०००/– | ४००००/– | |
| १३ | आंशिक परीक्षा शुल्क | १७५००/– | २५२००/– | |
| १४ | प्रमाणपत्र शुल्क | ३०००/– | १८०००/– | १५०००/– |
| १५ | बैंक ब्याज प्राप्त | १५३११८.७०/– | ६७२९९.७७/– | |
| १६ | शिक्षा विकास निर्देशानलय धनकुटाबाट प्राप्त | – | ५०००००/– | |
| १७ | UGC बाट प्राप्त नियमित अनुदान | १३६००००/– | १५८२०००/– | १२६००००/– |
| १८ | राबा. बैंकको मुद्दतीमा मौज्दात | – | ४७४४९४६.७९/– | |
| १९ | घाँस | १०२२२/– | ४०००/– | ४०००/– |
| २० | गापा अनुदान | – | ९६५९५१/– | |
| २१ | UGC Building First Install | २५०००००/– | २५०००००/– | |
| २२ | UGC Building Second Install | २५०००००/– | – | २५०००००/– |
| २३ | मेगा बैंकको खाताका मौज्दात– | १२०४६९५.९८/– | | |
| | UGC भ्त्रगष्तथ न्चबलतक | | | ८२६०००/– |
| | UGC द्ययप न्चबलत | | | ५०००००/– |
| | कोशी प्रदेशबाट प्राप्त अनुदान | | | ६७५९०७/– |
| २४ | Project Work | ११५००/– | – | – |
| | | **जम्मा** | | ६७०८७०७/– |

*स्रोत– क्याम्पसको अभिलेख*

*नोटः– उक्त आयमध्ये विश्वविद्यालय अनुदान आयोगको रकमसमेत बैंक खातामा भएको रकममा जम्मा गरिएको छ।*

## ३.२. Self Generated Resources / Income

क्याम्पसको भौतिक विकास र शैक्षिक प्रशासनको नियमित सञ्चालनार्थ आवश्यक पर्ने आर्थिक स्रोतको पहिचान र सञ्चालन गर्ने जिम्मेवारी समग्र क्याम्पस परिवारको हो । सो जिम्मेवारी पूरा गर्न यस क्याम्पसले निम्नानुसारको स्रोत पहिचान गरी प्रयोग गरिरहेको छ ।

### ३.२.१ Student Fee

क्याम्पसको प्रमुख आम्दानीको स्रोत भन्नु नै विद्यार्थीले क्याम्पसमा बुझाउने शुल्क हो । यस क्याम्पसले विद्यार्थीहरूबाट निम्नानुसारको शीर्षकमा शुल्क उठाउने गरेको छ ।

**तालिका–९**

| क्र.सं. | शीर्षक | प्रथम वर्ष रु. | दोस्रो वर्ष रु. | तेस्रो वर्ष रु. | चौथो वर्ष रु. |
|---|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | २२५०/– | २२५०/– | २२५०/– | २२५०/– |
| २ | त्रिवि दर्ता शुल्क | ५००/– | ५००/– | ५००/– | ५००/– |
| ३ | शिक्षण मासिक शुल्क | ३००/– | ३००/– | ३००/– | ३००/– |
| ४ | प्रयोगात्मक शुल्क | ५००/– | ५००/– | ५००/– | ५००/– |
| ५ | जरिवाना शुल्क | | | | |
| ६ | पुस्तकालय शुल्क | ७००/– | ७००/– | ७००/– | ७००/– |
| ७ | परीक्षा शुल्क | त्रिविले तोकेबमोजिम | त्रिविले तोकेबमोजिम | त्रिविले तोकेबमोजिम | त्रिविले तोकेबमोजिम |
| ८ | युनियन शुल्क | १५०/– | १५०/– | १५०/– | १५०/– |
| ९ | विद्यार्थी कल्याण शुल्क | २००/– | २००/– | २००/– | २००/– |
| १० | क्याम्पस विकास शुल्क | ५००/– | ५००/– | ५००/– | ५००/– |
| ११ | प्रमाणपत्र शुल्क | ३०००/– | ३०००/– | ३०००/– | ३०००/– |
| १२ | आवेदन फाराम शुल्क | १००/– | १००/– | १००/– | १००/– |
| १३ | परिचयपत्र शुल्क | | | | |
| १४ | खेलकुद | १००/– | १००/– | १००/– | १००/– |
| १५ | अन्य | | | | |
| | क) विविध | ५००/– | ५००/– | ५००/– | ५००/– |
| | ख) | | | | |
| | | | | | |

*(उल्लेखित निकायहरूबाट कुनै पनि आर्थिक सहयोग नभएको व्यहोरा अनुरोध छ ।)*

### ३.२.२ Other's

विद्यार्थी शुल्कबाहेक यस क्याम्पसको आर्थिक स्रोतको रूपमा निम्नानुसारका निकायहरू रहेका छन्–

(क) वडा कार्यालयको अनुदान (ख) गाउँपालिकाको अनुदान

ग) क्याम्पस सदस्यता शुल्कबापतको रकम घ) अन्य

### ३.२.३ Grants From Government Source

पब्लिक क्याम्पसको रूपमा त्रिविबाट सम्बन्धन प्राप्त गरी सञ्चालित यस क्याम्पसलाई सरकारी निकायबाट नियमित अनुदान प्रदान गर्ने कार्य नभए तापनि आव. २०७६/०७७ मा प्रदेश सरकारको शिक्षा विकास निर्देशानलय धनकुटाबाट भौतिक पूर्वाधार विकासका लागि रु. ५०००००र आव. २०७९/०८० मा सञ्चालन अनुदानका लागि रु. ५००००० प्राप्त भएको छ।

### ३.२.४ UGC

विश्वविद्यालय अनुदान आयोग (UGC) ले यसअघि दिएको अनुदानको तालिका निम्नानुसार रहेको छ–

**तालिका १०**

| क्र.सं. | विवरण | अनुदान प्राप्त रकम रु. |
|---|---|---|
| १ | शैक्षिक वर्ष २०७४/०७५ | ३५००००/– |
| २ | शैक्षिक वर्ष २०७५/०७६ | ७५१८२५/– |
| ३ | शैक्षिक वर्ष २०७६/०७७ | ७२००००/– |
| ४ | शैक्षिक वर्ष २०७७/०७८ | ९०००००/– |
